'समृद्ध तुलसीपुरः सबैका लागि, सँधैका लागि'

# आवधिक/रणनीतिक योजना

## (२०७६/०७७-०८१/०८२)

## तुलसीपुरउपमहानगरपालिका
## दाङ

# परिच्छेद १ : प्रारम्भिक

## १.१ पृष्ठभूमी

नेपाल संघिय शासन प्रणालिमा प्रवेश गरेको छ । नेपालको संविधानले संघ,प्रदेश र स्थानीय गरि तिन तहको सरकार को व्यवस्था गरे अनुरुप स्थानिय सरकारका रुपमा गाउँपालिका र नगरपालिकालाई उल्लेख गरेको छ । संविधान को अनुसुचि ८ ले स्थानिय तहको अधिकारको सुचि मा स्थानिय स्तरका विकासयोजना तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । त्यसै गरि स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले स्थानीय स्तरको विकासकालागि आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ साथै स्थानिय तहले यस्ता प्रकारका योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिई आवधिक तथा बार्षिक योजना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ उपमहानगरपालिकाले आफ्नो अधिकारक्षेत्रका विषयमा आफ्नो मापदण्ड तथा कार्यविधि बनाई अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नसक्ने प्रावधान अनुरुप स्थानीय तहको विकास तथा वार्षिक योजना लाई दिशानिर्देश गर्न दिर्घकालिन रणनितिक र आवधिक योजनाको आवश्यकता पर्दछ । सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरि एकीकृत स्वरुपको रणनितिक र आवधिक योजना तर्जुमा गर्ने र सोको आधारमा बार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रियालाइ सुदृढ गर्न यो दिर्घकालिन रणनितिक र आवधिक योजना निर्माण गरिएको छ । परिवर्तनको शिद्धान्त का आधारमा तयार गरिएको यस रणनितिक र आवधिक योजनाले आगामी ५, १० र २० वर्षमा तुल्सीपुर उपमहानगरपालिकालाई कुन दिशामा र कुन अवस्थामा पुऱ्याउने भन्ने लक्ष्य किटान गरी सो लक्ष्य प्राप्तिका नतिजा तथा श्रोत परिचालनको योजना समेत तय गरेको छ । उपमहानगरपालिकाको नतीजामुखी समग्र विकासमा र आगामी वर्षहरूको बार्षिक योजना तर्जुमामा यो दिर्घकालिन रणनितिक र आवधिक योजना महत्वपूर्ण मार्गदर्शक दस्तावेज हुनेछ ।

## १.२ विगतका योजनाको संक्षिप्त समीक्षा

तुलसीपुर उपमहानगरपालिका स्थापना हुनुभन्दा पहिले यो तुलसीपुर नगरपालिकाको रुपमा रहेको थियो । तुलसीपुर नगरपालिका २०४९ सालमा स्थापना भएको थियो । नेपाल संघियतामा प्रवेश गरेसंगै स्थानिय तह पुर्नसंरचना हुदा यो उपमहानगरपालिका मिति २०७३/१/२२ गतेको नेपाल सरकारको मन्त्री परिषदको निर्णय र मिति २०७३/११/२७ मा राजपत्रमा सूचना प्रकाशन भइ स्थापना भएको थियो । यस उपमहानगरपालिका गठन हुदा दाङ जिल्लाको साविकका तुल्सिपुर नगरपालिका, पवननगर, फुलवारी,डुरुवा,मानपुर र विजौरी गाविस मिलाएर तुल्सिपुर उपमहानगरपालिका घोषणा गरे अनुसार यस उपमहानगरपालिका १९ वटा वडा वडामा बिभाजित गरिएको थियो ।

विगतमा गा.वि.स. र नगरपालिका हुदा यहा  दिर्घकालिन रणनितिक र आवधिक योजना तयार गरि कार्यान्वयन गर्ने गरेको पाइदैन । दिर्घकालिन रणनितिक र आवधिक योजना निर्माण गरि त्यसको दिशानिर्देश विना स्थानिय स्तरको बार्षिक बजेट तथा योजना तर्जुमा प्रक्रियालाई आधार मानेर योजना निर्माण र कार्यान्वयन गरेको देखिन्छ। विगतमा स्थानीय स्तरका सम्भावना,समस्या तथा विकासका महत्वपूर्ण सवालहरुलाइ सम्वोधन गरि स्पष्ट  दीर्घकालिन सोच र उद्धेश्यबाट अभिप्रेरित भइ योजना तर्जुमा तथा कार्यान्वयन भएको देखिदैन । अत्यन्तै कम समय सिमामा चालु आ.व.को वार्षिक योजना मात्र  तर्जुमा गरी लागू गरिएको पाईन्छ । भने व्यवस्थित अभिलेखको समेत कमी रहेको देखिन्छ । यद्यपी विकासका लागि प्रयत्न र  उपलब्धि नभएका होइनन् ।

## १.३ कानुनी तथा नीतिगत ब्यवस्था

नेपालको संविधानमा  मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा  अनुसुची ८ मा स्थानीय तहलाई २२ वटा एकल अधिकारको ब्यवस्था  छ। त्यसैगरी अनुसुची ९ मा स्थानीय तह, प्रदेश र संघको १५ वटा साझा अधिकार सम्बन्धि व्यवस्था छ। जस अनुसार संघ को अधिकार क्षेत्रमा सञ्चालन हुने क्रियाकलाप बाहेकका अधिकांश विषय क्षेत्रमा स्थानीय तहले ऐन, नियम तथा कार्यविधि बनाई लागू गर्ने, स्थानीय विकासका लागि योजना तर्जुमा तथा कार्यान्वयन गर्ने र अनुगमन तथा नियमन गर्ने अधिकार प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँपालिका वा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासकालागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ दफा २४ उपदफा १ मा गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासकालागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने कुरालाई स्पष्ट पारेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गाउँपालिका तथा नगरपालिकाले योजना  तर्जुमा तथा कार्यान्वयन गर्दा देहायअनुसार गर्नुपर्ने समेत व्यवस्था गरेको छ।

- नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्ने ।
- योजनाका मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूचीतयार गर्नुपर्ने ।
- योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बृद्धीजिवि, विषयविज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराउनुपर्ने ।

- योजना तर्जुमा गर्दा आयोजनाहरुको संभाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानूमान, आयोजनाको प्राथमिकता निर्धारण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नुपर्ने ।
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिका तथा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नुपर्ने ।
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक नीजि साझेदारीमा संभाव्य आयोजना संचालन तथा व्यवस्थापन गर्ने ।
- संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नुपर्ने ।
- स्थानीयस्तरका विकास आयोजनाहरुको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्ने ।
- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नुपर्ने र आफ्नो बार्षिककार्यक्रम तथा बजेट स्थानीय सरकारको बार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनुपर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनुपर्ने ।
- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र कुनै पनि अन्तरराष्ट्रिय गैर सरकारी संस्थाले स्थानीय तहसँग समन्वयमा कार्य गर्नुपर्ने ।

यस दिर्घकालिन रणनितिक र आवधिक योजना तयार गर्दा संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ का साथै देहायअनुसार कानूनी तथा नीतिगत दस्तावेजहरुलाई आधार लिइएको छ :

- दिगो विकासका लक्ष्यहरू
- पन्ध्रौ योजना
- प्रादेशिक योजना
- विषयगत ऐन तथा नीतिहरू
- नेपाल पक्ष भएका सन्धी सम्झौताहरु
- राष्ट्रिय योजना आयोगबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका
- स्थानिय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ (राष्ट्रिय योजना आयोग

## १.४ संघीय तथा प्रादेशिक आवधिक योजनासंगको सम्बन्ध

यस उपमहानगरपालिकाको दिघृकालिन रणनितिक र आवधिक विकास योजनाको अन्तर सम्वन्ध नेपाल सरकारको "सम्वृद्ध नेपाल नेपाल र सुखी नेपाली " र लुम्वीनी प्रादेश सरकारको "सम्वृद्ध प्रदेश खुसी जनता" को लक्ष संग सम्वन्धित  रहने छ । उपमहानगरपालिका भित्र संचालन गर्न सकिने ठूला आयोजनाहरु उपमहानगरपालिकामा उपलब्ध हुने साधन र श्रोतले नपुग्ने हुदा प्रादेशिक एवं संघीय योजनाको रुपमा लिईएको छ । प्रादेशिक आवधिक विकास योजनाको  लक्ष्य,रणनीति र प्राथमिकता लाइ पनि मध्यनजर गर्दै

यस उपमहानगरपालिकाको दिर्घकालिन रणनितिक र आवधिक विकास योजना तयार गरिएको छ । यस दिर्घकालिन रणनितिक र आवधिक विकास योजनाले ५ वटै विषयगत क्षेत्र को समानुपातिक विकासमा विशेष जोड दिदै सु-शासनको माध्यमबाट सम्वृद्ध नगर निर्माण गर्ने परिकल्पना गरेको छ । साथै यस योजनाले पन्ध्रौ योजना (२०७६/०७७ - ०८०/८१) को निम्न वमोजिमको दिर्घकालिन रणनितिमा योगदान गर्दछ ।

१.तिव्र, दिगो र रोजगारमुलक आर्थिक वृद्धि गर्ने

२. सुलभ तथा गुणस्तरिय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्ने

३. आन्तरिक तथा अन्तरदेशिय अन्तरआवद्धता एवम दिगो शहर वस्ती विकास गर्ने

४. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने

५. पुर्ण,दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने,

६. गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपुर्ण समाज निर्माण गर्ने

७. प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलता विकास गर्ने र

८. सार्वजनिक सेवाको सदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्वर्द्धन गर्ने

त्यसैगरी यस योजनाले लुम्वीनी प्रदेशको प्रथम आवधिक योजना (२०७६/०७७ - ०८०/८१) को निम्न वमोजिमको रणनितिमा पनि योगदान गर्दछ ।

१. कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धि दर वढाउने

२. आवस्यक भौतिक पुर्वाधार निर्माण तथा विस्तार गर्ने

३.गुणस्तरिय शिक्षा र स्वास्थ्य विस्तार गरी मानविय पूँजी निर्माण गर्ने

४.सामाजिक समावेशिता र लैङ्गिक समता प्रवर्द्धन गर्ने

५. प्रभावकारी विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलित विकास गर्ने

६. विधिको शासन कायम गर्दै सुशासन प्रत्याभुति गर्ने

यसका साथै यस दिर्घकालिन रणनितिक र आवधिक विकास योजनाले दिगो विकासका लक्ष्य हासिल गर्ने कममा कृषि तथा पशुपालन क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वरोजगारमा वृद्धि गर्ने, भोकमरी घटाउने कार्यमा योगदान गर्दछ । त्यसै गरि दिर्घकालिन रणनितिक र आवधिक विकास योजनाले न्युन असमानता,समावेशी विकास, लैङ्गिक समानता र सशक्तिकरणमा जोड दिएको छ । यसका अतिरिक्त पुर्वाधार निर्माण ,गुणस्तरिय शिक्षा र स्वास्थ्य, उर्जा, मर्यादित काम, सुरक्षित खानेपानी र सरसफाइका कियाकलापहरुलाई बिशेष प्राथमिकतामा राखेको छ । त्यसै गरि विपद् व्यवस्थापन,जलवायू परिवर्तन र यसको प्रभावलाई न्यून गर्ने क्रियाकलापहरु जस्तैः वन विकास, वन संरक्षण, भू-क्षय नियन्त्रण, पानीको मुँहान संरक्षण एवं मानवजन्य प्रकोप नियन्त्रण गर्ने कियाकलापहरु पनि यस योजनामा समावेश भएका छन ।

## १.५ योजना तर्जुमाको उद्देश्य

तुलसीपुरउपमहानगरपालिकाको समष्टीगत विकासका लागि लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरु पहिचान एवम् परिभाषित मार्गचित्र नै दिर्घकालिन रणनितिक र आवधिक योजना हुन । दिर्घकालिन रणनितिक र आवधिक योजनाले आगामी पाँच, दश र विस बर्षे अवधिका लागि उपमहानगरले चाहेको लक्ष्यमा पुग्न र समावेशीमुलक विकासको गतिलाई अगाडि बढाई **"सम्वृद्ध तुलसीपुर सवैकालागी सधैकालागी"** को निश्चित

गन्तव्यसम्म पुग्न सहयोग पुऱ्याउँछ । उपमहानगरपालिकाको योजनाबद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा नीजि क्षेत्र समेतको सहभागितामा नगरपालिकाको एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै दिर्घकालिन रणनितिक र आवधिक विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो । योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरु निम्न अनुसार छन् ।

- उपमहानगरपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकास मार्फत तुलसीपुरउपमहानगरपालिका लाइ स्मार्ट ,सम्वृद्ध र जिवन्त शहर को रुपमा विकास गर्ने
- उपमहानगरपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासका लागि साझेदार तथा सरोकारवालालाई एकथलोमा राखि विकासमा साझा उत्तरदायित्व सिर्जना गर्ने ।
- उपमहानगरपालिकाको श्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी नगरबासी तथा सरोकारवालाको चाहना तथा सहभागितात्मक छलफलका आधारमा विकासको खाका तयार गर्ने ।
- विकासको दीर्घकालिन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने ।
- विकासका प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने रणनिति,कार्यनीति,नतिजा र प्रमुख कार्यक्रमहरु तय गर्ने ।
- विकासका प्रयासहरुको प्रक्रिया तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका प्रस्तुत गर्ने ।

## १.६. दिर्घकालिन रणनितिक र आवधिक योजना तर्जुमा तथा प्रक्रिया

तुल्सीपुरउपमहानगरपालिकाको दिर्घकालिन रणनितिक रआवधिक योजनातर्जुमा गर्दा देहायको विधि तथा प्रक्रिया अपनाइएको थियो ।

### १.६.१. दिर्घकालिन रणनितिक र आवधिक योजना तयारी कार्यशाला गोष्ठी

तुलसीपुरउपनगरपालिकाको आयोजना मा २०७६ .... गते नगर कार्यपालिकाका पदाधिकारी, विषयगत शाखाका प्रमुख तथा कर्मचारी, नागरिक समाज, गैसस,सहकारी प्रतिनिधि, नीजि क्षेत्रका प्रतिनिधिहरु, महिलासमूहका प्रतिनिधि, बालक्लव तथा संजालका प्रतिनिधि, अपाङ्गता भएका, दलित, आदिवासी जनजाती समुदायका प्रतिनिधिहरुको सहभागितामा दिर्घकालिन रणनितिक र आवधिक विकास योजना तर्जुमाको अवधारणा, महत्व, विधि, प्रक्रिया, समय तालिका, जिम्मेवारी तालिका सम्वन्धमा आवश्यक छलफल तथा निर्णयहरु गरिएको थियो । कार्याशाला गोष्ठीमा तय गरिएको विधि र प्रक्रियाका आधारमा तुलसीपुरनगरपालिकाको दिर्घकालिन रणनितिक र आवधिक विकास योजना तर्जुमा गरिएको छ । उक्त कार्यशालामा विषयगत विज्ञको सहजीकरणमा दीर्घकालिन सोच, नगर विकासको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, संभावना तथा समस्या विश्लेषण, अग्रणी क्षेत्रहरु, योजनाको नतिजा तालिका, नगर विकासका प्रमुख तथा रणनीतिक कार्यहरुको मस्यौदा तयार गरिएको थियो ।

### १.६.२.वस्तुस्थिति विश्लेषण

तुलसीपुरउपमहानगरपालिकाको दिर्घकालिन रणनितिक र आवधिक विकास योजना तर्जुमा गर्न उपमहानगरपालिकाको वस्तुगत विवरण तयार गरिएको थियो । उक्त वस्तुगत विवरण (पार्श्वचित्र)मा नगरपालिकाको भौगोलिक तथा भौतिक अवस्थिति, जनसांखिक, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्थासहित विषयगत वस्तुस्थिति

विवरण समावेश गरिएको छ । राष्ट्रिय जनगणना २०६८ तथा घरधुरी सर्वेक्षण २०७६ लाइ आधार मानि तयार गरीएको वस्तुगत विवरणमा उल्लिखित सूचनालाई दिर्घकालिन रणनितिक र आवधिक योजनाको आधार रेखा सूचनाको रुपमा उपयोग गरिएको छ । दिर्घकालिन रणनितिक रआवधिक योजना तर्जुमाको क्रममा वस्तुगत विवरण लाई प्रस्तुतिकरण तथा छलफल पश्चात थप परिस्कृत गरिएको छ । दिर्घकालिन रणनितिक रआवधिक योजना तर्जुमा प्रक्रियामा वस्तुगत विवरणको विश्लेषण एवं सहभागितामूलक छलफल गरी उपमहानगरपालिकाको वस्तुस्थिति विश्लेषण गरिएको थियो ।

### १.६.३ समिति निर्माण

दिर्घकालिन रणनितिक र आबधिक योजना निर्माण प्रक्रियालाइ व्यवस्थित तथा प्रभावकारी ढंगले कार्य गर्न कार्यशाला गोष्ठि वाट नगरपालिकाका प्रमुखको संयोजकत्वमा तिन सदस्यीय निर्देशन समिति गठन गरिएको थियो । त्यसैगरि उपप्रमुखको संयोजकत्वमा विषयगत क्षेत्रका संयोजकहरु र कार्यपालिकाका सदस्य मध्यवाट सदस्य रहने गरि ११ सदस्यिय संयोजन समिति गठन गरिएको थियो भने विषयगत क्षेत्रका संयोजकहरुको संयोजकत्वमा विषयगत क्षेत्रका सदस्यहरु,सम्वन्धित शाखाका प्रमुख तथा सरोकारवालाहरु सदस्य रहने गरि ५ वटा आवधिक योजना तर्जुमा समिति गठन गरिएको थियो

### १.६.४ विषयगत समितिसंग छलफल तथा समूह परामर्श

तुलसीपुर उपमहानगरपालिकाको दिर्घकालिन रणनितिक र आबधिक योजना तयारीका क्रममा २०७६ फागुन ...... देखि देखि वैशाख ... गते सम्म ५ वटै समितिहरु संग(आर्थिक विकास,सामाजिक विकास,पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन तथा सस्थागत विकास सेवा प्रवाह तथा सुशासन समिति)छलफल तथा परामर्श गरिएको थियो । उक्त छलफल वाट विषयगत क्षेत्रहरुका सवलपक्ष,समस्या,समस्याका कारण पहिचान गरिएको थियो । समुह छलफलवाटै विषयगत लक्ष्य, रणनीति , नतिजा निर्धारण तथा कार्यक्रम र वजेट निर्माण गरिएको थियो । यद्यपी कोभिड १९ का कारण विचैमा छलफल स्थगीत गरी जेठ महिनामा पुन सुरु गरिएको थियो

### १.६.५ वडा स्तरमा छलफल तथा समूह परामर्श

तुलसीपुर उपमहानगरपालिका को दिर्घकालिन रणनितिक र आवधिक योजना निमार्णको क्रममा १९ वटै वडाहरुमा गइ दिर्घकालिन रणनितिक र आबधिक योजना वारे छलफल गरिएको थियो । वडा तहका जनप्रतिनिधि, राजनितिक दलका प्रतिनिधि, टोल विकास संस्थाका प्रतिनिधि,समुह तथा संघसस्थका प्रतिनिधि , वडाका जानिफकार तथा विभिन्न सरोकारवाला का विच कार्यशाला सञ्चालन गरी वडाका आवस्यकता र प्राथमिकता पहिचान गरिएको थियो ।

### १.६.६.अन्तिम दिर्घकालिन रणनितिक र आवधिक योजना तर्जुमा गोष्ठी

दिर्घकालिन रणनितिक र आवधिक योजना तयारी कार्यशाला गोष्ठी ,विषयगत , वडागत र लक्षित समूह छलफल तथा परामर्श गोष्ठीबाट आएका सूचना, विषयगत लक्ष्य , रणनिति , सुचक,नतिजा तथा कार्यक्रमलाइ प्राविधिक टोलीको सहयोगमा नतिजामूलक योजनाको स्तरीय ढाँचामा विषयगत रुपमा लिपिवद्ध गरीयो । यसरी लिपिवद्ध गरिएको प्रारम्भिक आवधिक योजना को दस्तावेज लाइ अन्तिम रुप दिन २०७७ ..... गते मस्यौदामा छलफल गर्न अन्तिम दिर्घकालिन रणनितिक र आवधिक योजना तर्जुमा गोष्ठी आयोजना गरियो । उपमहानगरपालिकाको नेतृत्व, विषयगत समितिहरुका संयोजक तथा सरोकारवालाको वृहत सहभागिता र विषय विज्ञहरुको सहजीकरणमा लिपिवद्ध गरिएको आवधिक योजना को दस्तावेजमा विषयगत समुह निर्माण गरि व्यापक छलफल गरि गरी प्राप्त निष्कर्षलाई समूहमा छलफल तथा प्रस्तुती गरीसुझाव संकलन गरियो ।

### १.६.७ अन्तिम दस्तावेज तयारी, लेखन तथा प्रमाणिकरण

विभिन्न चरणका छलफल तथा कार्याशालाबाट प्राप्त विवरण तथा अन्तिम दिर्घकालिन रणनितिक र आवधिक योजना तर्जुमा गोष्ठी वाट प्राप्त निष्कर्ष र सुझाव का आधारमा तयार गरिएको दिर्घकालिन रणनितिक र आवधिक विकास योजना को मस्यौदा दस्तावेजलाई अन्तिम रुप दिने सिलसिलामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा राष्ट्रिय योजना आयोग का दस्तावेज र अन्य बिषय विज्ञहरुबाट समेत सुझावहरु लिने कार्य भएको थियो । यसरी विभिन्न क्षेत्रवाट प्राप्त सुझावलाई समावेश गरी तयार गरिएको आवधिक विकास योजना दस्तावेजलाई स्विकृतीका लागि २०७७ ...गते नगर कार्यपालिकामा पेश गरिएको थियो । यसरी तुलसीपुर नगरकार्यपालिका ले पास गरेको ५,१० र २० वर्षे एकीकृत दिर्घकालिन रणनितिक योजना (२०७७/७८ –२०९७/९८ र आवधिक योजनालाई (२०७७/७८–८१/८२) २०७६ ... गते बसेको तुलसीपुरनगरपालिकाको सभामा पेश गरीछलफल पश्चात पारित गरियो ।

### १.७ सिमा

दिर्घकालिन रणनितिक र आवधिक आवधिक विकास योजनालाई समावेशी, पारदर्शी एवं परिणाममूखी वनाउन सबै सरोकारवालाहरुको व्यापक सहभागिता एवं अपरिहार्य रुपमा क्षेत्रगत लक्ष्य, नतिजा र उपलब्धिका सूचक समावेश गर्ने प्रयास गरिएको छ । साथै उपमहानगरपालिका जनप्रनिधि, कार्यरत कर्मचारी, विषयगत क्षेत्र, वालक्लव, गैरसरकारी क्षेत्रर सरोकारवालाहरुबाट उपलब्ध भएसम्मका क्षेत्रगत योजनाहरु समावेश गर्ने प्रयास गरिएको छ ।यस आवधिक योजनालाइ सक्दो समावेशी, सहभागितामूलक तथा पारदर्शि वनाउने प्रयास गरिएको छ ।नगरपालिकाको समग्र विकासमा स्थानीय तह, प्रदेश तथा संघीय सरकारको साथै गैर सरकारी संघ/संस्था, सहकारी एवं स्थानीय समुदायका संस्था र विकास साझेदारको सहयोगमा संचालन हुने संभावित कार्यक्रमलाई पनि यस आवधिक योजनामा समावेश गरिएको छ । नगरपालिकाको आन्तरिक स्रोत, संघ तथा प्रदेशबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत नगरलाइ प्राप्त हुने तथा अन्य स्रोतबाट बार्षिक रुपमा परिचालन हुने सम्भाव्य श्रोतलाई आधार बनाइएको छ ।

आवधिक योजना निर्माण गर्ने प्रक्रियामा प्रारम्भिक तथ्याङ्क र सूचना लिने क्रममा केही सूचनाको अनुपलब्धताका कारणले कतिपय सूचकहरु का लागी दोश्रो तहको सूचनाको आधारमा तय गरिएका छन् तथा प्राप्त सूचनाको विश्लेषणलाई आधार मानी लक्ष्य, उद्देश्य एवं सूचक निर्धारण गरिएको छ ।

# परिच्छेद २: वस्तुस्थिति विश्लेषण

## २.१ तुलसीपुर -महानगरपालिकाको परिचय

तुलसीपुर गाउँ पञ्चायतको रूपमा स्थापित तुलसीपुर वि.सं. २०४९ सालमा तत्कालिन अमृतपुर पञ्चायतका सबै भुभाग गाभिएपछी तुलसीपुर नगरपालिकाको रुपमा रुपान्तण भएको हो । संघीय नेपालको नया सँविधान २०७२ ले व्यवस्था गरे अनुरुप नयाँ संरचनाको रूपमा मिति २०७३/१/२२ गतेको नेपाल सरकार को निर्णय मिति २०७३/११/२७ मा राजपत्रको सूचना प्रकाशन गरी तुलसीपुरउप-महानगरपालिकाको रूपमा स्थापना भएको थियो । दाङ जिल्लाका १० स्थानीय तहमध्ये यो उपमहानगरपालिका एक महत्वपुर्ण स्थानीय तहको रुपमा रहेको छ । तुलसीपुर उप-महानगरपालिकामा अधिकांस भुभाग समथर जमीन तथा केही क्षेत्र पहाडी भुभागको रुपमा रहेको छ । महाभारत पहाड र चुरे लेकको विचमा रहेको यस उपमहानगरपालिकामा तुई दांग उपत्यका सहित दांग उपत्यकाको मध्य भागमा रहेका अधिकांस वस्तीहरु यसभित्र रहेका छन । प्रशस्त खेतियोग्य जमीन,सुन्दर मानववस्तीहरु,विभिन्न बजार केन्द्रहरु, खोला नाला, वनजंगलले ढाकीएको तुलसीपुरमा पार्क, मैदान,चरण क्षेत्र,विभिन्न पर्यटकीय स्थलहरु रहेका छन । यहा विभिन्न कला संस्कृती, धर्म संस्कार,जातजातिका रहन सहन,रितीरिवाज, लोकनाच, भाषा भेष, तथा विभिन्न कलात्मक मठ मन्दिर मस्जिद,गुम्बा चर्च पनि रहेका छन् । दाङ जिल्लाको मध्य भागमा रहेको यस उप-महानगरपालिका साविक तुलसीपुरनगरपालिका, , टरिगाउँ, , पवननगर, मानपुर, विजौरी, डुरुवा र फुलवारी गा.वि.स. मिलाएर निर्माण भएको हो र यस नगरपालिकामा १९ वटा वडाहरू रहेका छन् ।

## २.२ भौगोलिक अवस्थिति (सीमाना) :

तुलसीपुरउपमहानगरपालिका विश्वमानचित्रमा अवस्थिति उत्तरी गोलार्द्धमा रहेको हाम्रो देश नेपालको पश्चिमी भेगमा रहेको सबैभन्दा ठुलो उपत्यका दाङ जिल्लामा रहेको छ । यो उपमहानगरपालिका समुन्द्री सतहको न्यूनतम ..... मिटरको उचाई देखि अधिकतम ..... मिटर सम्मको उचाईमा रहेको छ । भौगोलीक रुपमा यो अक्षांश ....... उत्तर देखि देशान्तर ..... पूर्वमा रहेको छ । यसको कुल क्षेत्रफल ३८४.६५ वर्ग कि.मी. रहेको छ । यस उपमहानगरको करिब ७० प्रतिशत भुभाग दांङ उपत्यकाको समथर भुभागमा रहेको छ । बाकी भुभाग पहाडी भुभागमा रहेको छ । तुलसीपुरउपमानगरपालिकाको पूर्वमा घोराही उप महानगरपालिका,पश्चिममा शान्तीनगर गाउँपालिका र दंगीशरण गाउँपालिका दक्षीणमा लमही नगरपालिका तथा र उत्तरमा सल्यान जिल्लाका कपुरकोट तथा त्रिवेणी गाउपालिका पर्दछन । यो उप-महानगरपालिका नेपालको संघीय राजधानी काठमाण्डौँबाट ४२५ कि.मी. पश्चिम दिशामा रहेको छ । वडागत क्षेत्रफल देहाय वमोजिम रहेको छ ।

**तालिका १ : उपमहानगरपालिका को वडा विवरण**

| वडा नं. | समावेश साविक नगरपालिका/गाविस र वडा | क्षेत्रफल (बर्ग किमिमा) | प्रतिशत |
|---|---|---|---|
| १ | पवननगर १,२,३,४ | १९.८८ | ५.१७ |
| २ | पवननगर ५,६,७,८,९ | १३.०५ | ३.३९ |
| ३ | तुलसीपुर१,७,१० | ५५.६३ | १४.४६ |
| ४ | तुलसीपुर२,१६,१७ | ३६.३८ | ९.४६ |

| वडा नं. | समावेश साविक नगरपालिका/गाविस र वडा | क्षेत्रफल (बर्ग किमिमा) | प्रतिशत |
|---|---|---|---|
| ५ | तुलसीपुर५ | १.६२ | ०.४२ |
| ६ | तुलसीपुर६ | ७.५२ | १.९६ |
| ७ | तुलसीपुर३,४,१५ | १२.७४ | ३.३१ |
| ८ | तुलसीपुर८,११ | १०.७३ | २.७९ |
| ९ | तुलसीपुर९ | ५.९७ | १.५५ |
| १० | तुलसीपुर१३,१४ | १७.२६ | ४.४९ |
| ११ | तुलसीपुर१९,२० | १७.२९ | ४.५० |
| १२ | तुलसीपुर१२,१८ | १५.७७ | ४.१० |
| १३ | फुलवारी १–९ | ५२.३ | १३.६० |
| १४ | डुरुवा २,३,८,९ | २०.५७ | ५.३४ |
| १५ | डुरुवा १,४,५,६,७ | १४.३२ | ३.७२ |
| १६ | मानपुर २,३,४,५,६ | १७.११ | ४.४५ |
| १७ | मानपुर १,७,८,९ | १६.०७ | ४.१८ |
| १८ | विजौरी १,३,४,५,७ | १६.२४ | ४.२२ |
| १९ | विजौरी,२,६,८,९ | ३४.२ | ८.८९ |
| | **कुल क्षेत्रफल** | **३८४.६५** | **१००** |

श्रोत : संघियमामला तथा सामान्य प्रशासन मन्त्रालय

## २.३ ऐतिहासिक पृष्ठभूमि :

थारुहरुको भाषामा वस्तीलाई पुर्वा भनिन्छ । यही तुलसी पुर्वालाई पर्वतेहरुले तुलसीपुर भन्ने गर्दथे भने थारुहरुले तुलसीपुर्वा भन्दथे । यस ठाउँमा थारुहरुको बोलवाला हुँदासम्म तुलसीपुर्वा भनिन्थ्यो भने पर्वतेहरुको बोलवाला हुन थालेपछि तुलसीपुरभन्न थालियो । अनि थारुहरुको तुलसीपुर्वा हराएर गयो । यस ठाउँमा थारुहरुको बस्ती बस्न थालेको करिब १०० वर्ष पुरानो मानिन्छ । फलावाङ्गी राजाले सल्यानको फलावाङ्गमा पुरानो दरबार र माझ दरबार र नयाँ दरबार गौडा जिल्लाको बलरामपुर स्ति तुलसीपुरर हाल

दाङ्गको तुलसिपुर नगरपलिकाको तुलसिपुर भन्ने ठाउँको आसपासमा अघि पछि गरी ५ वटा दरबार बनाइएको थियो ।

अर्को एउटा झिंगटीवाला दरबारको अवशेष मात्र पाइन्छ । सल्यानी राजा शमशेरबहादुर शाहका जेठा बुबा राजा नरेन्द बहादुर शाह वा बुबा काजी कान्छा राजा शेरबहादुर शाहका पालामा वि स १९२९ सालमा हालको अरनीको मैदान भित्र (जब्बरपुरको नगीच) झिंगटीको दरबार बनाएको हो। राजा शमशेर बहादुर शाहका पालामा सल्यान जिल्ला फलावाङ्ग गा वि भित्र पने चैतेडाँडा (थान गाउँ) गा वि स १९७६ ७७ मा फलवाङ्गी राजाको पुरानो ठुलो दरबार बनेको हो भने सोही गा वि स भित्रको गैरागाउँमा वि स १९८६ सालमा पुतली दरबार अर्थात अको नयाँ ठुलो दरबार बनेको हो । उनै राजा शमशेर बहादुर शाहले तुलसीपुरनगरीभित्रको नामी (नापी) नगरस्थित आँपको बगैचभित्र वि स १९८८ (९१ को बीचमा ३५ कोठाको दुइतले पक्की तुलसीपुरदरबारबनाएका हुन । यस दरबारलाई कोही सेता दरबार र कोहि सल्यानी दरबार भन्ने गर्दछन् ।

हाल निमित रा .स .स भवन ठीक अगाडीको फलामको बार भन्दा भित्र पट्टीको चौरमा वि. स १९२९ मा चारकुने एक झिंगटीको दरबार बनेपछिका वर्षहरुमा फलावाङ्गको चैते डाँडा फलावाङ्गकै गैरागाँउ र दाङ्ग तुलसीपुरक्षेत्रको नामी (नापी ) नगरमा यी विभिन्न नामका दरबार बनेको हुन । सल्यानी राजाहरुले दरबार बनाउँदा गोरखनाथ बाबालाई बिर्सदा रहेनछन भन्ने कुरामा फलावाङ्गीको थानगाउँ नामीनगर नेरको थानगाउँ र बलरामपुरको गोरखनाथ मन्दिरहरु साक्षीछन् फलावाङ्गी राजा फलावाङ्गबाट दाङ्ग नामीनगर हुदै बलरामपुरको तुलसीपुरर यस तुलसीपुरबाट जरुवा रेल्वे स्टेशन (जरुवामा रेलगाडीबाट यातायात शुरुभएको बर्ष वि. स १९६२) कोइलावाश हुँदै दाङ्ग उपत्यकाको बाटो गरी फलावाङ्ग दरवारमा जानुपर्दा यसै नामी नगरमा बस्ने गर्दथे । बलरामपुरको तुलसीपुरफलावाङ्ग (चतै गौडा र फलवाङ्ग गैरागाउँमा निर्मित दरवारहरुको अनुकरण गरी यस तुलसीपुर(नामीनगर) मा सोअ सेतो दरबार बनाईएको हो । सल्यानी राजा शमशेरबहादुर शाहकी बज्यै आमा वा रानीको नाम तुलसी वा तुलसा भन्ने थियो ।हाल यस नगर पालिकाको वडा न . ५ ( हालबंगुरलाईन क्षेत्र) मा बस्ने थारुहरुले आफु बस्ने गरेको टोललाई पुर्वा भन्ने गरेका थिए । यो पुर्वा भन्ने ठाउँ र फलावाङ्गी राजाको झिँगटीका दरबार बिल्कुल सटेको ठाँउमा थियो । यसै थारु बस्तीको नगिचै आफनो दरबार भएकाले आफना तर्फकी नारी पात्रको नाम यहाँको समाजले बेचिरकालसम्म संमरण गरी राखोस भन्ने आशयले फलावाङ्गी ( सल्यानी ) राजा शमशेरबहादुर शाहलेयस ठाँउको नाम “तुलसीपुर” भन्ने राखेको हुन् भन्ने भनाई छ ।

**२.४ भू-उपयोगको अवस्था**

यस उपमहानगरपालिकामा कृषिका लागी प्रसस्त जमिन रहेको छ । कुल जमिनको ४४.७७ प्रतिशत जमिन खेतियोग्य रहेको छ । त्यसैगरी ३७.९२ प्रतिशत र आवादी क्षेत्र ५.४९ रहेको छ । यस नगरपालिकाको भूउपयोगको अवस्था निम्नानुसार देखिन्छ ।

**तालिका २ : नगरपालिकाको भू उपयोगको अवस्था**

| क्र.स. | विवरण | क्षेत्रफल(वर्ग कि.मी. ) | प्रतिशत |
|---|---|---|---|
| १ | खेतियोग्य जमिन | १७२.१२ | ४४.७७ |
| २ | वन जंगल | १४५.८० | ३७.९२ |
| ३ | वुट्यान | ३३.१६ | ८.६३ |
| ३ | आवादी क्षेत्र | २१.१० | ५.४९ |

| | | | |
|---|---|---|---|
| ४ | नदीनालाले ओगडेको क्षेत्र | ४.८७ | १.२७ |
| ५ | वाझो जमिन, चट्टानी क्षेत्र | ७.४० | १.९२ |
| जम्मा | | **३८४.४५** | **१००** |

श्रोत तुलसीपुर नगर प्रोफाइल २०७६

## २.५ नदी तथा खोलाको विवरण :

यस उप-महानगरपालिकामा विभिन्न खोलानाला तथा बबई नदीले निरन्तर सिंचित र उर्वर बनाएका छन यहा ताल तलैया तथा पोखरीहरु रहेका छन मानव निर्मित पोखरी यहा तुलनात्मक रुपमा कम रहेका छन । तुलसीपुरउप- महानगरपालिको भौगोलिक बनावट अनुसार सबै खोलानालाहरु उत्तरबाट दक्षिणतिर बग्दछन भने बबई नदी उपमहानगरपालिका को दक्षिण भृगबाट पुर्व पश्चिम भएर बगेको छ । यहाँ रहेका नदी खोलानाला तथा तालतलैया र पोखरीहरूबाट मानिसहरुको लागि पानीको श्रोत, कृषि जमीनमा सिंचाई, पशु पंक्षिहरूले पिउनेपानीको लागि उपयोग भएको पाइन्छ ।

बबइ नदी दांग जिल्लाको प्रमुख नदी हो । यो नदी महाभारत लेकबाट उतपन्न भई दांग उपत्यकाको पुर्वबाट पश्चिमतीर बगेको छ । तुलसीपुरउपमहानगपालिकामा यो साविक डुरुवाबाट प्रवेश गरी हापुर खोला, गुहार खोला, क्वांग खोला र पातु खोला संग मिसीएर सुकौराबाट चुरे फेदफेदै पश्चिमतर्फ वग्दछ । यो नदी वर्षातको चार महिना जेठ देखि भाद्रसम्म विशाल पानीको वहाव बोकेर वग्दछ ।

गुहार खोला रोल्पा जिल्लाको होलेरी पश्चिम तथा सल्यान जिल्लाको सारपानी गर्पा पुर्वको भेगका लेक वस्तीबाट उत्पन्न भई महाभारत लेकको पानी बोकेर उपमहानगरको कुटीचौर र हलवार को विचबाट दक्षिण तर्फ वग्दछ । यो खोला बबई नदीको प्रमुख सहायक खोला हो । गुहार खोला दांग उपत्यकाको करिब विच भागबाट वहाव क्षेत्र विस्तार गर्दै यहाका विजौरी, मानपुर, हलवार, उरहरी र ढुरुवाका अधिकांस भुभागको लागि सिंचाई तथा पानीको प्रवाह गर्ने गर्दछ । उपमहानगरको वडा नं. १२ को कचिलाबाट बबई नदीमा मीसीन जान्छ ।

पातु खोला दांगको अग्लो पहाड थर्कोट लेकबाट उत्पन्न भई सल्यान जिल्लाको कपुरकोटबाट निस्केको खार खोला संग मिसिएपछि गोटी खोलाबाट वहाव विस्तार गरेको पातुखोलामा गहते खोला भमके खोला मिसीएपछि दक्षिणतर्फ सुकौराबाट बबई नदीमा मिसिन्छ । पातु खोला, तुलसीपुर, टरीगाउ, उरहरी, लगायतका भुभागमा सिंचाई र पानीको लागि उपयोग हुन्छ ।

तुई खोला साविक फुलवारी तथा उपमहानगरपालिका को १३ नं. वडाको भुभागमा वग्ने तुई खोला चुरेबाट उत्पन्न भएको एकमात्र खोला हो । यो खोला पुर्वबाट पश्चिम तर्फ तुई दांग उपत्यकाको पानी ढकना वरपर बबई नदीमा आएर मिसिन्छ । कालाखोला साविक हलवारको महाभारत लेकको बाहिर श्रृंखलाबाट उत्पन्न भई बगेको कालाखोलामा करीब बाहै महिना पानी वग्दछ । यो खोला उत्तरकपडादेवी वस्तीको वरपर गुहार खोलामा मिसीन जान्छ ।

पत्रे खोला नारेवांग वासगजेरी र हात्तिखाल आसपासबाट उत्पन्न भई मैदानको घना जंगलको खोला खोल्सी को पानी को वहाव लिएर वग्ने पत्रे खोलामा पनि प्राय बाहै महिना पानी रहेको हुन्छ । यो खोला हापुर खोलाको सहायक खोला हो यो खोलाको पानी सिंचाई र अन्य कार्यको लागि प्रयोग भएको पाईन्छ । संक्राम खोला : यो खोला हाती सुरे लेकबाट उत्पन्न भई दक्षिण तर्फ वग्दछ । यो खोलाले १७ नं वडाका अधिकांस भुभागलाई सिंचाई गर्दै हापुर खोलामा मिसीन्छ ।

गहते खोला प्रतापकोट तथा भिउडर लेकबाट उत्पन्न भई वग्ने यो खोलामा पनि पानीको वहाव वर्षातको समयमा निकै हुन्छ उपमहानगरको ३ र ८ नं. वडालाई सिंचाई गर्दै यकको खोला पातु खोलामा गएर मिसिन्छ । भमके खोला थर्कोट तथा टोड्के लेकबाट उत्पन्न भईवगेको भम्के खोला १, २ र ८ नं. वडाका भुभागलाई सीचित गर्दै पातु खोलामा गएर मिसिन्छ । चौवा खोला : महाभारत लेकको दक्षिण मोहडा

र आसपासका समथर जमीन र जंगलको पानी बोक्ने यो खोला सानो भएपनि निकै उपयोगी छ । यो खोला ले १७ नं वडाका भुभागलाई सिंचाई गर्ने गर्दछ । क्वांग खोला गौरी गाउ र पढा आसपास क्षेत्रको सिमसारबाट उत्पन्न हुने यो खोला पानी बाह्रै महिना भएपनी सिंचाईको लागि खासै उपयोग भएको देखिदैन । यो खोलाको वहाव क्षेत्र कम भएपनि वर्षातको समयमा पानी निकै हुन्छ ।

## २.६ ताल तथा पोखरीहरु :

तुलसीपुरउपमहानगरपालिकामा ताल तथा पोखरी हरु केही मात्रामा रहेका छन । यहा माछापोखरी बाहेक मानव निर्मित पोखरीहरु पनी कमै छन । परम्परागत रुपमा ग्रामीण वस्तीहरुमा वस्तुभाउ चौपायाहरुले पानि पिउनको लागि सार्वजनिक ताल तलैयाहरु बनाएको पाइन्छ । समय बदलिदै जादा मानिसहरु वस्तुभाउ चौपायाहरु पाल्ने कार्य कम गर्न थाले भने ताल पोखरीहरु पनि मासिदै गएको देखिन्छ । यहा प्राकृतिक रुपमा रहेका केही ताल तथा पोखरीहरुको विवरण दिएको छ ।

गौरीगाउ ताल तुलसीपुरउपमहानगरपालिको १० नं. वडामा रहेको यो ताल गौरीगाउमा रहेको हुदा यसलाई गौरीगाउ तालको रुपमा चिनिन्छ । उपमहानगरपालिकाको सबैभन्दा ठुलो यो ताल प्राकृतिक ताल हो, यहा पानी आफै उत्पन्न हुने तथा आसपासको क्षेत्रबाट वर्षातको पानि जम्मा भई करिब ७ विगाहा जमीनमा फैलिएको छ । हिउदको समयमा यो तालमा पानि कम भएको देखिन्छ । यस गौरीगाउ तालको पानिमा हाल माछा पालन कार्य संर क्षित रुपमा हुने गरेको छ । यस तालको पानि आसपासको क्षेत्रमा सिंचाई को लागि उपयोग भएको छ ।

पढा ताल गौरीगाउ ताल नजिकै रहेको छ यो ताल पनि उपमहानगरपालिको १० नं. वडाको पढा वस्तिको उत्तरमा रहेको छ । यस तालको विचमा महादेवको मन्दिर रहेको छ । मन्दिरमा मानिसहरु यहा पुजा पाठ गर्ने गर्दछन । यो तालमा माछापालन नभएपनि सिंचाईको लागि यहाको पानि प्रयोग भएको छ । कमलपोखरी ताल तुलसीपुरशहरको नजिकै रहेको कमलपोखरी ताल वडा नं. ६ को रजौरा मा रहेको छ । यस तालमा कमलका फुलहरु हुने हुदा यसलाई कमलपोखरी तालको रुपमा चिनिएको जानकारहरु बताउछन । शहर नजिकै रहेको हुदा यसको व्यवस्थापन गर्न सके पर्यटकीय केन्द्रको रुपमा स्थापित हुने देखिन्छ । यहा हिउदमा एकदमै कम पानि रहेको पाइन्छ ।

सुकीदह ताल उपमहानगरपालिको वडा नं. ४ मा रहेको यो संरक्षित नभएको हुदा अतिक्रमीत भएको छ । यो ताल पहाडको फेदमा जंगलको विचमा रहेको हुदा वरपरको ढुंगा वालुवा लगायतले पुर्दै लगेको देखिन्छ । यसै अवधिबाट यसलाई संरक्षित गर्दै यसको उपयोगलाई बढाएदै लैजाने योजना रहेको बताइएको छ ।

## २.७ पार्क, पिकनिक स्थल तथा मनोरञ्जनस्थल सम्बन्धी विवरण :

मानिसहरुका लागि मनोरञ्जन, भ्रमण, मानसिक स्फूर्ति र स्वच्छ स्वस्थ रहनका लागि पार्क, पिकनिक, मनोरञ्जन स्थल लगायतका स्थलहरुको आवश्यकता पर्दछ । मनोरञ्जनका लागि स्वच्छ तथा प्राकृतिक वातावरणमा रमाउनेतथा वनभोज गर्नेचलन रहेको पाईन्छ । यस उप-महानगरपालिकामा विभिन्न स्थानहरुमा पार्क तथा पिकनिक स्थलहरू रहेका छन । सार्वजनिक स्थलको रूपमा रहेका पार्क, उद्यान, प्रतिक्षालय चौतारी तथा मैदानहरूको उपयोग बढ्दै र विस्तार हुदै जाने भएकोले यसको संरक्षण कार्य पनि गर्नुपर्ने हुन्छ ।

## २.८ मुख्य बस्ती तथा बजार केन्द्रसम्बन्धी विवरण :

तुलसीपुरउप-महानगरपालिकामा क्रमश बस्तीहरूकोविकास भइरहेकोछ । उप-महानगरपालिकाकोकेन्द्रतिरबाटो, बजार तथा स-साना घरेलुउद्योग देखिएता पनि समग्रमा उप-महानगरपालिकाकोसबैवडाहरूमा सबैप्रकारको सेवा तथा सुविधा पुगिसकेको छैन । उप-महानगरपालिकाकोसबैवडाहरूमा सडक सञ्जालकोराम्रोविकास हुदै गएको छ ।यहाका १,३,४ १३ र १९ वडाका पहाडी वस्तीहरुमा हालसाल सम्म पनि शिक्षा स्वास्थ्य तथा सडक एवं सञ्चार लगायतका

सुविधाहरूकोपहुँच पुगेको देखिँदैन । तुलसीपुरउप-महानगरपालिका वस्तीहरुमा दिर्घकालिक योजनाहरु निर्माण गरी सबै ग्रामीण वस्तीहरुमा सिंचाई, पुल, कल्भर्ट, बाटो, खानेपानी लगायतका पुर्वाधाारहरु एवं सामाजिकर आर्थिक सुधारका योजना तथा कार्यक्रमहरु सञ्चालन गरी सम्वृद्धिको लागि सवैको सक्रिय सहभागिता आवश्यक रहेको छ ।

## २.९ उपमहानगरपालिकाका मुख्य बजार केन्द्रहरु :

यस उपमहानगरपालिको मुख्य शहरी क्षेत्र तुलसीपुरशहर हो । यो शहर तत्कालिन अञ्चलाधिस चन्द्रमान थकालीले व्यवस्थित रुपमा शहरी स्वरुप को संरचना शुरु गरेको पाइन्छ । उपमहानगरको ५, ६ र ७ र ९ वडामा फैलिएको तुलसीपुरशहरमा दैनिक २० देखि २५ हजार मानिसको आवतजात र उपभोग्य सामानको खरिद विक्रिको लागि उपस्थित हुने गर्दछन । क, ख, ग, घ र ङ लाइन वसपार्क क्षेत्र, घोरहीरोड सितलपुर रोड, सल्यान रोड, सुर्खेत रोड रानीजरुवारोड व्यापारी केन्द्रको रुपमा रहेका पाईन्छ । यहा विरेन्द्र चौक, विपि चौक, पुष्पलाल चौक, पीपलबोट चौक, बाहिनी चौक, मदनआश्रीत चौक, गुमराह चौक, घोराही रोड चौक प्रमुख चौक र चौराहा रहेका छन् ।

तुलसीपुरपहाडी जिल्लाहरुको लागि महत्वपुर्ण ट्रान्जिट प्वाइन्टको रुपमा रहेको शहर हो । यो शहर सडक सञ्जालबाट देशको राजधानी काठमाण्डौ, प्रदेश राजधानी वुटवल, ६ नं. प्रदेशको राजधानी विरेन्द्रनगर सुर्खेतसम्म, रुकुम खलंगा, सल्यान खलंगा, रोल्पा जिल्लाका पश्चिमी गाउपालिकाहरु, पश्चिम नेपालको औद्योगिक शहर नेपालगञ्ज लाई सिधै सडक सञ्जालबाट जोडिएको छ भने देशको राजधानी काठमाण्डौसंग हालसालैबाट टरीगाउ स्थित दांग विमानस्थलबाट हवाई यातायातले जोडेको छ ।

## २.१० प्राकृतिक स्रोत (खानी/खनिज आदि) खनिज श्रोत :

यस उप-महानगरपालिकाको उत्तरतर्फ रहेको महाभारत लेकमा अत्यधिक मात्रामा चुनढुंगा र कोइला को कच्चा पदार्थ रहेको अनुमान छ । वडा नं. १७ को छिलिकोट, ४ नं. वडा तथा ३ वडा क्षेत्रको थर्कोट, राम्री लेक, अजिमारा वस्ती, भ्यूडर, खमारी जस्ता वस्तीको वरपर कोइला खानी रहेको अनुमान छ । चुनढुंगामा भएको क्षेत्रमा पानीको मुल हुने भएकोले खानी क्षेत्र उतखनन् गर्दा पानीको श्रोत सुक्न सक्ने जोखिम रहेको पाइन्छ ।

यहाका नदी नाला तथा खोला नालाहरुमा वर्षातमा अत्यधिक तथा अन्य समयमा निरनतर जलप्रवाह भई यहा सिंचाई लगायत प्राणी जगतलाई जिवन्त बनाइरहेका छन । पर्यावरण र वातावरणमा आएका बदलावका कारण यहाको सतह र जमीन मुनीको जलश्रोतमा क्रमशः कमी आइरहेको छ । ताल तथा पोखरी विभिन्न स्थानमा रहेका प्राकृतिक ताल तलैयाहरु पनि यहाँका प्राकृतिक श्रोत साधन हुन । यहा ताल पोखरीहरु प्रयाप्त नभएपनि भएका जति प्राय सबैको लागि जलस्रोत एवं पर्यटकीय क्षेत्रका रुपमा रहेका छन् । ताल तलैयाको पानि सिंचाई र अन्य प्रयोजनको लागि उपयोग भएको पाइन्छ । जडिबुटी तथा वन जंगल : यस उपमहानगरपालिकाको पहाडी क्षेत्रमा टीम्मुर चिराइतो, पाषणवेद, सुगन्धकोकीला, मलायागीरी, लगायतका जडीबुटी पाइन्छ । पहाडी भुभागको उच्च क्षेत्रमा गुरास,कोणधारी जंगल, मध्यभागमा चिउरी उत्तिस,काफल, तथा समथर क्षेत्रमा साल, साज, सिसौ, बढधाइरो, बकाइनो, इपील जिंगेट, सिमल लगायतका बोटविरुवा र वनस्पति पाइन्छ । यस उपमहानगरपालिको दक्षिण भेगमा पर्ने चुरे श्रृंखलामा रहेको जंगल बाके राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्र पर्ने भएकोले वनजंगल र जीवजन्तु को संरक्षणमा थप सहयोग पुगेको छ ।

तुलसीपुरउपमहानगरपालिकामा रहेका वनजंगलमा प्रशस्त मात्रामा जंगली जनावर पाइने गर्दछन । यहाको जंगलमा बदेल,खरायो,चितुवा,स्याल,व्याँसो,रतुवा,वादर लगायतका जीवजन्तु देखिन्छन । त्यसैगरी सुगा, तिथ्रा, वकुला, सारस, कोइली, काग,गीद्ध, पाईन्छ । उपमहानगरपालिकाको १९ नं. वडामा गिद्ध संरक्षणकर्मीहरुबाट गिद्ध संरक्षणको लागि गिद्ध रेष्टुरेन्ट पनि सञ्चालन भएको छ ।

तुलसीपुरउपमहानगरपालिकामा रहेका नदी खोलानालामा नदीजन्य पदार्थ ढुगा वालुवा गिट्टी प्रशस्त मात्रामा रहेको पाइन्छ । यहाका बबई नदी,गुहार खोला, पातु, हापुरखोला, भमके खोला,मा अत्यधिक नदी

तथा खोला जन्य पदार्थ रहेको छ । जथाभावि रुपमा नदीजन्य पदार्थ निकाल्दा नदी तथा खोलाको सतह गहिरिदै गएको छ भने पानीको श्रोत कम हुदै गएको देखिन्छ । चुनढुंगा तथा कोइला : यस उपमहानगरपालिकामा चुनढुगा तथा कोइला रहेका क्षेत्र पनि रहेका छन । महाभारत लेकाको फेदमा रहेका स साना पहाडको भित्रि तहमा कोइला खानी रहेको पाइन्छ । १,३ , ४, १९ नं. वडा मा कोइलाखानी रहेको अनुमान छ । यसमध्ये कतीपय स्थानमा यसको उत्खनन गरेको देखिन्छ । त्यसैगरी महाभारत लेको मध्य भाग र चरुरे पहाडमा चुनढुंगा रहेको अनुमान गरिन्छ ।

## २.११. पर्यटकीय तथा धार्मिक स्थलहरूको विवरण :

तुलसीपुरउप-महानगरपालिकामा धार्मीक तथा पर्यटकीय स्थलहरु प्रशस्त मात्रामा रहेको पाइन्छ । धार्मीक क्षेत्रहरु मध्ये अधिकांश मन्दिर र पौराणिक स्थलहरु रहेका छन भने पर्यटकीय स्थलहरु प्राकृतिक र मानव निर्मीत दुवै खाले रहेका छन ।

### प्रमुख धार्मिक स्थलहरु

शितलपुर शीव मन्दिर : बबई नदीको किनारमा रहेको सुन्दर थुम्कोमा रहेको शीतलपुर महादेव मन्दिर यहाको पवित्र धार्मिक स्थल हो । यहा दैनिक पुजा पाठ हुने गर्दछ भने शिवरात्रीमा भव्य मेला को आयोजना हुने गर्दछ ।

कालिका मालिका मन्दिर : भगवतीको पुजा हुने यस मन्दिरको ऐतिकासिक महत्व छ । छिलिकोटमा वाइसे चौविसे राज्य हुदाको समयमा बस्ने राजाहरुले कालिका भगवतीको पुजापाठ गरी धार्मिक आस्था जिवित गराएको विश्वास गरीन्छ । राधा कृष्ण मन्दिर : तुलसीपुरशहरी क्षेत्रबाट २ किमी पश्चिम चन्द्रगन्ज दुधेनामा रहेको यो प्रसिद्ध मन्दिर कलात्मक शैलीमा बनेको छ । भाद्र कृष्णाष्टमीमा राधाकृष्णको विशेष पुजा हुने यस मन्दिरमा मानिसहरुको सदैव धार्मकिकार्यमा सहभागिता रहने गर्दछ । त्रिशिद्धेश्वरी मन्दिर : तुलसीपुरक्षेत्रको अत्यन्त प्रख्यात त्रिशिद्धेश्वरी मन्दिरमा दैनिक पुजा पाठ हुने गर्दछ । हिन्दुहरुको विवाह, ब्रतवन्ध, पुजा पाठ भइरहने यस मन्दिरमा भगवती, गणेश, सरस्वती, र महादेवको मन्दिर रहेको छ । मन्दिर आसपासमा सत्यसाई केन्द्र, धर्मशाला, क्रियापुत्रि भवन सबैको व्यवस्थाले यहाको महत्व दर्शाउछ ।

भद्रकाली मन्दिर :यो मन्दिर उपमहानगरको ९ नं. वडामा रहेको छ । पौराणीक मन्दिरको रुपमा रहेको यस मन्दिर मा भगवतीको पुजा गर्ने गरिन्छ । विवाह, सप्ताह पुराण यहा आयोजना गर्ने गरिन्छ । देविस्थानमन्दिर : उपमहानगरपालिकाको वडा नं. १ मा पर्ने यस मन्दिरमा भगवतीको पुजा हुने गर्दछ । वडादशैको नौरथा र चैते अष्टमीमा यहा भक्तहरुको घुइचो लाग्दछ । यसलाई मनकामना मन्दिरको रुपमा चिनिन्छ । सिद्धबाबा थान थर्कोट : प्रख्यात तपस्वी सिद्धबाबा ले ध्यान गरेको यो धार्मिक स्थल थर्कोट लेकको टुप्पोमा रहेको छ । करिब उन्नाइ सय अग्लो मि. यस लेकको टुप्पोमा बाबाको थान रहेको छ । प्रचार प्रसार को कमी तथा विकट क्षेत्र भएकोले कमै मानिसहरु यहा पुग्ने गर्दछन । यहाँबाट पुरै दांग भारतका केही भुभाग, हिमाली श्रृंखलाको दृश्यावलोकन अद्‌भुत देखिन्छ । सुकौरा कोट : थारु राजा दंगीशरणको दरवार रहेको यस क्षेत्रमा धार्मिक क्रियाकलाप कमै भएको पाइन्छ । प्राचिन समयमा दांग थारुको राज्य हुदा यो केन्द्रको रुपमा रहेको विश्वास गरिन्छ । वरपरको समथर जमीन भन्दा अग्लो थुम्कोमा रहेको यस सुकौराकोटलाई पर्यटकीय केन्द्रको रुपमा विकास गर्ने विभिन्न कार्यहरु सञ्चालन भएको देखिन्छ ।

## २.१२.जनसांखिक विवरण :

तुलसीपुरउप.म.न.पा.कामा कूल जनसंख्या १४९६४७ रहेको छ जसमध्ये महिला ७६५०४, पुरुष ७३१४३ र सबैभन्दा बढी जनसंख्या वडा नं. ६ मा १४५९१ र सबैभन्दा कम वडा नं. २ मा ५०१५ रहेको छ । जनसंख्या बृद्धी दरको हिसाबले वडा नं. ६ र ५ तथा वडा नं. ७ मा अत्यधिक रहेको छ । वडा नं. २, १३, १०, ११ र १ मा जनसंख्या तुलनात्मक रुपले कम रहेको देखिन्छ । यहाँ ३४९७८ घरधुरी रहेका छन् । जसमध्ये २४९८७ घरमूली पुरुष तथा ९९८५ घरधुरीको घरमूली महिला रहेका छन् । परिवारको औषत बनावट ४.४ को रहेको देखिन्छ ।

**चित्र नं. १ : तुलसीपुर उपमहानगरपालिकाको लिङ्ग अनुसारको जनसंख्या :**




श्रोत तुलसीपुर उपमहानगर प्रोफाइल २०७६

## चित्र नं. २ : तुलसीपुर उपमहानगरपालिकाको मातृभाषा अनुसारको जनसंख्या




श्रोत तुलसीपुर उपमहानगर प्रोफाइल २०७६

## चित्र नं. ३ : तुलसीपुर उपमहानगरपालिकाको जाति अनुसारको जनसंख्या :




श्रोत तुलसीपुर उपमहानगर प्रोफाइल २०७६

## चित्र नं. ४ : तुलसीपुर उपमहानगरपालिकाको धर्म अनुसारको जनसंख्या :




श्रोत तुलसीपुर उपमहानगर प्रोफाइल २०७६

# परिच्छेद ३ : आवधिक योजना

## खण्ड १ : नगर विकास अवधारणा

### ३.१.१ पृष्ठभूमि

आवधिक नगर विकास योजना स्थनिय पालिकाहरुको विशेषताहरुमा आधारित एकीकृत तथा वहु विषयगत क्षेत्रगत योजना हो । यसले उपमहानगरपालिकाको समष्टिगत ५ वटै विषयगत क्षेत्रको सामाजिक तथा आर्थिक विकासका लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरीआगामी ५ वर्ष भित्र सो हासिल गर्न उपयुक्त नीति, सिद्धान्त,रणनीति तथा प्राथमिकता प्राप्त क्रियाकलाप एवं श्रोत साधनहरुको पहिचान एवं परिभाषित गरी बर्तमान अवस्थाबाट चाहेको अवस्थामा पुग्नका लागि प्रस्तावित मार्गचित्र को रुपरेखा तयार गर्दछ । आवधिक योजना योजनाको दूरदृष्टि,लक्ष्य,उद्धेश्य,रणनीति, नतिजा, सूचकहरु,नीति,प्राथमिकता प्राप्त कार्यक्रम र श्रोत तथा बजेट को विनियोजन,कार्यान्वयन र अनुगमन मुल्याङ्कनको ब्यबस्था समाबेश गरी तयार गरिएको हुन्छ । यसलाइ नतिजामूलक सूचकको आधारमा सुब्यबस्थित गरिएको हुन्छ । आवधिक विकास योजनाले स्थानीय विकासका साझेदार एवं सरोकारवालाको पहिचान गरी प्रभावकारी परिचालनको वातावरण समेत तयार गर्दछ । यसको लागि उपमहानगरपालिकामा विकासका सबै सरोकारवालाको सहभागिता तथा भूमिकाको आवश्यकता पर्दछ । आवधिक विकास योजनामा स्थानगत विशेषताहरुको आधारमा विकासको एकीकृत तथा विषयगत प्रयासहरु समेटिएको हुनुपर्दछ ।

नेपालको संविधानको अनुसुची ८ ले दिएको अधिकार र स्थानीय सरकार संचालन ऐन,२०७४ स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमादिग्दर्शन २०७५ ले उपमहानगरपालिकालाई स्थानीय तहको एकीकृत विकास योजना तर्जुमा गर्दा कम्तीमा ५ वर्ष अवधिको आवधिक विकास योजना तर्जुमा गर्नु पर्ने र सो को मार्गदर्शनका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने प्रावधानको व्यवस्था गरेको छ । उक्त व्यवस्था अनुसार आवधिक विकास योजना तर्जुमाको लागि नेपाल सरकार राष्ट्रिय योजना आयोगले आवधिक विकास योजना तर्जुमा सम्बन्धी निर्देशिका तयार गरी जारी गरेको छ । निर्वाचित जनप्रतिनिधि को नेतृत्व रहेको हालको अवस्थामा आवधिक विकास योजना तर्जुमा र सो अनुसार बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरेमा विकासका आयोजना तथा कार्यक्रमले मूर्त रुप लिइ दिगो विकासको लक्ष्य हासील गर्न सकिन्छ । यस कार्यका लागी संघ,प्रदेश सरकार,स्थानिय सरकार,विकास साझेदार सवैको भुमिका जरुरी हुन्छ

यसै सन्दर्भमा तुलसीपुर उपमहानगरपालिकाले आर्थिक वर्ष २०७६/७७ देखि आ.व.२०८०/८१ सम्मको लागि आवधिक विकास योजना तयार गरेको छ ।

### ३.१.२ विषयगत स्थिति विश्लेषण :

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक, सामाजिक, भौतिक तथा पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकासको विद्यमान स्थिति, सम्भावना, समस्या, चुनौति,तत्कालिन असरको विषयगत रुपमा विश्लेषण निम्न अनुसार गरिएको छ ।

#### ३.१.२.१ आर्थिक विकास :

यस उपमहानगरपालिकाका नगरबासीहरुको मुख्य पेसा कृषि रहेको छ । नगर क्षेत्रका झण्डै ८० प्रतिशत जनसंख्या कुनै न कुनै रुपमा कृषिमा निर्भर छ । उपमहागरपालिकामा १७२.१२ वर्ग कि.मि. खेतीयोग्य जमिन रहेको छ । नगर क्षेत्रमा धान, गहुँ, मकै, आदि अन्नहरुको उत्पादन हुन्छ । त्यसैगरी मसुरो,

अडहर,मास, केराउ,चना आदी जस्ता दलहन बालीको पनि उत्पादन रहेको छ । केरा, आँप, मेवा, लिच्ची, अनार, कागती, कटहर, लगाएतका फलफुलहरु उत्पादन हुने यस नगरमा ड्रागन फ्रुट, एभोकाडो, किवि लगाएतका फलफुल र रेशम खेतीको सम्भावना रहेको छ । काउली, बन्दा, खुर्सानी, भेडे खुर्सानी, काँक्रा, सिमी, भिण्डी, लौकी, फर्सी, भण्टा, रायो, चम्सुर, पालुंगो, मेथी, क्यानकुन, सम्धिनी साग जस्ता तरकारी बालीको उत्पादन हुने गरेको छ । त्यसैगरि मसला वालीहरु अदुवा, प्याज, लसुन, वेसार, धनिया आदी उत्पादन हुन्छ । उपमहानगरपालिकाले कृषि उत्पादन वढाउन पकेट क्षेत्र निर्धारण गरी काम थालेको छ । यसका लागी वर्षेनी किसानहरुलाइ कृषि यन्त्र तथा विउ ता प्लास्टिक टनेल आदी वितरण गर्दै आएको छ । अझै पनि परम्परागत खेती प्रणाली,कृषि प्राविधि र प्राविधिकहरुको अभाव, पर्याप्त सिंचाइ सुविधाको अभाव का कारण व्यावसायीक उत्पादन पर्याप्त हुन सकेको छैन । यस नगरपालिकामा पशुपालनका लागि पनि पर्याप्त संभावना रहेको छ । नगर क्षेत्रका १८०५२ परिवार पशुपालनमा संलग्न रहेका रहेका छन । नगरपालिकामा ६६ हेक्टर जमिनमा उन्नत घाँसखेती भएको छ भने १५ वटा गाई फर्म, ७ वटा भैंसीपालन फर्म, २७ वटा लेयर्स पोल्ट्रीफर्म,२० वटा बाखा फर्म,१३ वटा बंगुरफर्म,१० वटा माछापालन फर्म,३ वटा बधशाला,२ वटा दाना उद्योग,१३ वटा डेरी उद्योग रहेका छन । नगर क्षेत्रमा हाल १४ प्रतिशत जमिनमा बाह्रै महिना सिचाईको व्यवस्था रहेको छ । यस नगरमा बृहत दाङ सिचाई आयोजना कार्यालयमार्फत २५ वटा पक्की कुलोहरु निर्माण अन्तिम चरणमा रहेको छ । यहा २८ वटा ठूला र मध्यम सिचाई कुलोहरु रहेको र २ वटा लिफ्ट सिचाई आयोजना सञ्चालनमा रहेका छन भने गहते खोलामा हार्भेष्टिङ ड्याम रहेको । यस नगरपालिकामा ....वटा डिपबोरिङ र ......वटा स्यालो ट्युववेल रहेका छन । प्रयाप्त सिचाइ नहुदा यहा खेति योग्य सवै जमिनमा वाह्रै महिना सिंचाइ हुन सकिरहेको छैन जसले गर्दा अपेक्षित उत्पादन हुन सकरहेको छैन । यसका लागी उपमहानगरपालिकाको विशेष ध्यान जान जरुरी छ ।

उपमहानगरपालिकामा चमेरे गुफा, शिव गुफा र समशितोष्ण गुफा,त्रिसिद्धेश्वरी मन्दिर, बिजौरी शिवालय मन्दिर, थर्कोट सिद्धबाबा मन्दिर, शितलपुर मन्दिर, राधाकृष्ण मन्दिर, ओम नर्सिङ भैरवनाथ मन्दिर लगाएत का मन्दिर,७ वटा चर्च, ८ वटा गुम्वा र ३ वटा मस्जिद रहेका छन । सुकीदह, गौरीगाउँ र शहिद स्मृती ताल,भुँइयार थान हरु पनि रहेका छन । यस नगरमा राप्ती शान्ति उद्यान, पुष्पलाल पार्क र शहिद स्मृति पार्क,छिल्लीकोट ऐतिहासिक कालिकामालिका धार्मिक तथा पर्यटकीय स्थल रहेका छन । यहा थर्कोट दृश्यावलोकन स्थल, हात्ती ढुंगा पर्यटकीय क्षेत्र ,सुकौराकोट थारु राजा दंगिशरण दरवारको अवशेष रहेका छन । उपमहानगरपालिले घुम्न जाऔं तुलसीपुर अभियान सञ्चालन गरिरहेको छ । पर्यटकिय क्षेत्रहरुको स्तर उन्नति,जिर्णोद्धार र पुर्ननिर्माण मा नगरपालिकाको ध्यान जान जरुरी छ । त्यसै गरी पर्यटनस्थलमा आवश्यक सुविधा तथा त्यहा पुग्न सडकको स्तर उन्नति र विस्तार हुन जरुरी देखिन्छ ।

यस उपमहानगरपालिका २०,४४२ परिवारको वैंक खाता रहेका छ । यहा २५ वटा 'क' बर्गकोसहित ३४ वैंकहरु,१० वटा वित्तिय संस्थाहरु,२७१ सहकारी संस्थाहरु रहेका छन । उपमहानगरपालिकाले नगद विहीन कारोवार को प्रयास थालेको छ । उपमहानगरपालिकामा औद्योगीक ग्राम स्थापनाको थालनी गरिएको छ । यहा साना, ठूला २०३ उद्योगहरु र ३९४२ वटा व्यापार व्यवसाय रहेको छन भने १ वटा सिमेण्ट उद्योग रहेको छ । यस नगरपालिकामा उद्यमशीलताका लागि ज्ञान, सीप अभिबृद्धि गर्न सके स्थानिय कच्चा पदार्थ तथा कृषिमा आधारित साना उद्योग को प्रसस्तै संभावना रहेको छ ।।

## तालिका १ : आर्थिक विकास क्षेत्रको सवल पक्ष, समस्या, सवाल र लिनुपर्ने कार्यनीतिहरु

| सवल पक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उद्धेश्य | लिनुपर्ने कार्यनितिहरु |
|---|---|---|---|---|---|
| **कृषि** | | | | | |
| -कृषीयोग्य जमिन १७२.१२ बर्ग किमी भएको<br>-६०.५ प्रतिशत घरपरिवार कृषीमा आश्रित भएको ।<br>-धान, गहुँ, मकै, आलु मुख्य अन्नबाली रहेको ।<br>-तोरी, अर्सी मुख्य तेलहन बाली रहेको ।<br>-मसुरो, चना, रहर, केराउ, मास मुख्य दलहन बालीको उत्पादन रहेको ।<br>-काउली, बन्दा, खुर्सानी, भेडे खुर्सानी, काँक्रा, सिमी, भिण्डी, लौकी, फर्सी, भण्टा, रायो, चम्सुर, पालुंगो, मेथी, क्यानकुन, सम्धिनी साग लगाएतका तरकारी उत्पादन रहेको ।<br>-अदुवा, प्याज, लसुन, वेसार, धनिया लगाएतका मसला बाली उत्पादन रहेको ।<br>-केरा, आँप, मेवा, लिच्ची, अनार, कागती, कटहर, लगाएतका फलफुल उत्पादन रहेको ।<br>- ड्रागन फ्रुट, एभोकाडो, | -परम्परागत कृषी प्रणालीमा आश्रित भई आधुनिक प्रबिधि र यान्त्रिकरण बिधि अपनाउन नसकेको ।<br>-युवा जनशक्ती कृषीमा आकर्षित नहुनु ।<br>-पर्याप्त सिचाई सुबिधा नभएको ।<br>-मल विउ समयमा नपाइने ।<br>-प्रांगारिक मल उत्पादन र प्रयोग गर्ने वैज्ञानिक विधि प्रचलनमा नरहेको ।<br>-खेतीयोग्य जमिन खण्डिकरण हुँदै गएको ।<br>-जग्गा बाँझो राख्ने प्रवृत्ती रहेको ।<br>-अव्यवस्थित बसोबास र इट्टाभट्टाका कारण खेतीयोग्य जमिन नाश भैरहेको ।<br>-जग्गा प्लटिङले खेतीयोग्य जमिन मासिइरहेको ।<br>-कृषी उपज संकलन केन्द्र नरहेको ।<br>-कृषी पकेट क्षेत्र निर्धारण नभएको ।<br>-कोल्ड स्टोरको संख्यामा | -कृषी उत्पादन घट्ने ।<br>-उत्पादन लागत बढ्ने ।<br>-आयआर्जन घट्ने ।<br>-रोजगारी घट्ने ।<br>-कृषी उत्पादनको आयात बढ्ने ।<br>-कुपोषण बढ्ने ।<br>-किसानमा नैराश्यता आउने ।<br>-रोग, किराहरुको प्रकोप बढ्ने । | -कृषीमा युवा पुस्ताको रुची नहुनु ।<br>-कृषी पेशाको पुस्तान्तरण नहुनु ।<br>-कृषीका सकारात्मक पक्ष नयाँ पुस्तामा हस्तान्तरण नहुनु ।<br>-कृषी विमाप्रति चासो कम हुनु ।<br>-कृषकहरुलाई प्रोत्साहन नहुनु ।<br>-युवाहरु वैदेशिक रोजगारप्रति आकर्षित हुनु ।<br>-प्रांगारिक मल उत्पादनको सिप, ज्ञानको कमी ।<br>-कृषीको उचित बजार व्यवस्था नहुनु ।<br>-कृषी प्राविधिकहरुको कमी हुनु ।<br>-कृषकहरु परम्परागत कृषी प्रणालीबाट आधुनिक प्रणालीमा प्रवेश गर्न कठिनाई ।<br>-आधुनिक कृषी | **कृषीमा आधुनिकिकरण र व्यवसायीकरण गर्दै प्रतिस्पर्धात्मक बनाएर कृषकहरुको जीवनस्तमा सुधार ल्याउने ।** | - कृषीलाई उपमहानगरपालिकाले प्राथामीकतामा राखी आधुनिक र व्यवसायीक बनाउने<br>-कृषीमा विषादी प्रयोगमा कमी ल्याउने ।<br>-स्थानीय रैथाने बालीहरुको संरक्षण गर्ने ।<br>-तुलसीपुरउपमहानगरपालिकामा विउविजन उत्पादन केन्द्र स्थापना गर्ने ।<br>-अगुवा कृषकहरुको क्षमता विकास गर्ने ।<br>-एक वडा, एक सामुदायिक कृषी फमको स्थापना गर्ने ।<br>-एक वडा, एक कृषी प्राबिधिकको व्यवस्था गर्ने ।<br>-व्यवसायीक कृषकहरुलाई पोशाक र परिचयपत्र वितरण गर्ने ।<br>-व्यवसायीक कृषकहरुलाई अनुदानमा आधुनिक कृषी यन्त्र तथा उपकरण वितरण गर्ने ।<br>-बाँझो जग्गा राख्ने प्रवृत्तीलाई निरुत्साहित गर्ने ।<br>-बाली सघनतामा बृद्धि गरी प्रति इकाई उत्पादकत्व बढाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| किवि लगाएतका फलफुल र रेशम खेतीको सम्भावना भएको ।<br>-पुष्प खेतीको सम्भावना रहेको ।<br>-२९१ वटा कृषक समूह रहेको ।<br>-७६ वटा कृषी फर्महरु रहेको ।<br>-८५ वटा कृषी सहकारीहरु रहेको ।<br>-एउटा व्यवस्थित तरकारी बजार रहेको ।<br>-.....च्याउ उत्पादन भैरहेको ।<br>-....व्यवसायीक माहुरी पालक कृषक रहेको ।<br>-संघीय सरकारद्वारा तुलसीपुरलाई माहुरी र तोरी जोनका रुपमा छनौट गरिएको ।<br>-सहकारीसँगको सहकार्यमा विउ उत्पादन केन्द्रको थालनी गरिएको ।<br>-तरकारी उत्पादनका लागि हालसम्म २८८ वटा प्लाष्टिक टनेल कृषक समूह र सहकारीलाई वितरण गरिएको ।<br>-कृषी समूह र सहकारीलाई ५० प्रतिशत अनुदानमा कृषी यन्त्र वितरण गरिएको ।<br>-१४ हजार फलफुलका विरुवा निशुल्क वितरण | कमी ।<br>-माटोको उर्वराशक्ती ह्रास हुँदै गएको, अम्लीयपन बढ्दै गएको ।<br>-सहुलियत कृषी ऋणमा किसानहरुको पहुँच हुन नसकेको ।<br>-कृषी उत्पादनको मूल्य श्रृंखला कायम नभएको । | | प्रणालीप्रति उदासिनता ।<br>- | | |

| | | | | | |
|---|---|---|---|---|---|
| गरिएको ।<br>-उरहरीमा एउटा कोल्ड स्टोर रहेको । | | | | | |
| **पशुपंक्षिपालन** | | | | | |
| -१८०५२ परिवार पशुपालनमा संलग्न रहेको ।<br>-६६ हेक्टर जमिनमा उन्नत घाँसखेती भएको ।<br>-१५ वटा गाई फर्म रहेको ।<br>-७ वटा भैंसीपालन फर्म रहेको ।<br>-२७ वटा लेयर्स पोल्ट्रीफर्म रहेको ।<br>-२० वटा बाख्रा फर्म रहेको ।<br>-१३ वटा बंगुरफर्म रहेको ।<br>-१० वटा माछापालन फर्म रहेको ।<br>-३ वटा बधशाला रहेको ।<br>-२ वटा दाना उद्योग रहेको ।<br>-१३ वटा डेरी उद्योग रहेको ।<br>-२१ जना ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता रहेको ।<br>-३० वटा एग्रोभेट रहेको ।<br>-चारवटा ह्याचरी रहेको ।<br>-दुईवटा गाईभैंसी प्रजनन केन्द्र रहेको ।<br>-एउटा मासु बजार रहेको । | -परम्परागत पशुपालन प्रणाली रहेको ।<br>-घाँसखेतीको प्रचलन बढ्दै गएपनि पौष्टिक पशु आहारामा कमी भएको ।<br>-दुध संकलन केन्द्रहरु नरहेको ।<br>-पशु संकलन केन्द्रहरु नरहेको ।<br>-पशुको नश्ल सुधार आबश्यकता अनुसार हुन नसकेको ।<br>-चरण क्षेत्रको संरक्षण र विकास हुन नसकेको ।<br>-पशुको अनाबश्यक प्रजनन र अनुत्पादक पशुहरुको संख्या बृद्धि भैरहेको ।<br>-पशु बधशाला अपर्याप्त र असुरक्षित रहेको ।<br>-दुग्ध चिस्यान केन्द्रको अपर्याप्तता भएको ।<br>-पशु विमातर्फ किसानहरुको आकर्षण नहुनु ।<br>-स्थानीय जातका पशुहरुको बाहुल्यता रहेको ।<br>-पशुको औषधि विक्री वितरणमा दक्ष जनशक्तीको | -पशुजन्य उत्पादन घट्नु ।<br>-पशुजन्य उत्पादन लागत बढ्नु ।<br>-पशु रोगमा बृद्धि ।<br>-गुणस्तरीय उत्पादनामा गिरावट ।<br>-पशुहरुको उपचारमा समस्या ।<br>-पशु उपचारमा किसानहरुकाको लागत बृद्धि हनु ।<br>-कार्तिकदेखि फागुनसम्म दुध विक्रीमा कमी आउनु ।<br>-दुध भण्डारणमा समस्या ।<br>-व्यवस्थित पशु विक्री र उचित मूल्यमा असर ।<br>-उपभोक्ताले गुणस्तरीय मासु प्राप्त गर्न नसक्नु ।<br>-पशुजन्य उत्पादनको सहज विक्रीमा कठिनाई । | -आधुनिक पशुपालन प्रणाली अपनाउन नसक्नु ।<br>-कृषी प्रबिधि प्रसार कार्य प्रभावकारी हुन नसक्नु ।<br>-पशु व्यवसाय प्रवर्द्धनमा लगानी र अनुदानमा कमी ।<br>-चरन क्षेत्र तोकी व्यवस्थित गर्न नसक्नु ।<br>-सामुदायिक वन क्षेत्रमा पशु चरिचरनमा रोक लगाउनु ।<br>-आर्थिकरुपले अनुत्पादक पशुहरुको प्रजनन नियन्त्रण गर्न नसक्नु ।<br>-नश्ल सुधार सहजरुपमा किसानसम्म पुग्न | **उन्नत पशुपालनको माध्यमबाट कृषकहरुको आयआर्जनमा बृद्धि गर्ने ।** | -उन्नत पशुपालन व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्ने ।<br>-कृषी प्रसारका विधिहरुलाई अवलम्वन गर्ने ।<br>-चरन क्षेत्रको संरक्षण र सुधार गर्ने ।<br>-पशुपालन पकेट क्षेत्र निर्धारण गर्ने ।<br>-घाँस खेतीलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने ।<br>-ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको परिचालन गर्ने ।<br>-ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको क्षमता अभिवृद्धि गरी आधारभूत पशु स्वास्थ्य सेवा प्रदान गर्ने ।<br>-एक वडा, एक ट्रेविज र डिपिङ ट्यांकको स्थापना गर्ने ।<br>-मासु बजारको बिस्तार गर्ने ।<br>-चिस्यान केन्द्रको स्थापना गर्ने ।<br>-उत्कृष्ट पशुपालक किसानलाई प्रोत्साहन गर्ने ।<br>-पशुपालक किसानका समूहलाई प्राविधिक सहयोगसहित परिचालन र विस्तार गर्ने ।<br>-नश्ल सुधारलाई किसानसम्म पुऱ्याउने र प्रवर्द्धन गर्ने ।<br>-पशुपालन व्यवसाय प्रवर्द्धनका लागि अनुदानको व्यवस्था गर्ने ।<br>-भेडापालन व्यवसायलाई प्रवर्द्धन गर्दै ऊन उत्पादनमा वृद्धि गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| -चारवटा डिपिङ ट्यांक रहेको ।<br>-एउटा ट्रेविज रहेको ।<br>-दुईजना इन्सिमिनेटर (कृतिम गर्भाधारणकर्ता) रहेको ।<br>-चारओटा दुग्ध सहकारी संस्था रहेको ।<br>-दुईवटा बोयर बाखा स्रोत केन्द्र रहेको ।<br>-३६ वटा पशुपंक्षीपालक कृषक समूह रहेको । | अभाव ।<br>-ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको उचित परिचालन हुन नसक्नु ।<br>-सबै वडामा आबश्यकता अनुसार ट्रेभिज र डिपिङ ट्यांकको व्यवस्था नहुनु ।<br>-पशु शाखामा भौतिक संरचना र आबश्यक स्रोत साधनको अभाव । | | नसक्नु ।<br>-पशुको औषधी बिक्री वितरणबारे नियमित अनुगमन र नियमन हुन नसक्नु । | | -स्थानीय कुखुरा (साकिनी) को संरक्षण र प्रवर्द्धन गर्ने ।<br>-वदिया भाले उत्पादनमा बृद्धि गर्ने ।<br>-प्रत्येक बर्ष पशु स्वास्थ्य शिविर सञ्चालन गर्ने ।<br>-प्रत्येक बर्ष पशुमेला सञ्चालन गर्ने ।<br>-पशुजन्य उत्पादन र औषधी बिक्री वितरणलाई अनुगमन र नियमन गर्ने ।<br>पशुहरुको गोठ तथा भकारो सुधार गरी पशुपंक्षीजन्य उत्पादनमा बृद्धि गर्ने । |
| **सिचाईं** | | | | | |
| -बृहत दाङ सिचाई आयोजना कार्यालय रहेको ।<br>-बृहत दाङ सिचाई आयोजना कार्यालयमार्फत २५ वटा पक्की कुलोहरु निर्माण अन्तिम चरणमा रहेको ।<br>-२८ वटा ठूला र मध्यम सचाई कुलोहरु रहेको ।<br>-१४ प्रतिशत जमिनमा बाह्रै महिना सिचाईको व्यवस्था भएको ।<br>-२ वटा लिफ्ट सिचाई आयोजना सञ्चालनमा रहेको ।<br>-गहते खोलामा हार्भेष्टिङ ड्याम रहेको ।<br>-....वटा डिपबोरिङ रहेको । | -अधिकांश खेतीयोग्य जमिन मौसमी सिचाईमा आधारित रहेको ।<br>-भएका सिचाई कुलोहरुको मर्मत सम्भार नहुनु ।<br>-अधिकांश सिचाई कुलोहरु कच्ची हुनु ।<br>-सिचाईमा बिधुतको अभाव ।<br>-सिचाईमा पानीको स्रोतको कमी ।<br>-उत्तरी भेगमा भूमिगत सिचाई योजना असफल रहेको । | -जग्गा बाँझो हुनु ।<br>-उत्पादन घट्नु ।<br>-कृषकहरुको आम्दानी घट्नु ।<br>-कृषी पेशामा आकर्षण घट्नु ।<br>-बाली सघनता घट्नु ।<br>-जमिनको उत्पादकत्व घट्नु । | -सिचाईमा बजेट स्रोतको कमी ।<br>-सिचाई क्षेत्रको प्राथमिकिकरण र विविधिकरण नहुनु ।<br>-पानी भण्डारण क्षमता नहुनु ।<br>-सिचाईमा विकास साझेदारहरुको लगानी कम हुनु । | **सिचाई सुबिधाको विस्तार गरी उत्पादनमा बृद्धि गर्ने ।** | -खेतीयोग्य जमिनमा सिचाई सुबिधा बिस्तार गर्ने ।<br>-पानी भण्डारण क्षमता बृद्धि गरी पानीका स्रोत संरक्षण गर्ने ।<br>-साना खोलाहरुमा हार्भेष्टिङ ड्याम निर्माण गरी सिचाई गर्ने ।<br>-ग्वारखोला र पातुखोलाामा हाईड्याम निर्माण गरी सिचाई सुबिधा बिस्तार गर्ने ।<br>-साना चिराहरुमा ड्याम निर्माण गर्ने ।<br>-आकाशेपानी संकलन गरी सिचाई पोखरी निर्माण गर्ने ।<br>-परम्परागत पोखरीहरुको संरक्षण तथा विस्तार ।<br>-सम्भाव्यता र दिगोपनाको अध्ययन गरी भूमिगत सिचाई प्रणालीलाई व्यवस्थित र विस्तार गर्ने ।<br>-प्रत्येक सिचाई आयोजनामा मर्मत |

| | | | | | |
|---|---|---|---|---|---|
| -......वटा स्यालो ट्युववेल रहेको ।<br>-४ वटा सिचाई प्रणाली रहेको । | | | | | सम्भार कोषको व्यवस्था गर्ने । |
| **पर्यटन** | | | | | |
| -चमेरे गुफा, शिव गुफा र समशितोष्ण गुफा रहेको ।<br>-त्रिसिद्धेश्वरी मन्दिर, बिजौरी शिवालय मन्दिर, थर्कोट सिद्धबाबा मन्दिर, शितलपुर मन्दिर, राधाकृष्ण मन्दिर, ओम नर्सिङ भैरवनाथ मन्दिर लगाएत ८४ वटा मन्दिर रहेको ।<br>-७ वटा चर्च रहेको ।<br>-गुम्वा ८ वटा रहेको ।<br>-मस्जिद ३ वटा रहेको ।<br>-सुकीदह, गौरीगाउँ र शहिद स्मृती ताल रहेको ।<br>-भुँइयार थान १५ वटा रहेको ।<br>-राप्ती शान्ति उद्यान, पुष्पलाल पार्क र शहिद स्मृति पार्क रहेको ।<br>-छिल्लीकोट ऐतिहासिक कालिकामालिका धार्मिक तथा पर्यटकीय स्थल रहेको ।<br>-थर्कोट दृश्यावलोकन स्थल रहेको ।<br>-हात्ती ढुंगा पर्यटकीय क्षेत्र | -पर्यटकीय स्थलसम्म पुग्न बाटोको समस्या रहेको ।<br>-पर्यटकीय स्थलमा आबश्यक सेवा सुविधाको कमी ।<br>-धार्मिक तथा पर्यटकीय क्षेत्रको जिणोद्धार तथा मर्मत सम्भार हुन नसकेको ।<br>-ऐतिहासिक पर्यटकीय तथा धार्मिक क्षेत्रको अध्ययन अनुसन्धान हुन नसकेको ।<br>-धार्मिक तथा पर्यटकीय क्षेत्रको बर्गिकरण हुन नसकेको ।<br>-पर्यटकीय पद्मार्गहरुलाई व्यवस्थित गर्न नसकिएको ।<br>-धार्मिक तथा पर्यटकीय क्षेत्रको आबश्यक प्रचारप्रसार हुन नसकेको ।<br>-बाह्य पर्यटकहरुको कमी रहेको ।<br>-धार्मिक तथा पर्यटकीय क्षेत्रको संरक्षण र प्रवर्द्धनमा आबश्यक बजेटको कमी रहेको । | -अपेक्षित पर्यटकको संख्यामा कमी ।<br>-पर्यटकलाई लामो समय टिकाउन नसकिएको ।<br>-पर्यटनको माध्यमबाट रोजगार सिर्जना हुन नसकेको ।<br>-आन्तरिक राजश्व घट्नु ।<br>-सम्बन्धित क्षेत्रको पहिचान ओझेलमा पर्नु ।<br>-पर्यटकीय क्षेत्रको पर्याप्त जानकारी हुन नसक्नु । | -पर्यटन क्षेत्रमा आबश्यक लगानी नहुनु ।<br>-पर्यटन व्यवसायलाई प्रोत्साहन गर्न नसक्नु ।<br>-पर्यटनलाई आर्थिक उपार्जनमा जोड्न नसक्नु ।<br>-पर्यटन क्षेत्रको महत्व बुझ्न नसक्नु ।<br>-घुमफिरको प्रचलन नहुनु । | **स्थानीय पर्यटन प्रवर्द्धन गरी रोजगारको सिर्जना गर्ने ।** | -पर्यटकीय क्षेत्रहरुको गुरुयोजना निर्माण गर्ने ।<br>-पर्यटकीय क्षेत्रमा सेवा सुविधा विस्तार गर्ने ।<br>-पर्यटन गाइडहरुको व्यवस्था गर्ने ।<br>-पर्यटकीय स्थलहरुमा होमस्टेको व्यवस्था गर्ने ।<br>-ऐतिहासिक तथा पुरातात्विक पर्यटकीय स्थलहरुको खोज अनुसन्धान र जिर्णोद्धार गर्ने ।<br>-पर्यटन पूर्वाधारको विकास गर्ने ।<br>-पर्यटकीय क्षेत्रको पर्याप्त प्रचारप्रसार गर्ने ।<br>-घुम्न जाऔं तुलसीपुरअभियानलाई निरन्तरता दिने ।<br>-स्थानीय समितिहरुसँग समन्वय गर्न पालिका तहको पर्यटन समिति गठन गर्ने ।<br>-कृषी, उद्योग, वन तथा पर्यावरणीय पर्यटनको विकास गर्ने ।<br>-पर्यटन पद्मार्गहरुको संरक्षण र विकास गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| रहेको ।<br>-सुकौराकोट थारु राजा दंगिशरण दरवारको अवशेष रहेको ।<br>-घुम्न जाऔं तुलसीपुरअभियान रहेको । | | | | | |
| **बैंक तथा वित्तीय सेवा** | | | | | |
| -२०,४४२ परिवारको वैंक खाता रहेको ।<br>-२५ वटा 'क' बर्गकोसहित ३४ वैंकहरु रहेको ।<br>-१० वटा वित्तिय संस्थाहरु रहेको ।<br>-२७१ सहकारी संस्थाहरु रहेको ।<br>-वचत गर्ने वानीको विकास भैरहेको ।<br>-वैंकिङ सेवाको विस्तार भैरहेको ।<br>-वैंकहरुबाट ऋण प्रवाह भैरहेको ।<br>-नगद्विहिन कारोवार बढ्दै गैरहेको ।<br>-कृषीमा सहुलियत ऋण प्रवाह बढिरहेको । | -ऋण लगानी प्रक्रिया झण्झटिलो हुनु ।<br><br>-ऋण लगानी प्रक्रियाबारे सर्वसाधारणलाई जानकारी नहुनु ।<br><br>-ऋण प्रवाहमा वैंक तथा वित्तिय संस्थाहरुको लापरवाही ।<br><br>-ऋण लिएको उद्धेश्य अनुसार व्यापार व्यवसाय सञ्चालन हुन नसक्नु ।<br><br>-वित्तिय साक्षरताको कमी ।<br><br>-वैंक तथा वित्तिय सेवाहरुमा सर्वसाधारणको सहज पहुँच नहुनु ।<br><br>-बैंकहरुबीच अस्वस्थ प्रतिस्पर्धा हुनु । | -व्यवसाय फस्टाउन नसक्नु ।<br><br>-औद्योगिकिकरण हुन नसक्नु ।<br><br>-बेरोजगार बढ्नु ।<br><br>-लगानी डुब्नु ।<br><br>-खराव कर्जा बढ्नु ।<br><br>-पूँजी स्थिर हुनु ।<br><br>-अनुत्पादक क्षेत्रमा लगानी बढ्नु । | -वैंक र वित्तिय संस्थाहरुले अनावश्य मापदण्ड निर्धारण गर्नु ।<br><br>-वैंक तथा वित्तिय संस्थाहरुको सेवा र शर्तमा एकरुपता नहुनु ।<br><br>-वैंक र वित्तिय संस्थाहरुको ऋण प्रवाहमा पारदर्शीता नहुनु ।<br><br>-वैंक तथा वित्तिय संस्थाहरुले ऋणीहरुको अनुगमन नगर्नु ।<br><br>-ऋण प्रवाहमा ढिला सुस्ती ।<br><br>-वैंक तथा वित्तिय संस्थाहरु सेवामुखी नहुनु ।<br><br>-कर्जाका दुरुपयोग हुनु । | **वैंक तथा वित्तिय सेवामा सबै नागरिकको पहुँच अभिवृद्धि गर्ने ।** | -एक व्यक्ती, एक खाता अभियान सञ्चालन गर्ने ।<br><br>-नगद्विहिन कारोवारलाई प्रोत्साहन गर्ने ।<br><br>-वित्तिय साक्षरता अभियान सञ्चालन गर्ने ।<br><br>-सरल र सुलभ कर्जा प्रवाहका लागि सहजिकरण गर्ने ।<br><br>-उद्धेश्य अनुरुप ऋण लगानीमा वैंक तथा वित्तिय संस्था र ऋणीलाई जिम्मेवार बनाउने ।<br><br>-एउटै उद्धेश्य भएका र निष्क्रिय सहकारीहरुलाई मर्जरको प्रक्रियामा लैजाने ।<br><br>-बैंकहरुबीच स्वस्थ प्रतिस्पर्धा कायम गर्ने ।<br><br>-सहुलियतपूर्ण कर्जा प्रवाहमा उपमहानगरपालिकाले बैंक तथा वित्तिय संस्थासँग समन्वय गरी लगानी गर्न प्रेरित गर्ने ।<br><br>-नगरपालिकाबाट प्रवाह हुने वित्तिय कारोवार बिभिन्न |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | -ऋण असुलीको वैकल्पिक व्यवस्था नहुनु ।<br><br>-विना धितोको ऋण न्यून हुनु । | | बैंकहरुमा वितरण गरी बैंकिङ कारोवारको चापलाई सन्तुलन गर्ने । |
| **उद्योग, व्यापार तथा बजार व्यवस्थापन** | | | | | |
| -साना, ठूला २०३ उद्योगहरु भएको ।<br>-३९४२ व्यापार व्यवसाय रहेको ।<br>-१ वटा सिमेण्ट उद्योग रहेको ।<br>-४ वटा पानी प्रशोधन उद्योग रहेको ।<br>-८ वटा क्रसर उद्योग रहेको ।<br>-२ वटा मैदा मिल रहेको ।<br>-२ वटा दाना उद्योग रहेको ।<br>-....चाउमिन उद्योग रहेको ।<br>-.....फर्निचर उद्योग रहेको ।<br>-.......ग्रिल उद्योग रहेको ।<br>-.........साबुन उद्योग रहेको ।<br>-........ईट्टा उद्योग रहेको ।<br>-.......पाउरोटी उद्योग रहेको ।<br>-.........डेरी उद्योग रहेको | -औद्योगिक क्षेत्र निर्धारण गर्न नसकिएको ।<br>-औद्योगिक क्षेत्र स्थापनामा स्थानीयको अवरोध ।<br>-बजार व्यवस्थापनमा समस्या ।<br>-बजार व्यवस्थापनमा स्थानीयको असहयोग ।<br>-अव्यवस्थित बजारका कारण सडक पेटीहरुमा अवरोध ।<br>-जथाभावी अव्यवस्थित पसलहरु सञ्चालन ।<br>-कच्चा पदार्थ उत्पादनमा कमी भएको ।<br>-दक्ष जनशक्ती अभाव रहेको ।<br>-उद्योगले उत्सर्जन गर्ने प्रदुषण नियन्त्रण हुन नसकेको ।<br>-परम्परागत उद्योगहरुको आधुनिकिकरण हुन नसकेको ।<br>-उद्योग, व्यवसायको महत्व बुझ्न नसकेको ।<br>-युवा जनशक्तीमा विदेश मोह बढी हुनु । | -स्थानीय उत्पादन घट्नु ।<br>-वेरोजगारी बढ्नु ।<br>-स्थानीय पूँजी र जनशक्ती पलायन ।<br>-वस्तुहरुको आयात बढ्नु ।<br>-स्थानीय कच्चा पदार्थ सदुपयोग नहुनु ।<br>-उद्योग व्यवसाय दर्ता प्रक्रिया झण्झटिलो हुँदा व्यवसायमा आकर्षण घट्नु । | -स्थानीय कच्चा पदार्थ प्रयोग नहुनु ।<br><br>-सर्वसुलभ तरिकाले ऋण प्राप्त नहुनु ।<br><br>-औद्योगिक चेतनाको कमी ।<br><br>-स्थानीय उत्पादनले आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्नु ।<br><br>-स्थानीय उत्पादनप्रति विश्वास नहुनु ।<br><br>-पर्याप्त उत्पादन नहुनु ।<br><br>-वनजन्य कच्च पदार्थको उपयोगिताबारे ज्ञान नहुनु ।<br><br>-कृषी क्षेत्रको उचित विकास हुन नसक्नु । | **उद्योग, कलकारखानाको विकास गरी आर्थिक समृद्धि हाँशिल गर्ने ।** | -औद्योगिक क्षेत्र निर्धारण र विस्तार गर्ने ।<br>-उद्यमीहरुलाई व्यवसायीक ज्ञान, सिप हस्तान्तरण गर्ने ।<br>-स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा लघु उद्योगहरुको प्रोत्साहन र प्रवर्द्धन गर्ने ।<br>-उद्योगी, व्यवसायीहरुलाई सहजरुपमा ऋण उपलब्ध गराउन वित्तिय संस्थाहरुसँग समन्वय गर्ने ।<br>-स्थानीय उत्पादनको बजारिकरण सहज र प्रभावकारी बनाउने ।<br>-स्थानीय उत्पादनहरुको ग्रेडिङ प्रणाली विकास गर्ने ।<br>-औद्योगिक उत्पादन, बजारको नियमित अनुगमन र नियमन गर्ने ।<br>-स्थानीय कच्चा पदार्थ उत्पादन र प्रवर्द्धनमा जोड दिने ।<br>-उद्योगमैत्री वातावरण सिर्जना गर्ने ।<br>-श्रमिकहरुको विमा गर्न रोजगारदाता र विमा कम्पनीसँग समन्वय गर्ने ।<br>-उद्योग व्यवसाय दर्ता |

| | | | | | |
|---|---|---|---|---|---|
| ।<br>-.......कागजको ग्लास उद्योग रहेको ।<br>-१ वटा कस्मेटिक उद्योग रहेको ।<br>-.....होजियारी उद्योग रहेको ।<br>-......दालमोठ उद्योग रहेको ।<br>-.....आलु, केरा चिप्स उद्योग रहेको ।<br>-.....च्याउ प्रशोधन उद्योग रहेको ।<br>-......मसला उद्योग रहेको ।<br>-......कापी उद्योग रहेको ।<br>-......आरन उद्योग रहेको ।<br>-.....सुनचाँदी उद्योग ।<br>-......<br>-६ वटा बजार केन्द्र रहेको ।<br>-८ ओटा चामलका प्लाण्टहरु रहेको ।<br>-६० वटा तेल मिलहरु रहेको ।<br>-१ वटा जिब्सन टायल उद्योग रहेको ।<br>-४ वटा पानीघट्ट रहेको ।<br>-उद्योगका लागि कच्चा पदार्थहरु रहेको ।<br>-वेलगनार र जहदा गाउँमा औद्योगिक ग्राम स्थापना भैरहेको । | -श्रमिकहरुको विमा नहुनु ।<br>-उद्योग व्यवसाय दर्ता प्रक्रिया झण्झटिलो ।<br>-उद्योग व्यवसाय दर्ता प्रक्रियामा दोहोरोपन । | | | | प्रक्रियालाई सरलिकरण गर्ने ।<br>-उद्योग व्यवसाय दर्ता एकद्वार प्रणालीमा लैजाने । |

| खाद्य सुरक्षा , गरीबी  र बेरोजगारी | | | | | |
|---|---|---|---|---|---|
| -खाद्य उत्पादनका लागि पर्याप्त जग्गा जमिन रहेको ।<br>-खाद्य उत्पादनका लागि अनुकूल र उर्वर भूभाग रहेको ।<br>-विविध खालका पौष्टिक आहारयुक्त खाद्य बालीहरु उत्पादन भैरहेको ।<br>-भोकमरी शुन्य रहेको ।<br>-प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भैरहेको ।<br>-स्वरोजगार सिर्जना गर्नेखालका सिपमुलक र आयमुलक तालिमहरु सञ्चालन भैरहेको ।<br>-आयआर्जनका लागि कृषी र पशु विकासका कार्यक्रमहरु सञ्चालन भैरहेको ।<br>-आयआर्जनका लागि होमस्टेहरु सञ्चालन भैरहेको । | -सबै खेतीयोग्य जमिनमा सिचाई नहुनु ।<br>-समयमा विउविजन, मल उपलब्ध नहुनु ।<br>-खाद्यवस्तुको सुरक्षित भण्डारणको व्यवस्था नहुनु ।<br>-भात मात्रै खाने प्रचलन बढी हुनु ।<br>-बाली विविधिकरणको कमी हुनु ।<br>-पारिवारिक पशुपालनको क्रम घट्दै गएको ।<br>-प्रधानमन्त्री रोजगार कार्यक्रम उपयुक्त योजनामा परिचालन हुन नसक्नु ।<br>-रोजगारका अवसरहरु कम हुनु ।<br>-निम्न स्तरको काम गर्न नरुचाउनु ।<br>- | -खाद्यान्न उत्पादन तथा उत्पादकत्व घट्नु ।<br>-जग्गा बाँझो हुनु ।<br>-कुपोषणको दर बढ्नु ।<br>-खाद्यान्न संकटको जोखिम बढ्नु ।<br>-खाद्यान्नमा विविधता नुहुनु ।<br>-भण्डारण गरिएको खाद्यान्नमा रोगकिरा बढ्नु ।<br>-वेरोजगार बढ्नु ।<br>-विकासको अपेक्षित प्रतिफल नदेखिनु । | - परनिर्भरताको सोच ।<br><br>-वास्तविक किसानसँग जमिन नहुनु ।<br><br>-सिचाईको प्रवन्ध मिलाउन नसक्नु ।<br><br>-पौष्टिक आहारप्रति सचेतना नहुनु ।<br><br>-एकिकृत खेती प्रणाली नुहुनु ।<br><br>-आवश्यकता अनुसार सिप नहुनु ।<br><br>-स्वरोजगारप्रति उन्मुख हुन नचाहनु ।<br><br>-विलासी जीवनशैली हुनु ।<br><br>-आर्थिक अभाव ।<br><br>-रोजगारका अवसरहरु खोजी गर्न नसक्नु । | **खाद्य सुरक्षाको प्रत्याभूत र रोजगारी सिर्जना गर्ने ।** | -खाद्य सुरक्षाको रणनीति तयार गर्ने ।<br>-अति गरिव तथा विपन्न परिवार पहिचान गरी गरिवी निवारण गर्ने ।<br>-सुरक्षित खाद्य भण्डार स्थलहरु निर्माण गर्ने ।<br>-खानपिनको आनीवानीमा सुधार गर्न सचेतना गर्ने ।<br>-जमिनको उत्पादकत्व बृद्धि गर्ने ।<br>-बाली विविधिकरण कार्यक्रम सञ्चालन गर्ने ।<br>-‘शुन्य भोकमरी’ अभियानलाई निरन्तरता दिने ।<br>-साना किसानहरुको आयआर्जन बृद्धि गर्ने ।<br>-गर्भवती, सुत्केरी र बालबालिकालाई पौष्टिक आहारसम्बन्धी सचेतना सञ्चालन गर्ने ।<br>-सुनौला हजार दिनको कार्यक्रमलाई निरन्तरता दिने ।<br>-‘एक घर, एक रोजगार’ को प्रत्याभूती गराउने ।<br>-नतिजामुलक स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने ।<br>-युवा लक्षित नयाँ व्यवसायिक विचारहरुलाई संकलन गरी कार्यक्रम सञ्चालन गर्ने ।<br>-रोजगारदाताहरुलाई रोजगारी सिर्जनामा प्रोत्साहन गर्ने ।<br>-कृषी र पशु क्षेत्रमा युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | -व्यवसायिक जोखिम वहन गर्न नचाहनु । | | -वैदेशिक रोजगारीलाई निरुत्साहित गर्ने ।<br>-परम्परागत पेशाहरुलाई आधुनिकिकरण गर्ने । |

**३.१.२.२ सामाजिक विकास**

तुलसीपुर उपमहानगरपालिकाको कुल जनसङ्ख्यामध्ये ९७ प्रतिशत जनसङ्ख्या साक्षर रहेका छन् । यस उपमहानगरपालिकामा नेपाल संस्कृत विश्वविद्यालय रहेको छ । नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत केन्द्रीय आयुर्वेद विद्यापीठमा बिएएम्एस् ( आयुर्वेद चिकित्सक) को पढाइ हुने गरेको छ । नेसंवि अन्तर्गत संस्कृततर्फ २ वटा र आयुर्वेदतर्फ १ वटा गरी ३ वटा आंगिक क्याम्पस रहेका छन । यहा तुलसीपुर बहुप्राबिधिक शिक्षालय ( मेट्रो कलेज) रहेको छ । यस नगरमा राप्ती बबई सामुदायिक क्याम्पस का साथै बिभिन्न विश्वविद्यालयबाट सम्बन्धन प्राप्त निजि कलेजहरु (विज्ञान, कृषी, व्यवस्थापन, कम्प्युटर) रहेका छन । त्यसैगरी २२ वटा सामुदायिक माध्यमिक विद्यालय,एउटा शहिद स्मृती आवासीय माध्यमिक विद्यालय ,१० वटासामुदायिक आधारभूत बिद्यालयहरु ६६ वटा संस्थागत बिद्यालयहरु ६ वटा सामुदायमा आधारित र १३६ बिद्यालयमा आधारित गरी १४२ बालविकास केन्द्रहरु ,अपांगता भएका बालबालिकाहरुका लागि २ वटा स्रोत कक्षाहरु ( बहिरा र दृष्टिविहिन) र एउटा मदरसा रहेका छन भने ९ वटा सामुदायिक सिकाई केन्द्रहरु रहेका छन । विषयगत शिक्षक दरबन्दीको अभाव, बालबालिकाका लागि छुट्टाछुट्टै शौचालय, आवश्यक फर्निचर, परम्परागत शिक्षण विधि, अपेक्षित विद्यार्थीको सिकाइ उपलब्धि कम हुनु यस नगरका विद्यालयका मुख्य समस्याहरु हुन् ।

तुलसीपुर उपमहानगरपालिकामा राप्ती प्रादेशिक अस्पताल रहेको छ । यस अस्पतालले विरामीहरुको उपचारका साथै एकद्वार संकट व्यवस्थापन प्रणाली (ओसिएम्सी) ,दमका रोगीहरुलाई प्रतिव्यक्ती बार्षिक ५० हजारसम्मको निशुल्क औषधि उपचार,पाठेघर खसेका महिलालाई निशुल्क अप्रेशन सेवा,निशुल्क मृगौला डायलाशिस सेवा,राप्ती एच्आइभीबिरुद्ध निशुल्क एआरटी औषधी वितरण गरिरहेको छ । यस उपमहानगरपालिकामा प्रादेशिक आयुर्वेद अस्पताल,राप्ती आयुर्वेद चिकित्सालय रहेको छ । त्यसैगरी यस नगरमा,संघीय सरकारबाट हस्तान्तरित ८ वटा स्वास्थ्य चौकीहरु, १० वटा नगर स्वास्थ्य केन्द्र,१ वटा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र रहेका छन । उपमहानगरपालिका भित्र १ वटा आँखा अस्पताल, १ वटा ब्लड बैंक ४ वटा निजी अस्पतालहरु रहेका छन भने ६ स्वास्थ्य चौकीमा २४ घण्टे आपतकालिन आधारभूत प्रसुती सेवा सञ्चालनमा रहेका छन । १, १३ र १९ वडामा एम्बुलेन्स सेवा सञ्चालन भएको छ । उपमहानगरपालिकामा २ वटा पोषण कर्नर तथा बहिरंग उपचार केन्द्र स्थापना भएको छ । यो उपमहानगरपालिकापूर्ण खोपयुक्त नगरपालिका घोषणा भैसकेको छ । उपमहानगरपालिका ले सुत्केरीलाई थप प्रोत्साहन भत्ता वितरण गरेको छ जसले गर्दा मातृ र शिशु मृत्युदर सुन्यमा झरेको छ । स्वास्थ्य संस्थाका भवनहरु पर्याप्त नहुनु,सवै स्वास्थ्य संस्थाहरुमा ल्याब तथा फार्मेसी सेवा नहुनु तथा आवश्यक जनशक्ति नहुँदा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा समस्या देखिएको छ ।

खुला दिसामुक्त क्षेत्र घोषणा भइसकेको यस नगरपालिकामा ...वटा खानेपानी का आयोजना रहेका छन भने १८८२१ अर्थात ५३.८१ प्रतिशत परिवारले पाइप प्रणलिको पानी खाने गरेका छन । उपमहानगरपालिकामा १९ वटा खानेपानी आयोजना सञ्चालित छन भने नगर स्तरीय खानेपानीसरसफाई तथा स्वच्छता गठन भएको छ । नगरमा रहेका खानेपानी आयोजनाहरु लाइ व्यवस्थित गर्ने कामहरु भैरहेका छन । तरपनि अझैपनि ४६.१९ प्रतिशत परिवारमा पाइप प्रणालिको पानी नपुग्नु चुनौतिको विषय रहेको छ ।

उपमहानगरपालिकामा ९ वटा महिला सहकारी संस्था,३ वटा कृषी महिला सहकारी संस्था रहेका छन जसमा ५ हजार ५ सय महिला सहकारीमा आवद्ध भएका छन । महिला अधिकारमा काम गर्ने संघसस्था, अन्तर पार्टी महिला संजाल र महिला अधिकार सम्बन्धी काम गर्ने बिभिन्न सञ्जालहरु रहेका छन । उपमहानगरपालिका स्तरमा हिंशा प्रभावित महिला तथा बालिकाका लागि उपमेयर अल्पकालिन महिला सुरक्षा सेवा केन्द्र सञ्चालनमा रहेको छ । उपमहानगरपालिकामा लैंगिक हिंशा राहत कोष स्थापना गरिएको छ ।

नगरपालिकाले वालविवाह न्युनीकरणका लागी स्मार्ट छोरी कार्यक्रम सञ्चालन र विद्यालय पढ्ने छोरीहरकालागी साइकल नितरण गरेको छ । नगरमा ५० वटा बाल क्लवहरु रहेका छन भने १७ वडामा बाल

संजाल रहेको छन भने नगरको वडानं. ६ बालश्रममुक्त घोषणा भएको छ। उपमहानगरपालिकाले -बालमैत्री आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । जोखिममा रहेका वालवालिकाहरुको लागि आपतकालिन एवं जोखिम अबस्थामा रहेका बालबालिकाको संरक्षणको लागि अल्पकालिन बालगृह सञ्चालन कार्यबिधि २०७६ तयार भएको छ । नगर स्तरमा वालहित कोष र अल्पकालिन ट्रान्जीट होमका लागि वजेट विनियोजन गरिएको छ । वडा तथा नगरस्तरमा अपाङ्ग समन्वय समिति गठन तथा विशेष क्षमता भएका वालवालिकालाई पढाउने दुई वटा विद्यालय रहेका छन ।

तुलसीपुर उपमहानगरपालिकामा एक वटा वृद्धाश्रम रहका छ भने नगरस्तर र १९वटै वडाहरुमा वडा संजाल रहेको छ। जेष्ठ नागरीकहरुलाइ स्वास्थ्य संस्थाहरुमा निशुल्क औषधी उपचारको व्यवस्था, घरदैलोमा स्वास्थ्य जाँच र प्रत्येक वर्ष ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरण गर्ने गरिएको छ भने ज्येष्ठ नागरिकलाई आन्तरिक तिर्थयात्राका साथै ज्येष्ठ नागरिकका लागि निशुल्क अश्वगन्धा चुर्ण र महानारायण तेल वितरण भैरहेको छ। उपमहानगरपालिकामा ४०.३५ प्रतिशत युवा जनशक्ती रहेको छ। यहा नगरस्तरीय युवा संजाल र १९ वटै वडामा वडा स्तरीय युवा संजालहरु रहेका छन। नगर स्तरमा नमूना युवा संसद् रहेको छ । त्यसै गरी १२० जना युवाहरुलाई उद्यमशिलता विकास तालिम दिइएको छ। तुलसीपुर'स्पोर्ट सिटी' का रुपमा विकास भैरहेका छ । बेलझुण्डीमा १ वटा राष्ट्रियस्तरको सिन्थेटिक ट्र्याकसहितको एथ्लेटिक्स/फुटबल रंगशाला, वडानं. ६ मा १ वटा बहुउद्धेश्यीय कराँते कभर्ड हल,-तुलसीपुरको ६ नं. वडामा १ वटा टेबुलटेनिस हल,- वडानं. ९ मा १ वटा कराँते हल, ५ नं. वडामा अरनीको खेल मैदान।-तुलसीपुरको ६ नं. वडामा गौरीगाउँ खेल मैदान, १५ नं. वडामा कोठरी खेलकूद मैदान रहेका छन । नगरमा मेयरकप फुटबल प्रतियोगिता,मैत्रीपूर्ण खेलहरु,राष्ट्रपति रनिङ शिल्ड सञ्चालन भैरहेका छन।

यस नगरपालिकामा दशैं, तिहार, कृष्ण जन्माष्टमी, तीज, माघी, अट्वारी, होली, चैते दशैं, शिवरात्री, गाईजात्रा, रोपाईजात्रा, बकर ईद्, क्रिस्मस आदि पर्वहरु मनाउने गरिन्छ। यहा थारु, मगर, नेवार भाषाहरु रहेका छन। थारु समुदायमा सृष्टिसँग सम्बन्धित पौराणिक गितहरु, -थारु समुदायमा महाभारतमा आधारित बर्कीमार, रामायणमा आधारित रामबिग्राहा, पुराणमा आधारित कृष्ण जन्माष्टमीमा गाइने गित, विवाहमा गाइने माँगर, सजना, मैना, ढमार, वनगित्वा र दशैंमा गाइने सखिया गितको प्रचलन रहेको छ। मेला जात्रा हरुमा भोटेमेला, सुकीदह मेला, सुवाकोटी मेला, शिवरात्री मेला आदि रहेका छन। यहा -थारु, मगर, नेवार, गुरुङ संस्कृती रहेको छ।

यस नगरमा महिला हिंसा घट्दो क्रममा रहेको छ भने छुवाछुत प्रथा नगन्य मात्रामा रहेको छ। नगरस्तरमा दलित सञ्जाल, बाल क्लब, बाल सञ्जाल तथा जेष्ठ नागरिक र अपाङ्गको सञ्जाल रहेको छ। सामाजिक समावेशीकरणको क्षेत्रमा बजेट अपर्याप्त हुनु, सञ्जाल तथा समितिहरु आवश्यकताअनुसार क्रियाशील नहुनु, परम्परागत पेशालाई आधुनिकीकरण गर्न नसक्नु , सामाजिक विभेद कायमै रहनु जस्ता सवालहरुको उचित सम्बोधन हुन जरुरी देखिन्छ । यसका साथै यहाका परम्परागत स्थानिय भेष भुषा कलासंस्कृतिको जगेर्ना तथा परम्परागत कलासंस्कृतिको संरक्षणका लागि उपमहानगरपालिकाको ध्यान जान जरुरी छ।

## तालिका २ : सामाजिक विकास क्षेत्रको सवलपक्ष  समास्या सवाल र लिनुपर्ने कार्यनीतिहरु

| सवलपक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उद्धेश्य | लिनुपर्ने कार्यनितिहरु |
|---|---|---|---|---|---|
| **शिक्षा तथा मानव संशाधन** | | | | | |
| -नगरपालिकाको शिक्षा नीति तथा कार्यक्रम रहेको ।<br>-नेपाल संस्कृत विश्वविद्यालय भएको ।<br>-नेसंवि अन्तर्गत आयुर्वेद अध्ययन संस्थान रहेको ।<br>-नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत केन्द्रीय आयुर्वेद विद्यापीठमा बिएएम्एस् (आयुर्वेद चिकित्सक) को पढाइ हुने गरेको ।<br>-नेसंवि अन्तर्गत संस्कृततर्फ २ वटा र आयुर्वेदतर्फ १ वटा गरी ३ वटा आंगिक क्याम्पस रहेको ।<br>-नेसंवि अनुसन्धान केन्द्रमार्फत पिएच्डी कार्यक्रम सञ्चालनमा | -नेसंवि केन्द्रीय आयुर्वेद विद्यापीठका लागि २ सय शैयाको शिक्षण अस्पताल अभाव नहुनु ।<br>-नेसंविको आयुर्वेद शिक्षणतर्फ आबश्यक जनशक्तीको अभाव ।<br>-नेसंविमा प्रायोगिक विधातर्फका शैक्षिक उपकरणहरु पर्याप्त नहुनु ।<br>-केही बिद्यालयहरुमा कक्षा कोठाको कमी रहेको ।<br>-४० प्रतिशत बिद्यालयहरुमा घेराबारको व्यवस्था नभएको ।<br>-बालविकास केन्द्रका लागि मापदण्ड अनुसारका पूर्वाधार र सामग्रीहरु नभएको ।<br>-अधिकांश बिद्यालयका कक्षा कोठाहरु भूकम्प | -बिएएम्एस् अध्ययनरत बिद्यार्थीको शिक्षण सिकाईमा कमी ।<br>-सैद्धान्तिक कक्षाको प्रयोगात्मक अभ्यास हुन नसक्नु ।<br>-आयुर्वेदका दक्ष जनशक्ती उत्पादनमा समस्या ।<br>-कक्षा कोठामा न्यूनतम मापदण्डभन्दा बढी बिद्यार्थी हुनु ।<br>-बालबालिकाले कक्षा छोड्ने दर बढ्नु ।<br>-बालबालिकाले कक्षा दोहोराउने दर बढ्नु ।<br>-बालबालिकाको सिकाई उपलब्धि कम हुनु ।<br>-बिद्यालयमा प्रधानाध्यापकहरु कम उपस्थिती हुनु ।<br>-बालबालिका बिद्यालय | -नगरपालिकाको शिक्षा रणनीति नहुनु ।<br>-सामुदायिक बिद्यालयमा व्यवस्थापन चुस्त, दुरुस्त नहुनु ।<br>-शिक्षकहरुमा जवाफदेहीताको कमी ।<br>-शिक्षामा लगानी कम हुनु ।<br>-बिद्यालयमा पर्याप्त दरवन्दि नहुनु ।<br>-बिद्यालयमा अनाबश्यक राजनीतिक हस्तक्षेप हुनु ।<br>-निश्चित मापदण्डका आधारमा शिक्षकहरुलाई पुरस्कार र दण्डको | **गुणस्तरीय आधारभूत तथा माध्यमिक शिक्षामा सबैको पहुँच पुर्‍याउने ।** | -२ सय शैयाको आयुर्वेद शिक्षण अस्पताल निमौण गर्ने ।<br>-शिक्षा रणनीति निर्माण गर्ने ।<br>-बिद्यालयहरुको न्यूनतम मापदण्ड निर्धारण गर्ने ।<br>-बिद्यालयमा आबश्यक भौतिक संरचना निर्माण र सुरक्षा गर्ने ।<br>-बिद्यालयमा स्तरीय फर्निचरहरुको मापदण्ड बनाई व्यवस्थापन गर्ने ।<br>-बिद्यालयमा खानेपानी, शौचालयको उचित व्यवस्था गर्ने ।<br>-भौतिक संरचना बालमैत्री, अपांगमैत्री बनाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| रहेको ।<br>-तुलसीपुरबहुप्राबिधिक शिक्षालय (मेट्रो कलेज) भएको ।<br>-राप्ती बबई सामुदायिक क्याम्पस रहेको ।<br>-बिभिन्न विश्वविद्यालयबाट सम्बन्धन प्राप्त निजि कलेजहरु (विज्ञान, कृषी, व्यवस्थापन, कम्प्युटर) रहेको ।<br>-शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट सम्बन्धन प्राप्त एक (मावि सेन्टर, कक्षा ९-१२) प्राबिधिक बिद्यालय रहेको ।<br>-सिटिइभिटिबाट सम्बन्धन प्राप्त प्राबिधिक बिद्यालय ८ वटा रहेको ।<br>-प्रदेश सरकारबाट सञ्चालित एउटा शिक्षा तालिम केन्द्र रहेको ।<br>-२२ वटा सामुदायिक माविहरु रहेको ।<br>-एउटा शहिद स्मृती आवासीय मावि रहेको ।<br>-१० सामुदायिक आधारभूत बिद्यालयहरु रहेको ।<br>-६ वटा सामुदायमा आधारित र १३६ बिद्यालयमा आधारित गरी १४२ बालविकास केन्द्रहरु रहेको । | प्रतिरोधी नभएको ।<br>-बिद्यालयका कक्षा कोठाहरु अपर्याप्त र असुरक्षित रहेको ।<br>-सामुदायिक बिद्यालयका १४ प्रतिशत कक्षा कोठाहरु शिक्षण सिकाईका लागि अनुपयुक्त रहेको ।<br>-टिनले छाएका कक्षा कोठाहरुमा बर्षात र गर्मीको समयमा पठनपाठन गर्न कठिनाई ।<br>-बिद्यालयमा आवश्यक फर्निचरको अर्पाप्तता भएको ।<br>-बिद्यालयमा उपलब्ध फर्निचरहरु गुणस्तरीय नभएको र नियमित मर्मत सम्भार नभएको ।<br>-बिद्यार्थीको उमेर अनुसार अनुकूल डेस्क, बेञ्चहरु नभएको ।<br>-बिद्यालयमा फर्निचरको व्यवस्थापन विपद् जोखिम न्यूनिकरण र जलवायु अनुकूल नभएको ।<br>-बस्ने स्थानमा पनि फलाम प्रयोग भएका फर्निचरहरु बालबालिकाका लागि अनुकूल नभएको ।<br>-बिद्यालयमा शुद्ध खानेपानीको कमी ।<br>-७२ बिद्यार्थीका लागि एउटा शौचालयको व्यवस्था भएको ।<br>-भएका शौचालयमा | समयमा बाहिर निस्कनु ।<br>-अनाबश्यक मानिसहरु बिद्यालयमा प्रवेश गर्नु ।<br>-बिद्यालयको सम्पत्ती असुरक्षित हुनु ।<br>-विपद्ले निम्त्याउने जोखिम बढ्नु ।<br>-बसाई तथा शिक्षण सिकाई असहज हुनु ।<br>-शौचालय फोहोर तथा दुर्गन्धित हुनु ।<br>-बिद्यालय परिसर फोहोर हुनु ।<br>-शिक्षक नहुँदा कक्षाकोठा खाली हुनु ।<br>-कोर्ष समयमा पूरा नहुनु ।<br>-रिभिजन नहुनु ।<br>-परीक्षा प्रणाली गुणस्तरीय नहुनु ।<br>-कक्षा कार्य र गृहकार्य नदिनु र चेक नहुनु ।<br>-परियोजना कार्य र प्रयोगात्मक अभ्यास नहुनु । | व्यवस्था नहुनु ।<br>-बिद्यालयका भौतिक संरचनाहरु समयमै मर्मत सम्भार नहुनु ।<br>-बिद्यालयका योजनाहरु भौतिक कार्यमा मात्रैमा सिमित हुनु ।<br>-बिद्यालय सुधार योजनाले तोकेका क्रियाकलाप कार्यान्वयन नहुनु ।<br>-शिक्षकहरुले एक्सन रिसर्च नगर्नु ।<br>- | | -सबै माविहरुमा प्रयोगशालाहरु निर्माण गर्ने ।<br>-आधारभूत बिद्यालयहरुमा न्यूनतम प्रयोगशालाहरुको व्यवस्था गर्ने ।<br>-सबै माविहरुमा ई-लाइब्रेरीको व्यवस्था गर्ने ।<br>-तुलसीपुरबहुप्राबिधिक शिक्षालयमा ई-लाइब्रेरीको व्यवस्था गर्ने ।<br>-सबै आधारभूत बिद्यालयमा बुक कर्नरको व्यवस्था गर्ने ।<br>-मापदण्ड अनुसार बालविकास केन्द्रका भवनहरु निर्माण गर्ने ।<br>-मेट्रो कलेजमा बिषयहरु बिस्तार गर्दै जाने ।<br>-१ देखि ५ कक्षासम्मको स्थानीय पाठ्यक्रम तयार पारी पठनपाठन गराउने ।<br>-प्राबिधिक शिक्षाको महत्वबारे प्रत्येक बिद्यालयमा परामर्श गर्ने ।<br>-प्राविधिक बिषयका लागि ज्ञान बृद्धि गर्न अन्तर कलेज सहयोगको व्यवस्था गर्ने ।<br>-मापदण्ड निर्धारण गरी विविधखालका प्राबिधिक बिषयहरुको स्विकृती दिने |

| | | | | | |
|---|---|---|---|---|---|
| -६६ वटा संस्थागत बिद्यालयहरु रहेको ।<br>-अपांगता भएका बालबालिकाहरुका लागि २ वटा स्रोत कक्षाहरु ( बहिरा र दृष्टिविहिन) रहेको ।<br>-एउटा (गुरुजजुर मावि) नमूना बिद्यालय रहेको ।<br>-एउटा (महेन्द्र मावि) खुला बिद्यालय रहेको ।<br>-जनजागृती मावि पातु वनगाउँमा ई-लाइब्रेरी भएको<br>-एउटा मदरसा रहेको ।<br>-९ वटा सामुदायिक सिकाई केन्द्रहरु रहेको ।<br>-साक्षरता दर ९७ प्रतिशत रहेको ।<br>-सामुदायिक बिद्यालयको शिक्षक बिद्यार्थी अनुपात मावि (११-१२) मा ११८.७३, मावि (९-१०) मा ५३.१३ निमावि (६-८) मा ४८.१३ र प्रावि (१-५) मा १९.३४ रहेको ।<br>-सामुदायिकमा ७९५ र संस्थागत १६२९ गरी २४२४ शिक्षकहरु रहेको ।<br>-सामुदायिक बिद्यालयमा दरवन्दीका जम्मा ५७० शिक्षकहरु रहेको ।<br>-बाल शिक्षक (सका) १४२ जना रहेको ।<br>-बिद्यालयका कर्मचारी | सरसफाई व्यवस्थापन हुन नसकेको ।<br>-बिद्यालय भवन र शौचालय बालमैत्री तथा अपांगमैत्री हुन नसकेको ।<br>-१० प्रतिशत बिद्यालयमा खेलमैदान नभएको ।<br>-५२ प्रतिशत बिद्यालयमा पुस्तकालय नभएको । भएका पुस्तकालयको पनि उचित व्यवस्थापन र उपयोग हुन नसकेको ।<br>-५४ प्रतिशत बिद्यालयमा कम्प्युटर ल्यावको व्यवस्था नभएको ।<br>-जनजागृती मावि पातु वनगाउँ वाहेक अन्य २२ माविमा ई-लाइब्रेरी नभएको ।<br>-केही विज्ञान प्रयोगशाला भए पनि अधिकांश बिद्यालयमा बिषयगत प्रयोगशालाहरु नभएको ।<br>-अतिरिक्त क्रियाकलाप/सह क्रियाकलाप सञ्चालनका लागि प्रशिक्षकको अभाव ।<br>-८ कक्षाको बिषयगत सिकाई उपलब्धी मापन गर्न एसईई मोडेलमा परीक्षा सञ्चालन गर्दा सामुदायिक बिद्यालयका अंग्रेजी (२६), गणित (१४), विज्ञान (२४) र नेपाली ( ३९) बिषयको प्राप्तांक प्रतिशत रहेको । | | | | व्यवस्था गर्ने ।<br>-बालविकास केन्द्रलाई बालअनुकूल र प्रभावकारी बनाउने ।<br>-शैक्षिक जनशक्तीलाई मापदण्ड बनाई पुरस्कार र दण्डको व्यवस्था गर्ने ।<br>-शिक्षकहरुलाई गोल्डेन हेण्डसेकको व्यवस्था गर्ने ।<br>-दक्ष जनशक्तीलाई बिद्यालय प्रवेशमा प्रोत्साहन गर्ने ।<br>-शिक्षकहरुलाई शिक्षण सिकाईका तालिमहरु प्रदान गर्ने ।<br>-विपद्को समयमा वैकल्पिक पठनपाठनको व्यवस्था गर्ने ।<br>-दरवन्दी अनुसार शिक्षक, कर्मचारीको व्यवस्था गर्ने ।<br>-कक्षा, शिक्षक र बिद्यार्थी अनुपात १:१.५:४० कायम गर्ने ।<br>-अतिरिक्त क्रियाकलाप र सह कार्यकलापका लागि प्रशिक्षकहरुको व्यवस्था गर्ने ।<br>-एक बिद्यालय-एक नर्सको व्यवस्था गर्ने ।<br>-बिद्यालयका आबश्यक कर्मचारीहरुको व्यवस्था गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| १०२ जना रहेको ।<br>-गुणस्तर सुधार कार्यक्रम अन्तर्गत टिच फर नेपालसँग सहकार्य भएको ।<br>-सिकाई स्तर कमजोर भएका ३, ४ र ५ कक्षाका बिद्यार्थीहरुको स्तर सुधार्न चेञ्जिङ स्टोरीज संस्थासँग सहकार्य भएको ।<br>-१ देखि ८ कक्षासम्मका २८०६६ बिद्यार्थीहरुमा सिकाई उपलब्धीबारे आधारभूत सर्वेक्षण भएको ।<br>-८ कक्षाको सिकाई गुणस्तरबारे अध्ययन भएको ।<br>-२६ वटा बिद्यालयका ३, ४ र ५ कक्षाका १६९२ बालबालिकाहरुमाभ्र कमजोर बिद्यार्थी पहिचान परीक्षा सञ्चालन गरी कमजोर सिकाई स्तर भएका १२ बिद्यालयका ३०० बालबालिकाहरुलाई बिद्यालय समयवाहिर उपचारात्मक कक्षामार्फत गुणस्तर सुधारको काम भैरहेको ।<br>-उत्कृष्ट शिक्षकहरुलाई पुरस्कार र प्रोत्साहन गर्ने गरेको ।<br>-सिकाई उपलब्धी कमजोर भएका ५ वटा आधारभूत बिद्यालय छनौट | -८ कक्षाको बिषयगत सिकाई उपलब्धी मापन गर्न एसईई मोडेलमा परीक्षा सञ्चालन गर्दा संस्थागत बिद्यालयमा अंग्रेजी (५८), गणित (४५), विज्ञान (५०) र नेपाली (५४) बिषयको प्राप्तांक प्रतिशत रहेको ।<br>-आबश्यक शैक्षिक जनशक्ती नहुनु ।<br>-शिक्षकले तालिमको सिप कक्षाकोठामा प्रयोग नगर्नु ।<br>-शिक्षणमा शैक्षिक सामग्रीको निर्माण र प्रयोग नहुनु ।<br>-अपेक्षित सिकाई उपलब्धी हाँशिल नहुनु ।<br>-पाठयोजना निर्माण गरी शिक्षण सिकाईका क्रियाकलाप नगर्नु ।<br>-शिक्षण सिकाइ क्रियाकलाप प्रविधिसँग नजोडिनु, प्रयोग नगर्नु ।<br>-केही शिक्षकहरुको शिक्षणमा लापरवाही गर्ने मनोवृती हट्न नसक्नु ।<br>-बिद्यालय व्यवस्थापन समितिका बैठकहरुमा शैक्षिक गुणस्तरका एजेण्डाहरु कमै उठ्नु ।<br>-प्रस्तावित मावि र आविमा तह अनुसारको योग्यता भएको प्रधानाध्यापक नहुनु ।<br>-प्रधानाध्यापकलाई | | | | -अभिभावक शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने ।<br>-बिद्यालयमा शिक्षा मनोविमर्शकर्ताको व्यवस्था गर्ने ।<br>-योजना निर्माण गरी शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने ।<br>-सूचक तयार गरी अनुगमन तथा मुल्यांकन गर्ने ।<br>-शिक्षक सहयोगी अनुगमन प्रणालीको विकास गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| गरी टिच फर नेपालको सहकार्यमा बिषयविज्ञहरुमार्फत शिक्षकहरुको गुणस्तर सुधारको काम भएको ।<br>-०-३ मावि शिक्षक दरवन्दी भएका बिद्यालयमा टिच फर नेपालको सहकार्यमा २० जना अंग्रेजी, गणित र बिज्ञान बिषयका प्रज्ञार्थी शिक्षकहरुको व्यवस्था भएको ।<br>-तेस्रो पक्ष (टिच फर नेपाल) बाट शिक्षा सम्बन्धी निरन्तर बहुआयामिक अध्ययन, अनुसन्धान गरी शिक्षा क्षेत्रको बस्तुस्थिती बिश्लेषण भैरहेको ।<br>-प्राबिधिक शिक्षा सञ्चालन गर्ने बिद्यालयमा थप अनुदान र प्रोत्साहनको व्यवस्था भएको ।<br>-एस्इइ दिएका र पढाइ छोडेका बिद्यार्थीहरुलाई छोटो अवधिका सिपमुलक तालिमहरु प्रदान भैरहेको ।<br>-शिक्षकहरुलाई क्षमता विकासका तालिमहरु प्रदान भैरहेको ।<br>-केही सामुदायिक बिद्यालयको पर्याप्त जग्गा भएको । | बिद्यालय सञ्चालन सम्बन्धी अधिकारमा कमी ।<br>-शिक्षकहरुलाई प्रोत्साहनको कमी ।<br>-लामो समयसम्म शिक्षक बिदामा रहँदा पढाइमा समस्या ।<br>-निरन्तर बिद्यार्थी मुल्यांकन पद्धती प्रभावकारीरुपमा कार्यान्वयन नहुनु ।<br>-बिद्यार्थीहरुले कक्षा छोड्ने प्रवृती ।<br>-बिद्यालय व्यवस्थापनलाई अभिभावकहरुले प्रभाव पार्न नसक्नु ।<br>-पुरानो र नयाँ पुस्ताका शिक्षकहरुबीच मनोवैज्ञानिक अन्तर हुनु ।<br>-बिद्यालयले अभिभावकहरुसँग उचित समन्वय गर्न नसक्नु ।<br>-अभिभावकहरुमा बिद्यालयप्रति अपनत्व महशुस हुन नसक्नु ।<br>-बालमैत्री बिद्यालयको राष्ट्रिय प्रारुप पूर्णरुपमा लागू नभएको ।<br>-नगरपालिकाले तयार गरेको शैक्षिक क्यालेण्डर अनुसार पढाइ हुने समय नपुगेको ।<br>-दैनिक पाठनोट विना पठनपाठन हुनु ।<br>-पाठ्यक्रममा नभई पाठ्यपुस्तकमा मात्रै आधारित पठनपाठन हुनु । | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | -पाठ्यक्रमका बिषयबस्तुलाई जीवनउपयोगी सिपका रुपमा उपयोग गर्न नसक्नु ।<br>-शिक्षक निर्देशिकाको पालना र सन्दर्भ सामग्रीको प्रयोग नहुनु ।<br>-शिक्षकहरुमा उत्प्रेरणा र सिर्जनशिलताको कमी ।<br>-बिषयविज्ञसहितको बिद्यालयको अनुगमन अत्यन्त कम हुनु ।<br>-शिक्षकहरुलाई शिक्षण सिकाईसँग सम्वन्धित मागमा आधारित तालिमहरु नहुनु ।<br>-निजी बिद्यालयका संरचना तथा सरकारी बिद्यालयसँगको दूरी मापदण्ड अनुसार नहुनु ।<br>-सामुदायिक तथा संस्थागत बिद्यालयका निजी स्रोतका शिक्षक, कर्मचारीको पारिश्रमिक कम हुनु ।<br>-कानूनीरुपमा बिद्यालयको सेवाक्षेत्र निर्धारण नहुनु । | | | | |
| **स्वास्थ्य र पोषण** | | | | | |
| -राप्ती प्रादेशिक अस्पताल भएको ।<br>-राप्ती प्रादेशिक अस्पतालमा एकद्वार संकट व्यवस्थापन प्रणाली ( ओसिएम्सी) सञ्चालन | -अस्पतालमा बिशेषज्ञ चिकित्सकको दरवन्दी कम भएको ।<br>-भएका बिशेषज्ञ चिकित्सक टिक्न कठिन ।<br>-अस्पतालमा पर्याप्त | -गुणस्तरीय उपचारात्मक सेवा प्रवाह नहुनु ।<br>-बिरामीहरु अन्य अस्पतालमा रिफर हुनु ।<br>-उपचारमा आर्थिक भार बढ्नु । | -बिशेषज्ञ चिकित्सकलाई आवश्यक उपकरण र आर्थिक आर्जनका अवसर कम हुनु ।<br>-बिशेषज्ञ | **आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच बृद्धि गरी स्वस्थ जीवनशैलीको विकास** | -नगरवासीहरुलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने ।<br>-अस्पतालबाट प्रदान गरिने सेवा सुबिधाहरुबारे नागरिकलाई जानकारी दिने । |

| | | | | | |
|---|---|---|---|---|---|
| भएको ।<br>-राप्ती प्रादेशिक अस्पतालमा दमका रोगीहरुलाई प्रतिव्यक्ती बार्षिक ५० हजारसम्मको निशुल्क औषधि उपचारको व्यवस्था रहेको ।<br>-राप्ती प्रादेशिक अस्पतालमा पाठेघर खसेका महिलालाई निशुल्क अप्रेशन सेवा भएको ।<br>-निशुल्क मृगौला डायलाशिस सेवा सञ्चालन भैरहेको ।<br>-सामाजिक सेवा इकाई स्थापना गरी तोकिएका निशुल्क सेवा दिने गरिएको ।<br>-राप्ती प्रादेशिक अस्पतालमा एच्आइभीबिरुद्ध निशुल्क एआरटी औषधी वितरण भैरहेको ।<br>-प्रादेशिक आयुर्वेद अस्पताल भएको ।<br>-राप्ती आयुर्वेद चिकित्सालय रहेको ।<br>-८ वटा संघीय सरकारबाट हस्तान्तरित स्वास्थ्य चौकीहरु रहेको ।<br>-६ स्वास्थ्य चौकीमा २४ घण्टे आपतकालिन आधारभूत प्रसुती रहेको ।<br>-१० नगर स्वास्थ्य केन्द्र रहेको । | उपकरणहरु नभएको ।<br>-भएका उपकरणहरु पूर्णरुपमा प्रयोगमा नआएको ।<br>-अस्पतालमा पोषण सम्बन्धी छुट्टै संरचना र कार्यक्रम नभएको ।<br>-प्राविधिक दक्ष जनशक्तीहरुको कमी ।<br>-आँखा अस्पतालमा पूर्वाधार कमी रहेको ।<br>-१४ र १५ नं. वडाका पश्चिम भेगमा स्वास्थ्य केन्द्र अभाव रहेको ।<br>-स्वास्थ्य केन्द्रका संरचनाहरु अपांगमैत्री नभएको ।<br>-स्वास्थ्य संस्थाहरुमा पाठेघर खस्ने महिलाहरुका लागि रिडपेसरीको व्यवस्था नभएको ।<br>-सबै स्वास्थ्य केन्द्रमा टिवि उपचारका लागि डट्स व्यवस्था नभएको ।<br>-अत्याधुनिक प्रयोगशाला नभएको ।<br>-एच्आइभी सम्बन्धी सूचना प्रवाह नभएको ।<br>-सिकलसेल एनिमिया र थेलेसेमिया रोगहरुको पहिचान र उपचारको व्यवस्था नभएको ।<br>-स्वास्थ्य केन्द्रहरुमा मनोविमर्शकर्ताहरु नभएको ।<br>-स्वयंसेविकाहरुलाई कुनै | -नसर्ने र दिर्घ रोगका बिरामीहरु बढ्दै जानु ।<br><br>-सरुवा रोगको प्रकोप बढ्नु ।<br>-संक्रामक रोगहरुको प्रकोप बढ्नु ।<br>-आधारभूत सेवामा पहुँच नपुग्नु ।<br>-रोगहरुको पहिचान र निदान नहुनु ।<br>-स्वास्थ्यकर्मीहरुको सिप र दक्षतामा ह्रास हुँदै जानु ।<br>-अनाबश्यक औषधीहरुको अत्यधिक प्रयोग बढ्नु ।<br>- | चिकित्सकहरुको रोजाई घरपायक र सुगम ठाउँ हुनु ।<br>-स्थानीय बिशेषज्ञ चिकित्सक नहुनु ।<br>-स्थानीय बिशेषज्ञ चिकित्सकहरुको पहिचान गरी अवसर दिन नसक्नु ।<br>-बिशेषज्ञ चिकित्सकलाई टिकाउने उपयुक्त योजना नहुनु ।<br>-भएका थोरै बिशेषज्ञ चिकित्सकलाई भार बढी हुनु ।<br>-शहरी क्षेत्रका नागरिकलाई स्थानीय अस्पतालका चिकित्सकहरुको दक्षताप्रति बिश्वास नुहनु ।<br>-स्वास्थ्य संस्थाहरुको स्तरोन्नती हुन नसक्नु ।<br>-अत्यावश्यक औषधी र उपकरणहरु समयमा उपलब्ध नहुनु ।<br>- | **गर्ने ।** | -स्वास्थ्य सेवाहरुको स्तरोन्नती गर्ने ।<br>-स्वास्थ्य संस्थाहरुमा आबश्यक जनशक्तीको व्यवस्थापन गर्ने ।<br>-स्वास्थ्य संस्थाका भवनहरुको निर्माण, मर्मत र प्रवलिकरण गर्ने ।<br>-२४ घण्टे आपतकालिन प्रसुती सेवा (बर्थिङ सेन्टर) बिस्तार गर्ने ।<br>-शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रहरु थप गर्ने ।<br>-आधा घण्टाभित्र मेडिकल अधिकृतको सेवा पाउने व्यवस्था गर्ने ।<br>-परिवार नियोजनको स्मार्ट क्लिनिक सञ्चालन गर्ने ।<br>-तुलसीपुरबजारमा एउटा न्यून शुल्कको उपचार सेवा सञ्चालन गर्ने ।<br>-स्वास्थ्य संरचनाहरुलाई बालमैत्री, महिलामैत्री, अपांगमैत्री र ज्येष्ठ नागरिकमैत्री बनाउने ।<br>-आधारभूत औषधीहरुको समयमै उपलब्धता र बफर स्टकको व्यवस्था गर्ने ।<br>-नसर्ने रोग लागेका विपन्न बर्गका नागरिकलाई निशुल्क औषधीको व्यवस्था गर्ने ।<br>-स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धि गर्ने ।<br>-स्वास्थ्य संस्थाहरुमा आबश्यक औजार तथा उपकरणहरुको व्यवस्था गर्ने ।<br>-पूर्व र पश्चिम क्षेत्र समेट्ने गरी दुईवटा १५ शैयाका |

| | | | | | |
|---|---|---|---|---|---|
| -१ वटा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र रहेको ।<br>-१, १३ र १९ वडामा एम्बुलेन्स सेवा सञ्चालन भएको ।<br>-१ वटा आँखा अस्पताल रहेको ।<br>-१ वटा ब्लड बैंक रहेको ।<br>-४ वटा निजी अस्पतालहरु रहेको ।<br>-२१८ स्वयंसेविकाहरु रहेको ।<br>-५२ जना स्थायी र ४२ जना करार स्वास्थ्यकर्मी र २१ जना करार कार्यालय सहयोगी रहेको ।<br>-३ जना जनरल सर्जन, ३ जना गाइनोक्लोजिष्ट, २ अर्थोपेडिक सर्जन, १ बालरोग बिशेषज्ञ, १ एनेस्थेलोजिष्ट, २ जना रेडियोलोजिष्ट, ३ जना फिजिसियन रहेको ।<br>-आयुर्वेद अस्पतालमा १ बालरोग बिशेषज्ञ, ३ आयुर्वेद चिकित्सक रहेको ।<br>-३ जना नेत्ररोग बिशेषज्ञहरु रहेको ।<br>-८ जना मेडिकल अधिकृतहरु रहेको ।<br>-विपद् तथा महामारीका लागि सबै स्वास्थ्य संस्थामा आरआरटी टिम गठन भइ सम्बन्धित | पनि प्रोत्साहन भत्ताको व्यवस्था नभएको ।<br>-६० बर्ष पुगेका तथा दिर्घ सेवा गरेका स्वयंसेविकाहरुलाई उचित सम्मान नभएको ।<br>-६ बर्गलाई दिइएको निशुल्क स्वास्थ्य सेवा प्राप्त नभएको ।<br>-अत्यावश्यक औषधीहरुको कमी ।<br>-मानसिक रोगीहरुको उपचारको व्यवस्था नभएको ।<br>-स्वास्थ्य संस्थाहरुमा डिएच्आइएस् टु सूचना प्रणाली डिजिटल पद्धतीमा नभएको ।<br>-खोपका लागि कोल्ड चेन भण्डारण, उपकरण र मानवस्रोतको व्यवस्था नभएको ।<br>-स्वास्थ्य संस्थाका भवन निर्माणमा जग्गा प्राप्तीमा समस्या ।<br>-औषधी र उपकरण भण्डारण भवन नभएको ।<br>-स्वास्थ्य संस्थाका भवनहरु पुराना र जिर्ण भएको ।<br>-चिकित्सा मापदण्ड अनुसारका भवनहरु नभएको ।<br>-खोपकेन्द्र भवनहरु नभएको ।<br>-शहरी घना जनसमुदायभित्र परिवार | | | | अस्पताल स्थापना गर्ने ।<br>-निशुल्क मोतिविन्दु शल्यक्रिया अभियानलाई निरन्तरता दिने ।<br>-नगर स्तरमा औषधी तथा खोप भण्डारण भवन निर्माण गर्ने ।<br>-सबै स्वास्थ्य संस्थाहरुमा आधारभूत प्रयोगशालाको व्यवस्था गर्ने ।<br>-नगर स्तरमा अत्याधुनिक पानीजाँचसहितको प्रयोगशाला स्थापना गर्ने ।<br>-स्वास्थ्य विमा कार्यक्रमलाई अनिवार्य लागू गर्ने ।<br>-सबै स्वास्थ्य संस्थाहरुमा पानी, बिजुली र आधारभूत सुबिधाको व्यवस्था गर्ने ।<br>-बिद्यालयमा आँखा, कान र दाँत जाँच कार्यक्रम सञ्चालन गर्ने ।<br>-ग्रामिण क्षेत्रमा निशुल्क स्वास्थ्य शिविर चलाउने ।<br>-स्वास्थ्य संस्थाहरुको बहुप्रकोप लेखाजोखा तथा न्यूनिकरण योजना निर्माण गरी कार्यान्वयन गर्ने ।<br>-स्वास्थ्य तथा पोषण क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने ।<br>-शुन्य होमडेलिभरीलाई निरन्तरता दिने ।<br>-स्वास्थ्य क्षेत्रको क्षमता अभिबृद्धि गरी बिरामी रिफर गर्ने प्रवृतीलाई घटाउने ।<br>-एस्बिए, एम्एल्पी, मनोविमर्श जस्ता अति आबश्यक सेवाकालिन तथा पुनर्ताजगी |

| | | | | | |
|---|---|---|---|---|---|
| सरोकारवालाहरुसँग समन्वय भैरहेको ।<br>-बिएएम्एस्, आयुर्वेद स्वास्थ्य सहायक, नेत्रसहायक, स्टाफ नर्स, हेल्थ असिष्टेण्ट, ल्याव, सिएम्ए लगाएतको पठनपाठन भैरहेको ।<br>-स्वास्थ्य र पोषण सम्बन्धी चेतनामुलक कार्यक्रमहरु सञ्चालन भैरहेको ।<br>-राप्ती आयुर्वेद चिकित्सालयमा हरेक दिन निशुल्क योगासँगै सिलाजित क्याप्सुल र अमृत चिया बितरण गर्ने गरेको ।<br>-ज्येष्ठ नागरिकका लागि निशुल्क अश्वगन्धा चुर्ण र महानारायण तेल वितरण भैरहेको ।<br>-सुत्केरीलाई सतावरी चुर्ण र दशमुल तेल निशुल्क वितरण भैरहेको ।<br>-पूर्ण खोपयुक्त नगरपालिका घोषणा भएको ।<br>-सुत्केरीलाई थप प्रोत्साहन भत्ताको व्यवस्था भएको ।<br>-स्मार्ट छोरी कार्यक्रम सञ्चालन भैरहेको ।<br>-२ वटा पोषण कर्नर तथा बहिरंग उपचार केन्द्र स्थापना भएको । | नियोजन क्लिनिक अभाव ।<br>-परिवार नियोजन सेवा प्रदान गर्न दक्ष जनशक्ती अभाव रहेको ।<br>-आपतकालिन गर्भनिरोधक औषधीहरुको जथाभावी प्रयोग ।<br>-स्वास्थ्य संस्थामा आबश्यक जनशक्ती अभाव ।<br>-२ वटा स्वास्थ्य संस्थामा २४ घण्टे प्रसुती सेवा नभएको ।<br>-समुदायमा पोषण सम्बन्धी सूचनाको अभाव ।<br>-तौल अनुगमनको अबस्था कमजोर रहेको ।<br>-उत्तर प्रसुती सेवाको संख्या न्यून रहेको ।<br>-औषधी ढुवानीमा साधन नभएको ।<br>-बाँझोपनको समस्या ।<br>-रोग लुकाउने समस्या ।<br>-महिनावारी सुकेपछि देखिने समस्याले तनाव ।<br>-निजी औषधी पसलहरुमा अदक्ष जनशक्तीबाट बिरामीको जाँच हुने र जथाभावी औषधीको प्रयोग हुने गरेको ।<br>-लिंग पहिचान गरी असुरक्षित गर्भपतन गराउने प्रवृत्ती ।<br>-स्वास्थ्य संस्थामा न्यूनतम सेवा मापदण्डको व्यवस्थापन नभएको । | | | | तालिमको व्यवस्था गर्ने ।<br>-मानसिक रोग बिशेषज्ञको सुविधासहितको स्वास्थ्य सेवा प्रदान गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| -गाउँघर क्लिनिक सेवा प्रदान भैरहेको ।<br>-खोप क्लिनिकहरु सञ्चालन भैरहेको ।<br>-नगरपालिका कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको ।<br>-निशुल्क मोतिविन्दु शल्यक्रिया अभियान सञ्चालन भैरहेको ।<br>-बिद्यालयमा किशोरीहरुका लागि आइरन चक्की वितरण भैरहेको ।<br>-६ वटा बिद्यालय स्तरीय किशोरीका लागि प्रजनन स्वास्थ्य सूचना केन्द्रहरु रहेको ।<br>-१ वटा मनोसामाजिक विमर्श केन्द्र रहेको ।<br>-३ वटा स्वास्थ्य संजाल रहेको ।<br>-१ वटा महिलाको स्वास्थ्य अधिकारको लागि पैरवी संजाल रहेको ।<br>-स्वास्थ्य शिविरहरु सञ्चालन भैरहेको । | | | | | |
| **खानेपानी तथा सरसफाई** | | | | | |
| -...वटा खानेपानी तथा उपभोक्ता सरसफाई समितिहरु रहेको ।<br>-१८८२१ परिवारले धारा तथा पाइपको पानी खाने गरेको ।<br>-नगर स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समिति रहेको । | -कानूनले गरेको बर्गिकरण अनुसार खानेपानी संस्थाहरुमा स्रोतसाधन उपलब्ध नहुनु ।<br>-बजेट दोहोरिने समस्या ।<br>-पूर्वाधार निर्माणमा संलग्न सरकोकारवालाहरुबीच समन्वयको कमी ।<br>-खानेपानी आयोजनाहरु विना | -पानीको गुणस्तर खस्कनु ।<br>-उपभोक्ताहरुले समयमा पानी नपाउनु ।<br>-पानीजन्य प्रकोपहरु बढ्ने ।<br>-मुहानहरु प्रदुषण हुनु | -खानेपानीमा स्थानीय सरकारको लगानी कम हुनु ।<br><br>-सरसफाईमा जनचेतनाको कमी ।<br><br>-भौतिक संरचनाको | -सुरक्षित खानेपानीमा सबैको पहुंच पुऱ्याई पूर्ण सरसफाईयूक्त नगर बनाउने ।<br>- | -एक घर एक धारा अभियान संचालन गर्ने ।<br><br>-खानेपानी तथा सरसफाईको क्षेत्रमा लगानी विस्तार गर्ने ।<br><br>-पानीको मुहान तथा स्रोतहरुको खोजी गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| -अव्यवस्थित खानेपानी समितिहरु व्यवस्थित हुँदै गएको ।<br>-खानेपानी उपभोक्ता समितिहरु सक्रिय रहेको ।<br>-खानेपानी उपभोक्ता समितिहरु आर्थिकरुपमा सवल भएको ।<br>-खानेपानी उपभोक्ता समितिहरुमा सुशासन कायम हुँदै गएको ।<br>- | स्टिमेट तयार हुनु ।<br>-पानीको स्रोतको अभाव ।<br>-पानीको मुहान तथा स्रोतहरुको संरक्षण नहुनु ।<br>-जथाभावी नदी खोलाजन्य पदार्थको उत्खनन ।<br>-खानेपानी आयोजनाहरुको नियमित रुपमा मर्मत संभार नहुनु ।<br>-खानीपानी आयोजनाहरुमा शुद्धिकरण प्लान्ट नहुनु ।<br>-उपभोक्ताहरुको माग अनुसार धारा वितरण हुन नसक्नु ।<br>- मुहानहरुको आवश्यक सरसफाई नहुनु ।<br>- | ।<br>-महामारीहरु फैलिनु ।<br>- | निर्माण जथाभावी भएकाले ।<br>-जलवायु परिवर्तन ।<br>-स्वास्थ्य प्रति मानिसहरु संवेदनशिल नहुनु ।<br>-सरसफाई प्रति आनीवानीमा सुधार नहुनु ।<br>-खानेपानी उपभोक्ता समुहरु तथा कर्मचारीहरुलाई क्षमता अभिवृद्धि नहुनु ।<br>-मर्मत सम्भार कोष नहुनु ।<br>-खानेपानी संस्थाहरुलाई प्राकृतिक प्रकोपले नोक्सान पुऱ्याउनु ।<br>-खानेपानी उपभोक्ताहरुमा अपन्वत्व र पानी सदुपयोगको कमी ।<br>-गरिइएका क्रियाकलपाहरुको अभिलेखिकरण नहुनु ।<br>-आयोजनाहरुको नियमित अनुगमन नहुनु । | | -खानेपानी तथा सरसफाईको रणनिती योजना निर्माण गर्ने ।<br>-सबै उपभोक्ता संस्थाहरु मर्मत सम्भार कोष स्थापना गर्ने ।<br>-खानेपानी उपभोक्ता संस्थाहरुको विमा बनाउने ।<br>-खानेपानी संस्थाहरुमा भएको दोहोरो लगानीलाई एकद्वार प्रणालीमा लैजाने ।<br>-पानी सुरक्षा योजना निर्माण गरी लागु गर्ने ।<br>-पानी गुणस्तर मापन प्रयोगशाला निर्माण र दक्ष जनशक्तिको व्यवस्था गर्ने ।<br>-पूर्ण सरसफाई अभियान सञ्चालन गर्ने ।<br>- |
| **सामाजिक समावेशीकरण तथा सुरक्षा** | | | | | |

| महिला | | | | | |
|---|---|---|---|---|---|
| -९ वटा महिला सहकारी संस्था भएको ।<br>-३ वटा कृषी महिला सहकारी संस्था रहेको ।<br>-५ हजार ५ सय महिला सहकारीमा आवद्ध भएको ।<br>-५ वटा महिला सम्बन्धी काम गर्ने गैरसरकारी संस्थाहरु रहेको ।<br>-अन्तर पार्टी महिला संजाल रहेको ।<br>-महिला अधिकार सम्बन्धी काम गर्ने बिभिन्न सञ्जालहरु रहेको ।<br>-१ वटा नगरस्तरीय हिंशा प्रभावित महिला तथा बालिकाका लागि उपमेयर अल्पकालिन महिला सुरक्षा सेवा केन्द्र सञ्चालनमा रहेको ।<br>-लैंगिक हिंशा राहत कोष स्थापना भएको ।<br>-ईलाका प्रहरीमा महिला सेलको व्यवस्था भएको ।<br>-सहकारीमा आवद्ध महिलाहरुले बिभिन्न आयआर्जनका कामहरु गरिरहेको ।<br>-संघसंस्थाहरुमार्फत गठन भएका ३६ वटा महिला समूहहरु रहेको ।<br>-संघसंस्थाहरुमार्फत गठन भएका ३ वटा महिला सामुदायिक संस्थाहरु रहेको । | -महिला सहकारीमा विउ पूँजी अभाव ।<br>-महिलालाई व्यवसायीक सिप, तालिम कमी ।<br>-महिला सहकारीलाई तालिम नहुनु ।<br>-महिलाहरुद्वारा उत्पादित सामानहरुको बजारिकरणमा समस्या ।<br>-समूहहरुमा साधन स्रोतहरुको अभाव ।<br>-ग्रामिण भेगका प्रहरी इकाईहरुमा महिला हिंशापिडितले खुलस्तरुपमा समस्या राख्ने वातावरण नभएको ।<br>-महिला समूहहरुमा अपांग र विपन्न बर्गको सहभागीता नभएको ।<br>-महिला समूहहरुमा वित्तिय साक्षरताको कमी ।<br>-हिंशापिडित महिलाहरुलाई न्याय पाउन कठिनाई ।<br>-लैंगिक विभेद्, महिला हिंशा ।<br>-यौनहिंशा, यौनदुर्व्यवहार ।<br>-बहुविवाह, बोक्सी आरोप । | -लैंगिक हिंशा बढ्नु ।<br>-महिलाहरु असुरक्षित हुनु ।<br>-महिलाहरुको गतिशिलतामा कमी ।<br>-आयआर्जन घट्नु ।<br>-आर्थिक बोझ बढ्नु ।<br>-उच्च शिक्षामा अवरोध ।<br>-स्वास्थ्यमा समस्या ।<br>-पारिवारिक विखण्डन हुनु ।<br>-पारिवारिक कलह बढ्नु । | -स्रोत, साधन, न्याय, अवसरमा महिलाको पहुँच नहुनु<br>-पितृसत्तात्मक सोच ।<br>-परम्परागत गलत सोच ।<br>-नीति नियम कार्यान्वयन नहुनु ।<br>-महिलालाई अग्रसर हुने वातावरण नहुनु ।<br>-महिलाको श्रम र सिपको उचित सम्मान नहुनु ।<br>-महिलाहरुलाई कार्यबोझ बढी हुनु । | **लक्षित समूहको सशक्तिकरण गरी अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने ।** | -उपमहानगरपालिकाको लैङगीक तथा सामाजिक समावेशीकरण निति निर्माण गरी कार्यान्वयन गर्ने<br>-लक्षित बर्गको सशक्तिकरणका लागि क्षमता अभिबृद्धि गर्ने ।<br>-लक्षित समूहहरुको निर्णय प्रक्रिया र निर्णायक तहमा पहुँच तथा अर्थपूर्ण सहभागिता बृद्धि गर्ने ।<br>-स्रोत, साधनमा लक्षित बर्गको पहुँच र अवसर अभिबृद्धि गर्ने ।<br>-लैंगिक हिंशा बिरुद्धका नीति नियमहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>-लैंगिक हिंशा बिरुद्धका प्रभावकारी अभियानहरु सञ्चालन गर्ने ।<br>-लैंगिक हिंशाबिरुद्ध पुरुष सहभागिता बृद्धि गर्ने ।<br>-समाजमा महिलामाथि हुने हानिकारक परम्परागत अभ्यासहरु अन्त्यका लागि अभियानहरु सञ्चालन गर्ने ।<br>-महिलाको कार्यबोझ घटाउने कार्यक्रम सञ्चालन गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | -महिला सम्बन्धी कानून कार्यान्वयनमा उदासिनता ।<br><br>-हानिकारक परम्परागत अभ्यासहरु प्रचलनमै रहेको ।<br><br>-निर्णायक तहमा महिला सहभागिता नहुनु ।<br><br>-महिनावारीमा विभेद् । | | | | -महिला अग्रसरतका लागि अनुकूल वतावरण बनाउने ।<br><br>-विपन्न र पछाडि पारिएका महिलाहरुलाई मूल प्रवाहिकरण गर्ने ।<br><br>-महिलाहरुलाई उद्यमशिलताको विकास गर्ने । |
| **बालबालिका** | | | | | |
| -५० वटा बाल क्लवहरु रहेको ।<br>-१७ वडामा बाल संजाल रहेको ।<br>-बालबालिका सम्बन्धी काम गर्ने संस्थाहरु रहेको ।<br>-प्रत्येक वडा कार्यालयमा एक जना बालसंरक्षण संयोजक तोकिएको ।<br>-स्मार्ट छोरी कार्यक्रम सञ्चालन भएको ।<br>-वडानं. ६ बालश्रममुक्त घोषणा भएको ।<br>-बालमैत्री आचारसंहिता निर्माण भएको ।<br>-विपद जोखिममा रहेका वालवालिकाहरुको लागि वालहित कोष रहेको ।<br>-अल्पकालिन ट्रान्जीट होमका लागि वजेट विनियोजन भएको ।<br>-आपतकालिन एवं जोखिम अबस्थामा रहेका बालबालिकाको संरक्षणको लागि अल्पकालिन बालगृह | -वालविवाहमा बृद्धि हुनु ।<br><br>-सामाजिक संजाल तथा मोवाइलको दुरुपयोग ।<br><br>-वालश्रममा वृद्धी हुनु ।<br><br>-कुलत तथा दुर्व्यसनमा पर्नु ।<br><br>-वाल यौन दुर्व्यवहार हुनु ।<br><br>-केही सडक वालवालिकाहरु रहेको ।<br><br>-वालवालिकाहरुलाई माग्ने काममा लगाउनु ।<br><br>-अभिभावक तथा संरक्षक विहिन (परित्यक्त) वालवालिकाहरु हुनु ।<br><br>-वालवालिकाहरुलाई हिंशा हुनु ।<br><br>-पढाई छोडेर काममा जानु । | -वालश्रम र वाल विवाह बढ्नु ।<br><br>-बालवालिकाको पढाई अलपत्र हुनु ।<br><br>-बालबालिकाको स्वास्थ्य जोखिम हुनु ।<br><br>-कुपोषण दर् बढ्नु ।<br><br>-बाल मृत्युदर बढ्नु ।<br><br>-दक्ष जनशक्ती उत्पादन घट्नु । | -जनचेतनामा कमी हुनु ।<br><br>-गरिवीको कारण ।<br><br>-अभिभावकहरुले समय नदिनु ।<br><br>-गलत संगत ।<br><br>-अवसरको कमी ।<br><br>-मनोरञ्जन स्थलहरु नहुनु । | **बालअधिकारको संरक्षण गरी बालबालिकाको समग्र विकास गर्ने ।** | -बालमैत्री स्थानीय शासनलाई प्रवर्द्धन गर्ने ।<br><br>-बाल विवाह अन्त्य गर्ने ।<br><br>-बालश्रममुक्त वडाहरु घोषणा गर्ने ।<br><br>-बाल दुर्व्यसनाबिरुद्ध सचेतना अभियान सञ्चालन गर्ने ।<br><br>-बाल क्लवहरुको क्षमता अभिबृद्धि गर्ने ।<br><br>-अभिभावक तथा संरक्षकविहिन बालबालिकाकाहरुलाई उचित संरक्षणको व्यवस्था मिलाउने ।<br><br>-बालबालिकाको उचित हेरचाहबारे अभिभावकलाई अभिमुखिकरण गर्ने ।<br><br>-बालबालिकालाई मोबाइलको उचित प्रयोगबारे सचेतिकरण |

| | | | | | |
|---|---|---|---|---|---|
| सञ्चालन कार्यबिधि २०७६ तयार भएको । | -छोराछोरी विच विभेद हुनु ।<br>-विपद्को समयमा बालबालिकाको पठनपाठनमा अवरोध । | | | | गर्ने ।<br>-बालहिंशा, दुर्व्यवहार, यौनशोषणबिरुद्ध अभियानहरु सञ्चालन गर्ने । |
| **अपाङगता** | | | | | |
| -वडा तथा नगरस्तरमा अपाङ्ग समन्वय समिति गठन भएको ।<br>- अपाङ्ग महिला सम्बन्धि काम गर्ने संस्था स्थापना भएको ।<br>- दुई वटा विशेष क्षमता भएका वालवालिकालाई पढाउने विद्यालय रहेको ।<br>- अपाङ्गताको क्षेत्रमा काम गर्ने संघसंस्थाहरु रहेको ।<br>-नगरपालिकाद्वारा अपाङ्गहरुलाई सहायक समाग्री वितरण तथा क्षमता अभिवृद्धि भएको ।<br>-....... जना अपाङ्गहरुले अपाङ्ग भत्ता पाएको ।<br>- | -शारिरी अपाङ्गता भएका व्यक्तिहरुका लागि आवासिय विद्यालय नभएको ।<br>- अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक मात्रामा सहायक सामाग्रीको कमी ।<br>-विभिन्न समुह तथा संरचनामा अपाङ्गता भएका व्यक्तीहरुलाई समावेश नगर्नु ।<br>- अपाङ्गता भएका वालवालिकाहरुको अभिभावहरुले उचित हेरचाह नदिनु ।<br>- अपाङ्गता भएका व्यक्तिहरुलाई हेर्ने दृष्टिकोण फरक हुनु ।<br>-भौतिक संरचनाहरु अपाङ्गमैत्री नहुनु ।<br>- अपाङ्गता भएका व्यक्तिहरुको अभिव्यक्तिको लागि दोभाषेको कमी ।<br>-साङ्ग र अपाङ्ग विच विभेद गर्नु | - अपाङ्गता भएका व्यक्तिहरु अपहेलित हुनु ।<br>-हिंसा बढ्नु ।<br>- अपाङ्गता भएका व्यक्तिहरुले क्षमता प्रर्दशन नहुनु ।<br>-शिक्षा पाउने अवसर नपाउनु ।<br>- अपाङ्गता भएका व्यक्तिहरुले सेवा प्राप्तीमा कमी । | - अपाङ्गता भएकालाई हेर्ने फरक दृष्टिकोण ।<br>- अपाङ्गता सम्बन्धि कानूनहरु प्रभावकारी कार्यान्वायन नहुनु ।<br>-कानूनले तोकेको सेवा सुविधा व्यवहारमा नदिनु ।<br>- | | -अपांगता हकहित संरक्षण सम्बन्धी कानूनी प्रावधानहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>-भौतिक संरचना निर्माण गर्दा अपांगमैत्री बनाउने ।<br>-अपांगता भएका व्यक्तीहरुका लागि छात्रावासमा बसेर शिक्षा लिने व्यवस्था मिलाउने ।<br>-अपांगहरुका लागि सिकाई केन्द्र स्थापना गर्ने ।<br>-अपांगता भएका व्यक्तीहरुलाई आवश्यक सहायक सामग्री उपलब्ध गराउने ।<br>-पूर्ण अशक्त अपांगहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण सहज बनाउने ।<br>-नगर र वडा तहका कर्मचारीलाई सांकेतिक भाषा तालिम दिई दोभाषे सम्पर्क व्यक्ती तोक्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | ।<br><br>- अपाङ्गता भएका व्यक्तिहरुका लागि योग्यता अनुसारको रोजगारीको अवसर नहुनु । | | | | -अपांगता भएका व्यक्तीहरुलाई क्षमता अनुसारका सिपमुलक तालिम तथा अनुदानको व्यवस्था गर्ने ।<br><br>-पूर्ण अशक्त र बौद्धिक अपांगता भएका व्यक्तीका अभिभावकलाई हेरचाह सम्बन्धी तालिम दिने । |
| **ज्येष्ठ नागरिक** | | | | | |
| -एक वटा वृद्धाश्रम रहको ।<br>-तीन वटा दिवा सेवा केन्द्र कार्यक्रम रहेको ।<br>-ज्येष्ठ नागरिक नगर संजाल रहेको ।<br>-१९ वटै वडामा ज्येष्ठ नागरिक वडा संजाल रहेको ।<br>-यातायातमा ज्येष्ठ नागरिक आरक्षण सिट र पचास प्रतिशत छुटको व्यवस्था भएको ।<br>-पुस्ता हस्तान्तरण कार्यक्रम रहेको ।<br>-स्वास्थ्य संस्थाहरुमा निशुल्क औषधी उपचारको व्यवस्था रहेको ।<br>-ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरण भएको ।<br>-ज्येष्ठ नागरिकलाई घरदैलोमा स्वास्थ्य जाँच कार्यक्रम भएको ।<br>-ज्येष्ठ नागरिकलाई चेतनामुलक कार्यक्रम भएको । | -बृद्धाश्रममा आर्थिक अभाव ।<br><br>-सबै वडामा दिवा सेवा केन्द्र नभएको ।<br><br>-दिवा सेवा केन्द्रको भवन नभएको ।<br><br>-यातायातमा ज्येष्ठ नागरिकलाई आरक्षण सिट र छुटको व्यवस्था कार्यान्वयन नहुने ।<br><br>-पुरानो र नयाँ पुस्तावीच समन्वय र सहकार्यमा कमी ।<br><br>-ज्येष्ठ नागरिकलाई घरदैलो स्वास्थ्य जाँच कार्यक्रम नियमित नभएको ।<br><br>-अशक्त ज्येष्ठ नागरिकलाई बृद्धभत्ता बुझ्दा बैंकसम्म पुग्न समस्या । | -बृद्धाश्रममा बस्ने बृद्धबृद्धालाई आबश्यक सुविधा पाउन कठिनाई ।<br><br>-सबै वडामा ज्येष्ठ नागरिकहरु भेला, जमघट हुन, समन्वय गर्न नसक्नु ।<br><br>-दिवा सेवा कार्यक्रम सञ्चालनमा कठिनाई ।<br><br>-बृद्धबृद्धालाई गाडीमा यात्रा गर्न कठिनाई ।<br><br>-ज्येष्ठ नागरिकको उपचारमा कठिनाई । | -ज्येष्ठ नागरिकको सिप, दक्षता र ज्ञाण नयाँ पुस्तामा हस्तान्तरण नहुनु ।<br><br>-दिवा सेवा केन्द्रमा साधन स्रोतको अभाव हुनु ।<br><br>-ज्येष्ठ नागरिकलाई अपहेलना हुनु ।<br><br>-ज्येष्ठ नागरिकले प्राप्त गर्ने सेवा प्रभावकारी कार्यान्वयन नहुनु ।<br><br>-राज्यले दिने सेवा सुबिधाबारे ज्येष्ठ नागरिक जानकार नहुनु । | | -राप्ती प्रादेशिक अस्पतालमा ज्येष्ठ नागरिक जेनेटरीक वार्ड स्थापना गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| -ज्येष्ठ नागरिक भेटघाट कार्यक्रम भएको ।<br>-सामाजिक सुरक्षा भत्ता वितरण भैरहेको ।<br>-ज्येष्ठ नागरिकलाई आन्तरिक तिर्थयात्राका लागि बजेट विनियोजन भएको । | | | | | |
| **दलित जनजाती अन्य** | | | | | |
| - नगर तथा वडा स्तरमा दलित संजाल गठन भएको<br>- स्थानीय तहको संरचनामा दलित प्रतिनिधित्व रहेको | - जनसंख्याको आधारमा दलितहरुको लागि बजेट विनियोजन नहुनु | | | | |
| **युवा तथा खेलकुद** | | | | | |
| -४०.३५ प्रतिशत युवा जनशक्ती रहेको ।<br>-नगरस्तरीय युवा संजाल रहेको ।<br>-१९ वटै वडामा वडा स्तरीय युवा संजालहरु रहेको ।<br>-नगर स्तरमा नमूना युवा संसद् रहेको ।<br>-युवा नीति २०७२, युथ भिजन २०२५ र दिगो विकास लक्ष्य कार्यान्वनको चरणमा रहेको ।<br>-१२० जना युवाहरुलाई उद्यमशिलता विकास तालिम दिएको ।<br>-२००० जनालाई लागू औषध दुर्व्यसन न्यूनिकरण सम्बन्धी युवा परामर्श कार्यक्रम सञ्चालन भएको ।<br>-युवा प्रतिभा पहिचान | -युवाहरु वेरोजगार हुनु ।<br>-युवाहरुमा प्राबिधिक सिप, क्षमताको कमी ।<br>-युवाहरुमा कामप्रति उदासिनता ।<br>-उद्यमशिलतामा चासो नहुनु ।<br>-कुलत, दुर्व्यसनमा लाग्नु ।<br>-युवाहरु अपराधमा संलग्न हुनु ।<br>-युवाहरु विदेश पलायन हुनु ।<br>-युवाहरुमा सिर्जनशिलतामा कमी ।<br>-युवाहरुमा नैतिक शिक्षाको कमी ।<br>-युवाहरुमा लगानीमैत्री वातावरणको कमी ।<br>-युवाहरुलाई अभिभावकहरुको सही मार्गदर्शन नहुनु ।<br>-युवाहरुलाई पर्याप्त अवसरहरु नहुनु । | -उत्साहमा कमी ।<br>-काम गर्ने क्षमतामा कमी ।<br>-निराशा बढ्नु ।<br>-बेरोजगारी बढ्नु ।<br>-आम्दानी घट्नु ।<br>-उत्पादनमा ह्रास आउनु ।<br>-युवा सहभागितामा बाधा ।<br>-सक्षम युवाहरुको कमी ।<br>-समाजमा अपराध बढ्नु ।<br>-घरायशी कलह बढ्नु ।<br>-उद्योग व्यवसायमा लगानी कमी हुनु ।<br>-युवाहरुको स्वास्थ्य बिग्रनु । | -युवा तथा खेलकूद क्षेत्रमा आवश्यक बजेट विनियोजन नहुनु ।<br>-युवा र खेलाडीहरुका लागि उचित वातावरणको कमी ।<br>-युवा तथा खेलकूद लक्षित कार्यक्रमहरु कम हुनु ।<br>-युवा प्रतिभाहरुको पहिचान र प्रोत्साहनमा कमी ।<br>-युवा उद्यमशिलताका कार्यक्रमहरु कम हुनु ।<br>-युवा उद्यमशिलताका लागि अनुदानको व्यवस्था नहुनु ।<br>-युवाहरुमा जीवन उपयोगी सिपको कमी ।<br>-सफल युवाहरुको | **दक्ष तथा सिपयुक्त आत्मनिर्भर युवा तथा खेलाडी तयार गर्ने ।** | -दक्ष तथा सिपयुक्त युवा तयार गरी रोजगार सिर्जना गर्ने ।<br>-युवा प्रतिभाको पहिचान र खोजी गरी प्रोत्साहन गर्ने ।<br>-युवाहरुलाई उद्यमशिलतातर्फ आकर्षित गर्ने ।<br>-शिक्षामा युवा उद्यमशिलतालाई जोड्ने ।<br>-युवा दुर्व्यसनी घटाउन सचेतना अभवृद्धि गर्ने ।<br>-युवा उद्यमीहरुलाई सहुलियतपूर्ण कर्जाका लागि व्यवस्था तथा वित्तिय संस्थासँग समन्वय गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| कार्यक्रम भएको । <br>-सामाजिक अभियानहरुमा युवाहरुलाई परिचालन गरिएको । <br>-युवाहरुको नेतृत्व विकास तालिमहरु सञ्चालन भैरहेको । <br>-ग्रामिण युवा उद्यम कार्यक्रम सञ्चालन प्रक्रियामा रहेको । <br>-तुलसीपुर'स्पोर्ट सिटी' का रुपमा विकास भैरहेको । <br>-बेलझुण्डीमा १ वटा राष्ट्रियस्तरको सिन्थेटिक ट्र्याकसहितको एथ्लेटिक्स/फुटबल रंगशाला रहेको । <br>-तुलसीपुरको वडानं. ६ मा १ वटा बहुउद्धेश्यीय कराँते कभर्ड हल रहेको । <br>-तुलसीपुरको ६ नं. वडामा १ वटा टेबुलटेनिस हल रहेको । <br>-तुलसीपुरको वडानं. ९ मा १ वटा कराँते हल रहेको । <br>-तुलसीपुरको ५ नं. वडामा अरनीको खेल मैदान रहेको । <br>-तुलसीपुरको ६ नं. वडामा गौरीगाउँ खेल मैदान रहेको । <br>-तुलसीपुरको १५ नं. वडामा कोठरी खेलकूद मैदान रहेको । <br>-तुलसीपुरको ३ नं. वडामा २ वटा, ४ मा १ वटा, ७ नं. मा १ वटा, ८ नं. मा १ वटा, ९ मा १ वटा र १९ मा १ वटा खेलकूद मैदानहरु रहेको । <br>-........जना अन्तर्राष्ट्रिय खेलाडीहरु रहेको । | -व्यवसायमा स्वस्त प्रतिस्पर्धाको कमी । <br>-युवाहरु गलत काममा प्रयोग हुनु । <br>-सामाजिक गतिबिधिमा युवाहरुको सहभागिता कम हुनु । <br>-युवाहरुमा सकारात्मक सोचको कमी । <br>-श्रमलाई सम्मानित पेशाका रुपमा नलिनु । <br>-युवाहरुले रुची अनुसारको शिक्षा पाउन नसक्नु । <br>-सुबिधासम्पन्न रंगशाला, खेलमैदान, कभर्डहल पर्याप्त नहुनु । <br>-नियमित प्रशिक्षण र बिषयगत प्रशिक्षक नहुनु । <br>-नियमितरुपमा राष्ट्रिय तथा अन्नतर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरु नहुनु । <br>-खेलाडीलाई उचित प्रोत्साहन नहुनु । <br>-खेलकूद व्यवसायीकरुपमा विकास नहुनु । <br>-खेलाडीहरु खेल क्षेत्रबाट आत्मनिर्भर हुन नसक्नु । <br>-खेलाडीहरुलाई आबश्यक पौष्टिक आहारको व्यवस्था हुन नसक्नु । <br>-खेलाडीलाई उचित सम्मान र पुरस्कारको व्यवस्था हुन नसक्नु । <br>-अभिभावकहरुले खेलकूदलाई प्राथमिकता नदिनु । | -स्वदेशी पूजी पलायन । <br>-युवाहरु विलासिताभोगी हुनु । <br>-खेलाडीको मनोबल घट्नु । <br>-दक्ष प्रतिस्पर्धी खेलाडी उत्पादन नहुनु । <br>-राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादन नहुनु । <br>-आर्थिक गतिबिधि घट्नु । <br>-खेलमैदानहरुमा खेलकूद प्रतियोगिता सञ्चालनमा कठिनाई । <br>-स्वस्थ र अनुशासित नागरिक उत्पादनमा कमी । <br>-युवाहरुको शारीरिक तथा मानिस विकासमा बाधा । | अनुभव अन्य युवाहरुमा हस्तान्तरण नहुनु । <br>-सहुलियतपूर्ण कर्जाबारे युवाहरुमा ज्ञान तथा अग्रसरता नुहुनु । | | -युवाहरुको नेतृत्व विकासमा जोड दिने । <br>-युवाहरुको बिदेश पलायन रोक्न कार्यक्रम सञ्चालन गर्ने । <br>-युवा लक्षित कार्यक्रमहरुमा लगानी बृद्धि गर्ने । <br>-दक्ष तथा उत्कृष्ट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी तयार गर्ने । <br>-नियमितरुपमा पर्याप्त खेलकूद प्रतियोगिताहरुको आयोजना गर्ने । <br>-बिधागत खेलकुद प्रतियोगिताहरु आयोजना गर्ने । <br>-राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता आयोजना गर्ने । <br>-खेलकूदका पूर्वाधार तथा संरचनाहरु निर्माण गर्ने । <br>-खेलाडीहरुलाई प्रोत्साहन कार्यक्रमहरु सञ्चालन गर्ने । <br>-बिषयगत खेल प्रशिक्षकहरुको व्यवस्था गर्ने । <br>-खेलाडीहरुलाई नियमित खेल प्रशिक्षण सञ्चालन गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| -.......जना राष्ट्रिय खेलाडीहरु रहेको ।<br>-......जना प्रदेश स्तरका खेलाडीहरु रहेको ।<br>-....जना राष्ट्रिय रेफ्रीहरु रहेको ।<br>-......जना खेल प्रशिक्षकहरु रहेको ।<br>-आठौं राष्ट्रिय खेलकूद प्रतियोगिताका साथै राष्ट्रिय स्तरका प्रतियोगिताहरु सञ्चालन भैरहेको ।<br>-नगरस्तरीय खेलकूद प्रतियोगिताहरु भैरहेको ।<br>-मेयरकप फुटबल प्रतियोगिता सञ्चालन भैरहेको ।<br>-मैत्रीपूर्ण खेलहरु सञ्चालन भैरहेको ।<br>-राष्ट्रपति रनिङ शिल्ड सञ्चालन भैरहेको । | | | | | -एक बिद्यालय-एक खेल प्रशिक्षकको व्यवस्था गर्ने ।<br>-एक वडा-एक खेलमैदान, एक वडा-एक कवर्ड हल निर्माण गर्ने । |
| **कला, साहित्य, संस्कृति** | | | | | |
| -दशैं, तिहार, कृष्ण जन्माष्टमी, तीज, माघी, अट्वारी, होली, चैते दशैं, शिवरात्री, गाईजात्रा, रोपाईजात्रा, बकर ईद्, क्रिस्मस आदि पर्वहरु मनाउने गरिएको ।<br>-थारु, मगर, नेवार भाषाहरु रहेको ।<br>-थारु समुदायमा गुरै पूजा हुने गरेको ।<br>-थारु समुदायमा तान्त्रिक उपचार बिधि रहेको ।<br>-थारु समुदायमा सृष्टिसँग सम्बन्धित पौराणिक गितहरु | -स्थानीय कला संस्कृती लोप हुँदै गएको ।<br>-कला संस्कृतीप्रति नयाँ पुस्ताको चासो नहुनु ।<br>-कला संस्कृतीको पुस्ता हस्तान्तरण नहुनु ।<br>-कला संस्कृतीको संरक्षणमा उदासिनता ।<br>-स्थानीय सरकारसँग भाषा सम्बन्धी तथ्यांक उपलब्ध नहुनु ।<br>-मातृ भाषा बोल्नेहरुको संख्या कम हुनु ।<br>-भाषाको संरक्षण नहुनु ।<br>-एउटै मातृभाषा बोल्नेहरु एकै | -बाह्य संस्कृती मौलाउने ।<br>-पहिचान र मौलिकता गुम्दै जानु ।<br>-असामाजिकिकरण बढ्नु ।<br>-प्रकृति संरक्षणमा ह्रास आउनु ।<br>-मातृभाषा लोप हुँदै जानु ।<br>-परम्परागत कला सिपहरु हराउँदै जानु ।<br>-परम्परागत सिपमा आधारित अर्थतन्त्र | -आधुनिक बाजागाजाहरुको प्रभाव बढ्नु ।<br>-स्थानीय कला संस्कृतीको महत्व नबुझ्नु ।<br>-कला संस्कृती, परम्परा राज्यले नचिन्नु ।<br>-आफ्नो परम्परा, कला, संस्कृती चिन्न नसक्नु ।<br>-कला संस्कृती नयाँ पुस्तामा हस्तान्तरण नहुनु ।<br>-संयुक्त परिवारको प्रचलन घट्नु । | **कला, संस्कृती र पहिचानको संरक्षण गरी सुसंस्कृत समाजको विकास गर्ने ।** | -स्थानीय कला, संस्कृतीको संरक्षण र सम्वर्द्धन गर्ने ।<br>-स्थानीय बाजाहरुको संरक्षण, सम्वर्द्धन र व्यवसायीकरण गर्ने ।<br>-नाट्यघरहरुको स्थापना गर्ने ।<br>-स्थानीय भाषा, साहित्य, कला, संस्कृतीको खोज, अनुसन्धान गर्ने ।<br>-स्थानीय भाषा, साहित्य, कला, संस्कृतीको प्रचारप्रसार गर्ने ।<br>-कला, संस्कृतीमा योगदान गर्नेहरुलाई प्रोत्साहन गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| रहेको ।<br>-थारु समुदायमा महाभारतमा आधारित बर्कीमार, रामायणमा आधारित रामबिग्राहा, पुराणमा आधारित कृष्ण जन्माष्टमीमा गाइने गित, विवाहमा गाइने माँगर, सजना, मैना, ढमार, वनगित्वा र दशैंमा गाइने सखिया गितको प्रचलन रहेको ।<br>-भोटेमेला, सुकीदह मेला, सुवाकोटी मेला, शिवरात्री मेला आदि रहेको ।<br>-थारु, मगर, नेवार, गुरुङ संस्कृती रहेको ।<br>-थारु समुदायमा सखिया, बड्का नाच, कट्घोरी, झुम्रा, छोक्रा नाच, लाखे नाच, सोरठी, टप्पा, झ्याउरे, मयूर नाचहरु रहेको ।<br>-सारंगी, पञ्चेबाजा, चमारे बाजा, मुरली, मादल आदि बाजाहरु रहेको ।<br>-थारु, नेवारी, मगर पोशाकहरु रहेको ।<br>-थारु भाषाको खोज, अनुसन्धान तथा प्रकाशनहरु भैरहेको ।<br>-बिभिन्न साहित्यिक, साँस्कृतिक संघ संस्थाहरु रहेको । | बस्तीमा नहुनु ।<br>-थारु समुदायमा रहेको प्रगन्ना संरचनाको अध्ययनमा कमी ।<br>-कला संस्कृतीको सिप व्यवसायीक रुपमा विकास हुन नसक्नु ।<br>-पौराणिक कला संस्कृती, गितसंगितहरु लिखितरुपमा नहुनु ।<br>-कला संस्कृती प्रदर्शन गर्ने स्थलको अभाव ।<br>-बाह्य संस्कृती हावी हुनु ।<br>-स्थानीय बाजाहरु लोप हुँदै जानु ।<br>-कला संस्कृती संरक्षण हुन नसकेको ।<br>-प्रकृतीसँग जोडिएका संस्कार हराउँदै जानु ।<br>-श्रुतीमा आधारित कला संस्कृतीको अभिलेखिकरण नहुनु ।<br>-थारु भाषाको खोज, अनुसन्धान तथा प्रकाशनहरु पर्याप्त हुन नसकेको । | कमजोर हुनु ।<br>-हस्तकलाका उत्पादनहरु कम हुँदै जानु ।<br>-परनिर्भरता बढ्नु ।<br>-समुदाय बिशेषमा नेतृत्वकर्ताहरु हराउँदै जानु । | -कला संस्कृती संरक्षणमा लगानी कम हुनु ।<br>-सामाजिक असहिष्णुता र असुरक्षा । | | -समयसमयमा स्थानीय कला, संस्कृतीको प्रदर्शनी गर्ने ।<br>-श्रुतीमा आधारित कला संस्कृतीको अभिलेखिकरण गर्ने ।<br>-खोज अनुसन्धानका लागि बिभिन्न शैक्षिक संस्था तथा अनुसन्धान केन्द्रहरुसँग समन्वय गर्ने । |

### ३.१.२.३ पूर्वाधार विकास

तुलसीपुर उपमहानगरपालिकाको समृद्धिका लागि पुर्वाधार विकास तथा भौतिक संरचनाको महत्वपूर्ण भूमिका रहन्छ। यस उपमहानगरपालिकामा पक्की सडक १२०.१८ किमी,पिसिसी सडक १.२२ किमी,ग्राभेल सडक ४०२.१२ किमी र कच्चि सडक ३९०.६९ किमी रहेको छ। राप्ती राजमार्गको ३५.६९ किमी, घोराही-तुलसीपुरसडकको ११.३५ किमी र तुलसीपुर-पुरन्धारा सडकको ४.९७ किमी, घोराही-हापुर-रक्षाचौर सडकको १७.७२ किमी, पवननगर-शान्तिनगर-बाघमारे सडकको ५.६८ किमी सडक तुलसीपुरउपमहानगरमा पर्दछन। उपमहानगरपालिकाले नगर सडक यातायात गुरुयोजना तयार गरी काम थालेको छ । नगरका सबै वडाहरुमा सडकको पहुँच भएकपुगेको छ। उपमहानगरमा सडकहरुको चार प्रकारले बर्गिकरण गरि ८ देखि २० किलोमिटरको मापदण्ड कायम गरिएको छ। उपहानगरपालिकाले तुलसीपुर विकास प्राधिकरण मार्फत सडक निर्माण को कामगरिरहेको छ। तुलसीपुरमा टरिगाउँमा विमानस्थल रहेको छ। त्यसैगरी नगरमा एउटा आधुनिक बसपार्क रहेको छ। नगरका ग्वार खोलामा ३, पातु खोलामा २, बबई खोलामा २, संक्राम खोलामा १, गहते खोलामा २, भमके खेलामा १ गरी ११ वटा मोटरवेल पुल रहेका छन । बबईमा १, हापुर खोलामा १ र ग्वार खोलामा १ गरी ३ मोटरवेल पुल निर्माणाधिन रहेका छन । उपमहानगरपालिकाको ३०,७०३ घरधुरीमा बिधुत पुगेको छ भने ९७० घरधुरीमा सोलार प्रयोग गरिएको छ । उपमहानगरपालिकाको आफ्नै भवन र १६ वटा वडाको आफ्नै भवन रहेका छन। उपमहानगरपालिकाले राष्ट्रिय भवन संहिता लागू गरि नक्सा पासको नीति लिएको छ।

यस उपमहानगरपालिकामा २७ वटा टेलिफोन टावर रहेका छन भने पाँचवटा टावरको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । नगरमा ल्याण्डलाइन टेलिफोन प्रयोगकर्ता ३५८१,मोवाइल प्रयोगकर्ता ....,टेलिभिजन प्रयोगकर्ता २०,६८१,रेडियो प्रयोगकर्ता ६,६७१ र एडिएसएल् इन्टरनेट प्रयोगकर्ता १५२१ रहेका छन। यहा एउटा ईलाका हुलाक र आठओटा अतिरिक्त हुलाक पनि रहेका छन । यस नगरमा ५ वटा एफ्एम् रेडियो रहेका छन । उपमहानगरमा सूचना तथा प्रविधि शाखा रहेको छ भने उपमहानगरको आफ्नै वेवसाइट, टोलफ्रि नम्बर र मोवाइल एप्स रहेको छ।

तिव्र शहरीकरण भैरहेको यस उपमहानगरपालिकामा कम स्रोतका विच सडक तथा पुर्वाधार निर्माण र स्तरउन्नति चुनौतिको विषय वनेको छ तरपनि सिमित स्रोत र साधनको समुचित प्रयोग वाट यो चुनौतिको सामना गर्न जरुरी छ। यसका साथै नगरले एकीकृत बस्ती विकासको नीति वनाइ कार्यान्वयन गर्न जरुरी छ।

तालिका ३ : भौतिक पूर्वाधार  विकास क्षेत्रको सवल पक्ष  समस्या, सवाल र लिनुपर्ने कार्य नीतिहरु

| सवल पक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उद्धेश्य | लिनुपर्ने कार्य नीतिहरु |
|---|---|---|---|---|---|
| **सडक तथा यातायात** | | | | | |
| -पक्की सडक १२०.१८ किमी<br>-पिसिसी सडक १.२२ किमी<br>-ग्राभेल सडक ४०२.१२ किमी<br>-कच्ची सडक ३९०.६९ किमी<br>-राप्ती राजमार्गको ३५.६९ किमी, घोराही-तुलसीपुरसडकको ११.३५ किमी र तुलसीपुर-पुरन्धारा सडकको ४.९७ किमी, घोराही-हापुर-रक्षाचौर सडकको १७.७२ किमी, पवननगर-शान्तिनगर-बाघमारे सडकको ५.६८ किमी सडक तुलसीपुरउपमहानगरमा भएको ।<br>-नगर सडक यातायात गुरुयोजना निर्माण भएको ।<br>-सबै वडाहरुमा सडकको | -वडानं. १, ३, ४, १३ र १९ का पहाडी क्षेत्रका ......बस्तीमा सडक नपुगेको ।<br>-पहाडी र ग्रामिण क्षेत्रमा सडकको स्तरोन्नती नभएको ।<br>-पहाडी क्षेत्रमा बर्षायाममा यातायात सञ्चालनमा समस्या भएको ।<br>-बजेट अभावका कारण सडकको पूर्णता हुन नसक्ने, निर्माणको काम अपूरो हुने ।<br>-सडक मर्मत कोष भएको, बजेट नभएको ।<br>-सडक अतिक्रमण हुने गरेको ।<br>-खानेपानी, बिधुत, टेलिफोन बिस्तार र मर्मतका क्रममा सडक काट्ने समस्या भएको ।<br>-सवारी साधन जथाभावी पार्किङ गर्ने गरेको । | -नागरिक यातायात सेवाबाट बञ्चित ।<br>-बजारको पहुँचमा समस्या ।<br>-कृषी उत्पादन बजारसम्म पुऱ्याउन समस्या ।<br>-दैनिक आवतजावतमा समस्या ।<br>-पहाडी क्षेत्रका उत्पादन सहजै बजारमा पुऱ्याउन समस्या ।<br>-सामान ढुवानी महंगो पर्ने ।<br>-सडकको धुलोले स्वास्थ्यमा असर गर्ने ।<br>-आर्थिक स्तर बृद्धिमा समस्या ।<br>-पर्यटकीय क्षेत्रसम्म पुग्न समस्या । | -बजेट अभाव ।<br>-समयमै सडक मर्मत नहुनु ।<br>-सडक विस्तारका क्रममा स्थानीयवासीहरुबाट अबरोध ।<br>-उपभोक्ताहरुले सडकमा अपनत्व ग्रहण नगर्नु ।<br>-५ वडा भौगोलिकरुपमा विकट हुनु ।<br>-उपभोक्ताहरु समूहहरुसँग प्राबिधिक ज्ञान नहुनु ।<br>-उपभोक्ता समितिहरुलाई आवश्यक तालिम नहुनु ।<br>-डिपिआरविना सडक निर्माण हुनु ।<br>-सडकको प्रभावकारी र नियमित अनुगमन नहुनु ।<br>-व्यवस्थित पार्किङ स्थलहरु नहुनु । | **सडक गुरुयोजना अनुसार उपमहानगरका सबै बस्ती र टोलहरुमा सडक, यातायात पुऱ्याइ आधारभूत सेवामा पहुँच बृद्धि गर्ने ।** | -सडक गुरुयोजनाको प्रभावकारी कर्यान्वियन गर्ने ।<br>-सडकहरुको प्राथमिकिकरण गर्ने ।<br>-आबश्यकता र प्राथमिकताका आधारमा सडकको नियमित मर्मत सम्भार गर्ने ।<br>-प्राबिधिकहरुको डिजाइन र लागत इष्टिमेट अनुसार मात्र सडक निर्माण गर्ने ।<br>-सडक मर्मत कोषमा बजेटको व्यवस्था गर्ने ।<br>-सडकमा उपभोक्ताको अपनत्व ग्रहण गराई सडक मर्मत, सम्भार र संरक्षणमा क्रियाशिल गराउने ।<br>-सडक मर्मत सम्भारकर्ताहरुको व्यवस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| पहुँच भएको ।<br>-वडा स्तरमा सडकको नियमित मर्मत हुने गरेको ।<br>-पक्की सडकहरुको पनि मर्मत हुने गरेको ।<br>-सडकहरुको चार प्रकारले बर्गिकरण गरि ८ देखि २० किलोमिटरको मापदण्ड कायम गरिएको ।<br>-टरिगाउँमा १ वटा विमानस्थल रहेको ।<br>-१ वटा आधुनिक बसपार्क रहेको । | | | | | गर्ने ।<br>-सडक निर्माण गर्दा विपद् जोखिम न्यूनिकरण मापदण्डलाई ख्याल गर्ने ।<br>-सडक निर्माण गर्दा बायो ईञ्जिनियरिङलाई लागत इष्टिमेटमै राख्ने ।<br>-उपभोक्ता समितिलाई आयोजना निर्माण सम्बन्धी तालिमको व्यवस्था गर्ने ।<br>-सडक निर्माणपछि उपभोक्तालाई हस्तान्तरण गरी उनीहरुलाई मर्मत सम्भारप्रति पनि जिम्मेवार बनाउने ।<br>-वातावरणमैत्री सडक बनाई हरियाली प्रवर्द्धन गर्ने ।<br>-सडक सम्बन्धी राष्ट्रिय मापदण्ड २०७० पूर्णरुपमा कार्यान्वयन गर्ने ।<br>-उपमहानगरपालिकाभित्रका सडकहरुको नक्सांकन र नम्बरिङ (मेट्रिक्स एड्रेसिङ सिष्टम) गर्ने ।<br>-नगरस्तरमा पूर्वाधार गुणस्तर मापन प्रयोगशाला स्थापना गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| **पुल** | | | | | |
| -ग्वार खोलामा ३, पातु खोलामा २, बबई खोलामा २, संक्राम खोलामा १, गहते खोलामा २, भमके खेलामा १ गरी ११ वटा मोटरवेल पुल रहेको ।<br>-बबईमा १, हापुर खोलामा १ र ग्वार खोलामा १ गरी ३ मोटरवेल पुल निर्माणाधिन रहेको ।<br>-काला खोलामा एउटा भेन्टेड कजवे रहेको ।<br>- पातु खोला र गहते खोलामा ट्रस पुल निर्माणाधिन रहेको ।<br>-.......झोलुंगे पुलहरु रहेको । | -सबै आबश्यक स्थानमा पुलहरु नभएको ।<br>-बनेका पुलहरुको नियमित मर्मत सम्भार नभएको ।<br>-पुलहरुको समयमै निर्माण सम्पन्न नभएको ।<br>-आबश्यक ठाउँमा कल्भर्टहरुको अभाव भएको ।<br>-भएका पुल, कल्भर्टहरु साँघुरा भएको ।<br>-पुल निर्माणमा बजेट अभाव हुने गरेको । | -आवतजावतमा समस्या भएको ।<br>-दुर्घटना भई मानवीय र भौतिक क्षती भएको ।<br>-नियमित मर्मत सम्भार नहुँदा पुलको आयु घट्ने ।<br>- | -जथाभावी नदी, खोलाजन्य पदार्थ उत्खननले पुलहरु जोखिममा रहेको ।<br>-पुलको भारवहन क्षमताभन्दा बढी भारका सवारी साधन चलाउनु ।<br>-अव्यवस्थित सडक निर्माण तथा जथाभावी खानी उत्खननले बाढी आइ पुलहरु जोखिममा परेको । | **आवश्यक स्थानमा पुल निर्माण गरी यातायातमा सुगमता कायम गर्ने ।** | -अती आबश्यक ठाउँहरुमा पुल र कल्भर्टहरु निर्माण गर्ने ।<br>-सडक सम्बन्धी राष्ट्रिय मापदण्ड र उपमहानगरपालिकाको यातायात गुरुयोजनाको आधारमा चौडाइ अनुसारका पुल, कल्भर्टहरु निर्माण गर्ने ।<br>-आबश्यक ठाउँहरुमा झोलुंगे पुलहरु निर्माण गर्ने ।<br>-पुलहरुको नियमित मर्मत सम्भार र संरक्षण गर्ने ।<br>-पुल मर्मत सम्भार कोषको व्यवस्था गर्ने ।<br>-पुलहरु समयमै निर्माण सम्पन्न गर्न पहल गर्ने । |
| **विद्युत तथा वैकल्पिक उर्जा** | | | | | |
| -सबै वडामा बिधुतको पहुँच पुगेको ।<br>-३०,७०३ घरधुरीमा बिधुत पुगेको ।<br>-९७० घरधुरीमा सोलार प्रयोग भएको ।<br>-माग भए अनुसारको क्षमताको बिधुत आपूर्ती | -सबै वडामा पुगे पनि सबै बस्तीहरुमा बिधुत पुग्न नसकेको ।<br>-समयमा बजेट नआउँदा माग भए अनुसार बिधुत बिस्तारमा समस्या ।<br>-कृषी प्रयोजनका लागि बिधुत विस्तार हुन नसकेको | -उद्योग, व्यवसाय सञ्चालनमा कठिनाई ।<br>-कृषी उत्पादनमा कमी ।<br>-पोल समयमा सार्न नसक्दा सडक लगाएत भौतिक पूर्वाधार निर्माणमा कठिनाई ।<br>-शिक्षा, स्वास्थ्यमा प्रभाव | -आबश्यक बजेट अभाव<br>-प्राबिधिक जनशक्ती अभाव ।<br>-आबश्यक उपकरणको अभाव ।<br>-वडानं. १, ३, ४, १३ र १९ मा भौगोलिक विकटता । | **बिधुत बिस्तार तथा वैकल्पिक उर्जाको विकास गरी उज्यालो तुलसीपुरनिर्माण गर्ने ।** | -सबै घरधुरीमा बिधुत सेवा पुऱ्याउने ।<br>-वैकल्पिक उर्जा उत्पादनका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने ।<br>-मुख्य सडकमा बत्तीको व्यवस्था गर्ने ।<br>-बिधुतका तारहरुलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| गर्न सकिएको ।<br>-लोडसेडिङको समस्या नभएको ।<br>-बिधुतबाट बिभिन्न उद्योग, व्यवसाय सञ्चालन भैरहेको । | ।<br>-सडक साँघुरो भएका कारण पोल विस्तारमा समस्या ।<br>-सडक, खानेपानी, बिधुत र दूरसञ्चारबीच समन्वयको अभाव ।<br>-दक्ष प्राबिधिक जनशक्तीको अभाव । | ।<br>- | -अव्यवस्थित बस्तीका कारण बिधुत बिस्तारमा कठिनाई । | | अण्डरग्राउण्ड गर्ने ।<br>-सडक बत्ती सम्बन्धी राष्ट्रिय मापदण्ड २०७२ लाई अनिवार्य कार्यान्वयन गर्ने । |
| **आवास, वस्ती विकास तथा भवन** | | | | | |
| -उपमहानगरपालिकाको आफ्नै भवन भएको ।<br>-१४ वटा वडाको आफ्नै भवन भएको ।<br>-नक्सा पासको नीति भएको ।<br>-राष्ट्रिय भवन संहिता लागू भएको ।<br>-भवन निर्माणकर्ताहरुलाई भूकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी तालिमको व्यवस्था भएको ।<br>-भूकम्प प्रतिरोधी घर निर्माणका लागि नमूना सिकाई स्थल रहेको । | - उपमहानगरका शाखाहरुलाई पर्याप्त कोठाहरु नभएको ।<br>-कर्मचारी आवासगृह नभएको ।<br>-१२, १३, १४, १८ र १९ वडाको आफ्नै भवन नभएको ।<br>-व्यवस्थित बस्ती विकास नभएको ।<br>-राष्ट्रिय भवन संहिता अनुसार घरहरु निर्माण हुन नसकेको ।<br>-भू उपयोग नीति नबनेको ।<br>-जथाभावी र अव्यवस्थित जग्गा प्लटिङ भैरहेको ।<br>- खोला किनारमा अव्यवस्थित र असुरक्षित बसोबास भएको ।<br>-आधुनिक र वैज्ञानिक विधि अनुसार जग्गा नापी हुन नसकेको ।<br>-भवन संहिता सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु | -गुणस्तरीय सेवा प्रवाहमा कठिनाई ।<br>-खोला किनारका बस्तीहरु बाढीको जोखिममा ।<br>-व्यवस्थित बस्ती नहुँदा पूर्वाधार विकास र मानव स्वास्थ्यमा असर ।<br>-भूकम्प, बाढी र पहिरोको जोखिम बढ्नु ।<br>-जग्गा खण्डिकरण बढ्नु ।<br>-स्मार्ट शहर बन्न समस्या । | -भवन निर्माणमा जनचेतनाको अभाव ।<br>-भवन निर्माणमा दक्ष जनशक्तीको कमी ।<br>-भवन संहिताको कडाइका साथ लागू हुन नसक्नु ।<br>-सामग्रीहरुको प्रयोगमा प्राबिधिक ज्ञानको कमी ।<br>-गुणस्तरीय सामानहरुको प्रयोग नहुनु ।<br>-निर्माण सामग्रीहरुको अभाव ।<br>-सार्वजनिक जग्गाहरुको संरक्षण नहुनु ।<br>-व्यवस्थित बस्ती विकासको योजना नहुनु । | व्यवस्थित बस्ती विकास गरी सुरक्षित आवास निर्माण गर्ने । | -भूउपयोगको नीति निर्माण गरी कार्यान्वयन गर्ने ।<br>-भवन संहिताको कडाईका साथ कार्यान्वयन गर्ने ।<br>-नगरपालिका, वडा कार्यालय र अन्य कार्यालयहरुको भवन निर्माण गरी गुणस्तरीय सेवा प्रवाह गर्ने ।<br>-जग्गा एकिकरण गरी व्यवस्थित बसोबासको व्यवस्था गर्ने ।<br>-स्मार्ट तुलसीपुरनिर्माण गर्ने ।<br>-सार्वजनिक जग्गाहरुको संरक्षण गर्ने ।<br>-अव्यवस्थित जग्गा प्लटिङ रोक्ने ।<br>-न्यून आय भएका परिवारका लागि जनता आवास कार्यक्रम सञ्चालन गर्ने ।<br>-भवन निर्माणका लागि दक्ष जनशक्ती तयार गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | नभएको । | | | | -उपमहानगरपालिकाका सबै घरहरुलाई डिजिटल प्रणालीमा नक्सांकन र नम्बरिङ (मेट्रिक्स एड्रेसिङ सिष्टम) गर्ने । |
| **सूचना तथा संचार प्रविधि** | | | | | |
| -२७ वटा टेलिफोन टावर भएको ।<br>-पाँचवटा टावरको निर्माण कार्य अन्तिम चरणमा पुगेको ।<br>-सबै टावरमा टुजी, थ्रीजी र फोरजी सेवा जडान गरी सञ्चालन भएको ।<br>-ल्याण्डलाइन टेलिफोन ३५८१ वटा<br>-एडिएस्एल् इन्टरनेट १५२१ वटा विस्तार ।<br>-तिव्र गतिको अप्टिकल फाइबर इन्टरनेट ५२ वटा विस्तार भएको ।<br>-इन्टरनेट लिजलाइन ४५ वटा वितरण भएको ।<br>-चारओटा फाइवर डिष्ट्रिव्युसन क्याविनेट (एफ्डिसी) जडान शुरु भएको । त्यसमध्ये एउटाबाट वितरण शुरु भएको ।<br>-टेलिभिजन प्रयोगकर्ता २०,६८१ रहेको ।<br>-रेडियो प्रयोगकर्ता ६,६७१ रहेको । | -घरमाथि टावर राख्ने क्रममा भाडाको समस्या हुने गरेको ।<br>-वनको जग्गामा राख्दा पनि किचलो हुने गरेको ।<br>-बिधुत नियमित नहुँदा व्याकअपले काम गर्न समस्या ।<br>-सडक निर्माण र बिस्तारका क्रममा जानकारी र आबश्यक समन्वय नहुँदा फाइबार काटिने समस्या ।<br>-इन्टरनेट सम्बन्धी बिभिन्न निजी कम्पनीहरुले पोलमा अव्यवस्थित तरिकाले तार राखिदिने, भाडा नतिर्ने समस्या ।<br>-बिधुतले समयमा जडान र मर्मत नगरिदिने ।<br>-मेला, महोत्सव, उत्सव जस्ता ठूलो जनमानस भेला हुने ठाउँमा नेटवर्कको समस्या ।<br>-तथ्यांक संकलन गर्दा सूचना शाखासँग समन्वय नभएको ।<br>-सूचनासँग सम्बन्धित | -सेवा अवरुद्ध हुने ।<br>-घरमाथि राखिने टावर पटकपटक सार्नुपर्ने ।<br>-सडक किनारका संरचनामा क्षती ।<br>-निजि कम्पनीको अव्यवस्थित तारहरुले गर्दा सेवा प्रवाहमा अवरोध ।<br>-गुणस्तरीय सेवा प्रवाहमा कठिनाई ।<br>-सूचनाहरु संकलन, अपडेट र व्यवस्थित हुन नसकेको ।<br>-सेवाग्राहीले आबश्यक सूचना प्राप्त नसक्नु । | -सडक, बिधुत र टेलिकमवीच समन्वय नहुनु ।<br>-वन नीति अव्यवहारिक<br>-विस्तारित तारहरुको प्रभावारी अनुगमन नुहुनु ।<br>-एउटाको पोलमा अर्को कम्पनीको जर्वजस्ती ।<br>-सूचनाप्रति जवाफदेहिता नहुनु ।<br>-तथ्यांकको महत्व बुझ्न नसक्नु ।<br>-शाखाहरुको कार्यविवरण (टिओआर) स्पष्ट नभएको । | | -सडक, बिधुत र दुरसञ्चार सेवा प्रदायक कम्पनीहरुबीच समन्वय कायम गर्ने ।<br>-टेलिफोन टावरहरुको आबश्यक मात्रामा विस्तार गर्ने ।<br>-फाइबर इन्टरनेट सेवा विस्तार गर्ने ।<br>-शाखाहरुको कार्यविवरण (टिओआर) तयार गरी कार्यान्वयन गर्ने ।<br>-सूचना तथा प्रबिधि शाखामा आबश्यक उपकरण र सामग्रीको व्यवस्था गर्ने ।<br>-सबै शाखाहरुले सूचना तथा प्रबिधि शाखामा सूचनाहरु नियमित पठाउने व्यवस्था गर्ने ।<br>-प्रोफाइल अपडेटको सफ्टवेयर तयार गरी नियमित तथ्यांक अपडेट गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| -उपमहानगरमा सूचना तथा प्रविधि शाखा भएको ।<br>-५ वटा एफ्एम् रेडियो भएको ।<br>-एउटा ईलाका हुलाक र आठओटा अतिरिक्त हुलाक रहेको ।<br>-उपमहानगरको वेवसाइट भएको ।<br>-सामाजिक सञ्जालहरु भएको ।<br>-टोलफ्रि नम्बर भएको ।<br>-उपमहानगरको मोवाइल एप्स भएको । | कुरामा सूचना तथा प्रबिधि शाखासँग समन्वय नभएको ।<br>-सूचना शाखामा सूचना तथा आवश्यक उपकरण तथा सामग्रीहरुको अभाव ।<br>-हरेक शाखाको सूचना, प्रगति विवरण सूचना तथा प्रबिधि शाखामा नआउने गरेको । | | | | |

### ३.१.२.४ वातावरण तथा विपद् व्यवस्थापन

तुलसीपुर उपमहानगरपालिकाको कुल भु–भागको ३७.९२ प्रतिशत अर्थात १४५.८० वर्ग कि.मी वन क्षेत्र रहेको छ। त्यसैगरी ८.६२ प्रतिशत अर्थात ३३.१६ वर्ग कि.मी क्षेत्र वुट्यान र १.२७ प्रतिशत अर्थात ४.८७ वर्ग कि.मी क्षेत्र नदि/खोलाले वगटेको छ। यस उपमहानगरपालिकामा १०४ वटा सामुदायिक वनहरु, ९९ वटा दर्ता भएका निजी वनहरु र १ वटा धार्मिक वनहरु रहेका छन। यहा १५२ प्रजातीका वनस्पतीहरु, ४४ प्रजातीका औषधिजन्य वनस्पती र ११२ प्रजातीका चरा रहेका छन भने ९६ वटा वन पैदावरसँग सम्बन्धित उद्योगहरु रहेका छन। यहा बँदेल, जुरे दुम्सी, स्याल, कालो भालु, लोखर्के, सानो न्याउरी मुसा, हुँडार, घोरल, खैरो खरायो, जरायो, पाटे बाघ, चितुवा, फुस्रो फ्याउरो, रातो बाँदर, गुना, रतुवा लगाएतका वन्यजन्तुहरु रहेका छन। साल, साज, बोट धाइरो, धाइरो, अमला, जामुन, अर्जुन, टुनी, दालचिनी, सल्ला, खयर, हाडे, सिसौ, ढौंटी लगाएतका वनस्पती र टिमुर, मालागेडी (सुगन्ध कोकिला), अमला, चोत्रो, हाडे, हर्रो, बर्रो, कुरिल्लो, तितेपाती, दालचिनी लगाएतका जडिबुटी यहा पाइन्छ।

महाभारत, चुरे र दुनको भूबनोट रहेको यस उपमहानगरपालिकामा ४.८७ वर्ग कि.मी. जमिन नदी/खोलाले वगटेको छ। जिल्लाको भू तथा जलाधार व्यवस्थापनको एक नम्बर प्राथमिकतामा तुलसीपुर उपमहानगरका जलाधार क्षेत्र रहेको यस नगरमा बबई, ग्वारखोला, पातुखोला लगाएतका जलाधार/उपजलाधार क्षेत्र रहेका छन। सुकिदह, गौरी ताल, ज्याङ्ते जरुवा, कटाहा, मानपुर जरुवा, रानी जरुवा, ड्वाङपुर लगाएतका तालहरु, जोगीडाँडा निमुवा सोता, चौवा, धनखन्ने कुईरे लगाएतका सोताहरु सिमसार क्षेत्रहरु रहेका छन। यस नगरको गहतेखोलामा नमूना एकिकृत जलाधार व्यवस्थापन भएको छ। भूमि तथा जलाधार क्षेत्रको दिगो संरक्षरणको लागि पारिवारिक निजी वन र कृषि वनको विकास गर्ने प्रसस्त सम्भावना रहेको यस नगरमा मानवनिर्मित तालहरु बनाउने प्रसस्त सम्भावना रहेको छ। वन क्षेत्र वाट प्रशस्त आम्दानी वढाउन योजना निर्माण र कार्यान्वयन गर्न जरुरी छ। वन वातावरण तथा जैविक विविधता संरक्षणका लागी जथाभावी वन फडानी, आगलागी नियन्त्रण तथा वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्न पनि जरुरी छ। यसका साथै नगरले जडिवुटी प्रशोधन गरी वन वाट आयआर्जन वृद्धिको योजना ल्याउनर पर्दछ।

खुला दिसामुक्त घोषणा भएको यस नगरपालिकाले ग्रिन तुलसीपुर-क्लिन तुलसीपुर' अभियान चलेको छ। यस नगरमा २६७८० घरपरिवारमा सेफ्टीट्यांकीसहितको चर्पी, ७८०२ परिवारसँग साधारण चर्पी र ४ स्थानमा सार्वजनिक शौचालयहरु रहेका छन। तुलसीपुर उपमहानगरपालिकामा एउटा डम्पिङ साइट, ५ वटा फोहोर उठाउने गाडीहरु,३० जना सरसफाईकर्मीहरु रहेका छन भने ११२ वटा टोलको फोहोरमैला नगरपालिकाको गाडीमार्फत व्यवस्थापन हुने गरेको छ।

उपमहानगरपालिकाले बिपद् जोखिम न्युनीकरणका नगरपालिकाको विपद् व्यवास्थापन सम्बन्धी ऐन स्थानिय ऐन वनाइ कार्य थालेको छ। त्यसैगरी नगर स्तरीय विपद् व्यवस्थापन समिति गठन, वडा र समुदाय स्तरीय विपद् व्यवस्थापन समति, समुदाय स्तरमा कार्यदल गठन भएको छ। साथै सम्भावित विपद् जोखिम क्षेत्रहरुको पहिचान र उच्च जोखिम क्षेत्रमा सामुदायिक विपद् व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयनको चरणमा छ। नगरमा विपद् व्यवास्थापन कोष स्थापना गरिएको छ। बिपद् पूर्व तयारीका लागि अपनाउनु पर्ने कार्यहरु गरी यस क्षेत्रका जोखिमपूर्ण बस्तीहरुलाई सुरक्षित गर्न उपमहानगरले निर्माण गरिएका ऐन र योजनाहरुको प्रभावकारी कार्यान्वयन गर्नु जरुरी छ।

## तालिका ४ : वन, वातावरण र विपद व्यवस्थापन क्षेत्रको सवल पक्ष, समस्या सवाल र लिनुपर्ने कार्य नीतिहरु

| सवल पक्षहरु | समस्या तथा सवालहरु | तत्कालीन असर | मुख्य कारणहरु | सम्भावित विषयगत उद्धेश्य | लिनुपर्ने कार्य नितिहरु |
|---|---|---|---|---|---|
| **वन, वन्यजन्तु र जैविक विविधता** | | | | | |
| -तुलसीपुरको १४५.८० वर्ग कि.मी. क्षेत्र वनले ढाकेको ।<br>- १४५.८० वर्ग कि.मी. क्षेत्र वुट्यान रहेको<br>-१०४ वटा सामुदायिक वनहरु रहेको ।<br>-९९ वटा दर्ता भएका निजी वनहरु रहेको ।<br>-निजी जमिनमा लगाइएको पारिवारिक निजी वन र कृषि वन प्रशस्त रहेको ।<br>-१ वटा धार्मिक वनहरु रहेको ।<br>-९६ वन पैदावरसँग सम्बन्धित उद्योगहरु रहेको ।<br>-२ वटा सव डिभिजन वन कार्यालय रहेको ।<br>-१५२ प्रजातीका वनस्पतीहरु पाइने गरेको ।<br>-४४ प्रजातीका औषधिजन्य वनस्पती रहेको ।<br>-११२ प्रजातीका चरा रहेको ।<br>-४ प्रकार अति संकटासन्न अवस्थाका र ४ प्रकारका खतराको अबस्थामा रहेको चराहरु रहेको ।<br>-अत्यधिक संकटमा परेका र व्यवसायीक दृष्टिकोणले महत्वपूर्ण कालिज र मयूर | -वनमा डढेलो लाग्ने गरेको ।<br>-वन अतिक्रमण हुने गरेको ।<br>पारिवारिक निजी वन विकासको लागि सरकारी तवरबाट पहल नभएको ।<br>-पारिवारिक निजी वन किसानहरुको वनजन्य उत्पादन बजारीकरण गर्न सहज नभएको ।<br>-विचौलियाको हालीमुहाली भएको ।<br>-पारिवारिक निजी वन किसानहरुलाई आफनो निजी जग्गामा उत्पादित वन काठको परिमाण मापन र त्यसको बजार मुल्यको ज्ञान नभएको ।<br>-वन संरक्षणका सवालमा वन सम्बन्धी स्पष्ट नीति नभएको ।<br>-केही वन समूहहरु निष्क्रिय हुने गरेको । | -जडिबुटी नष्ट, वन्यजन्तुको बासस्थापन नष्ट, वनस्पती ह्रास, भूक्षय, वायु प्रदुषण हुनु ।<br>-पारिवारिक निजी वन किसानहरुको वन हुर्काउने चाहना घटेर जानु ।<br>-वन पैदावरको लागि सरकारी र सामुदायिक वनमा चाप बढ्नु ।<br>-वन्यजन्तुको संख्यामा कमी हुँदै जानु ।<br>-वन क्षेत्र साँघुरिनु - वन्यजन्तु र मानवबीच द्वन्द्व हुनु ।<br>-वनको वास्तविक क्षेत्रफलको तथ्यांक आउन नसक्नु । | - वन समुहहरु सक्रियता नहुनु ।<br>- वनजन्य उत्पादनबाट आयआर्जन नहनु ।<br>- वनको महत्व वारेमा चेतनाको कमी ।<br>- वनमा आगो लगाउने प्रवृत्ति ।<br>- वन क्षेत्रमा अग्नि रेखाहरु निर्माण नगर्नु ।<br>- पारिवारिक निजी वनको वन पैदावर उपयोग र बेचविखनमा झन्झटिलो र खर्चिलो प्रकृया हुनु<br>- पारिवारिक निजी वन किसानहरुलाई सरकारी आफ्ना उत्पादनको बजारीकरणको ज्ञान नहुनु | **वन तथा जैविक विविधताको संरक्षण र दिगो वन व्यवस्थापन गरी उद्यम विकास गर्ने ।** | - वन अतिक्रमण रोक्ने ।<br>- वन आगलागी हुनबाट जोगाउने ।<br>- पारिवारिक निजी वन विकासको लागि किसानहरुलाई सहुलियत ऋण उपलब्ध गराउने<br>- पारिवारिक निजी वनको लागि विमाको ब्यवस्था गर्ने<br>- पारिवारिक निजी वनका उत्पादन ओसारपसार गर्न निजीगत अप्ठारोहरु हटाउन<br>- पारिवारिक निजी |

| | | | | | |
|---|---|---|---|---|---|
| रहेको । <br>-साइटिसले सूचिकृत गरेका १८ प्रकारका चराहरु रहेको । <br>-६ प्रजातीका गिद्धहरु रहेको । <br>-गिद्ध संरक्षण केन्द्र (जटायु रेष्टुरेण्ट) र पशु बृद्धाश्रम स्थापना भएको । <br>-बँदेल, जुरे दुम्सी, स्याल, कालो भालु, लोखर्के, सानो न्याउरी मुसा, हुँडार, घोरल, खैरो खरायो, जरायो, पाटे बाघ, चितुवा, फुस्रो फ्याउरो, रातो बाँदर, गुना, रतुवा लगाएतका वन्यजन्तुहरु रहेको । <br>-साल, साज, बोट धाइरो, धाइरो, अमला, जामुन, अर्जुन, टुनी, दालचिनी, सल्ला, खयर, हाडे, सिसौ, ढौंटी लगाएतका वनस्पती रहेको । <br>-टिमुर, मालागेडी (सुगन्ध कोकिला), अमला, चोत्रो, हाडे, हर्रो, बर्रो, कुरिल्लो, तितेपाती, दालचिनी लगाएतका जडिबुटी पाइने गरेको । | -वनहरुमा सिमाना विवाद् हुने गरेको । <br>-एउटै व्यक्ती धेरै वन समूहमा सदस्य हुने गरेको । <br>-ठूला प्रजातिका रुखहरु कटानीमा समन्वयको अभाव । <br>-चोरी कटानी हुने गरेको । <br>-वनमा मानवीय चलखेल बढी हुने गरेको । <br>-वनमा जथाभावी डोजरको प्रयोग । <br>-वन क्षेत्रमा जथाभावी हर्न लगाएत ध्वनी प्रदुषण हुने गरेको । <br>-चोरी शिकारी हुने गरेको । <br>-मरेको शिनोमा विषादी हालेर अन्य वन्यजन्तु मार्नखोज्ने प्रवृत्ती । <br>-बँदेलबाट बाली नोक्सानी हुने गरेको । <br>-जैविक विविधताको पर्याप्त अध्ययन र अभिलेखिकरण नभएको । <br>- खुला चरिचरण रहेको । | -वन समूहमा सुशासन नहुनु । <br>-वन समूहबीच विवाद् र विवादित क्षेत्र संरक्षणमा कठिनाई । <br>-तथ्यांक दोहोरिनु । <br>-गिद्ध लगाएतका चराहरुलाई बासस्थान पाउन कठिनाई । <br>-विउ उत्पादन नहुनु <br>-सानो विरुवा नहुर्कनु <br>-पंक्षि विस्थापन <br>-वनविनास <br>-वन्य जन्तु हराउदै गएको । | - पारिवारिक निजी वन र कृषि वनमा सरकारी तथा दाता निकायबाट लगानी नगरिनु <br>- जैविक विविधताको प्रसस्त्र मात्रामा खोज, अनुसन्धान, अध्ययन तथा प्रचारप्रसार नहुनु । <br>- जैविक विविधताको संरक्षणमा जानकारी नहुनु । | | वन किसानहरुलाई प्राविधिक क्षमता बृद्धि गर्ने <br>- वृक्षारोपन गर्ने । <br>- नर्सरी स्थापना तथा विरुवा उत्पादन गर्ने । <br>- वन पैदावारहरुको माग र आपूर्तिलाई सन्तुलनमा राख्ने । <br>- वन संवर्द्धनका क्रियाकलाप सञ्चालन गर्ने । <br>- दिगो वन व्यवस्थापनका लागि क्षमता अभिवृद्धि गर्ने । <br>- वन पैदावारमा आधारित उद्योग सञ्चालन गर्ने । <br>- वन तथा पर्यापर्यटनको प्रवर्द्धन गर्ने । <br>- वनजन्य जडिवुटीहरुको उत्पादन, संरक्षण र विकास गर्ने । <br>- वन क्षेत्रको अनुगमन तथा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | समन्वय नियमन प्रणालीलाई प्रभावकारी बनाउने ।<br>- खुला चचिरणलाई व्यवस्थापन गर्ने ।<br>- वन तथा वातावरण क्षेत्रमा योगदान पुऱ्याउनेलाई प्रोत्सान गर्ने ।<br>-वनमा मिनि चिडियाखानाको व्यवस्था गर्ने ।<br>-सामुदायीक वनहरुमा अभिलेख प्रणाली व्यवस्थित गर्ने । |
| **भूमी तथा जलाधार संरक्षण** | | | | | |
| - ४.८७ वर्ग कि.मी. जमिन नदी/खोलाले बगटेको<br>- भू तथा जलाधार व्यवस्थापन कार्यालय तुलसीपुरमा रहेको ।<br>- जिल्लाको भू तथा जलाधार व्यवस्थापनको एक नम्बर प्राथमिकतामा तुलसीपुरउपमहानगरका जलाधार क्षेत्र रहेको ।<br>- महाभारत, चुरे र दुनको भूबनोट रहेको । | -जलाधार तथा सिमसार क्षेत्रको व्यवस्थापन हुन नसक्नु ।<br>-सिमसार, पानीका मुहान, पहिरो गएका र जानसक्ने क्षेत्रको पहिचान र अभिलेखिकरण हुन नसक्नु ।<br>-पानीका मुहानहरु सुक्दै जानु र संरक्षण हुन नसक्नु । | -खोलाहरुमा पानी घट्दै जानु ।<br>-पोखरीहरु सुक्दै जानु ।<br>-खेतीयोग्य जमिनको कटान हुनु ।<br>-जनधनको क्षती हुनु । | -प्राकृतिक स्रोतहरुको संरक्षण तथा व्यवस्थापन प्रभावकारी नहुनु ।<br>-जथाभावी मेशिनहरुको प्रयोग गरी ग्रामिण सडकहरु निर्माण हुनु ।<br>-वातावरणीय प्रभाव मूल्यांकन अनुसार विकाश निर्माणका काम नहुनु ।<br>-जलवायु परिवर्तन । | **भूमी तथा जलाधार क्षेत्रको एकिकृत जलाधार व्यवस्थापन गर्ने ।** | -जलाधार तथा सिमसार क्षेत्र, पानीका मुहान र पहिरोको अध्ययन र अभिलेखिकरण गर्ने ।<br>-तालतलैयाहरु निर्माण तथा विस्तार गर्ने ।<br>-पानीका मुहानहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| - बबई, ग्वारखोला, पातुखोला लगाएतका जलाधार/उपजलाधार क्षेत्र रहेको ।<br>- सुकिदह, गौरी ताल, ज्याङ्ते जरुवा, कटाहा, मानपुर जरुवा, रानी जरुवा, ड्वाङपुर लगाएतका तालहरु रहेको ।<br>- जोगीडाँडा निमुवा सोता, चौवा, धनखन्ने कुईरे लगाएतका सोताहरु रहेको ।<br>- .....वटा सिमसार क्षेत्रहरु रहेको ।<br>- गहतेखोलामा नमूना एकिकृत जलाधार व्यवस्थापन भएको ।<br>- मानवनिर्मित तालहरु बनाउने सम्भावना रहेको ।<br>- भूमि तथा जलाधार क्षेत्रको दिगो संरक्षरणको लागि पारिवारिक निजी वन र कृषि वनको विकास गर्ने प्रसस्त सम्भावना रहेको । | -सिमसार क्षेत्र मासिदै जानु ।<br><br>-बाढी, पहिरो र भूक्षय हुनु ।<br><br>-वन विनास हुनु ।<br><br>-खानी तथा नदि जन्य पदार्थको जथावाफी उत्खनन हुनु ।<br><br>-नगरको उत्तरी पहाडमा जथावाफी चुन ढुङ्गाको उत्खनन गर्नु ।<br><br>-नदीको सतह बृद्धि भइ बहाव परिवर्तन हुनु ।<br><br>-भूमिगत जल सतह घट्दै जानु । | -कृषि उत्पादनको परिमाणात्मक र गुणात्मक क्षती ।<br><br>-जैविक विविधता विनास हुनु ।<br><br>-सिचाई तथा खानेपानीको अभाव ।<br><br>- पानीको रिचार्ज प्रणाली र बहावक्षेत्र खल्बलिनु ।<br><br>-बाढीका कारण पहिरोको प्रकोप बढ्नु । | -चुरे क्षेत्रको कमजोर भूवनोट ।<br>-भिरालो तथा कमजोर जमिनहरुमा अवैज्ञानिक खेती प्रणाली हुनु ।<br>-भूबनोटको ध्यान नराखीकन विकासका पूर्वाधारहरु निर्माण गरिनु<br>-जलाधार क्षेत्रमा रहेको जमिनको स्थायित्वको लागि पारिवारिक निजी वनको व्यवस्थापनलाई ध्यान नदिनु । | | संरक्षण गर्ने ।<br><br>-प्राकृतिक स्रोत, साधनहरुको पहिचान गरी उचित व्यवस्थापन गर्ने ।<br><br>-वातावरणीय अनुकूल हुने गरी खानी उत्खनन् र विकास निर्माणका कामहरु गर्ने ।<br><br>-नदीजन्तय पदार्थको जथाभावी उत्खनन्को नियमन गर्ने ।<br><br>-खोला, नदी कटान, पहिरो, गल्छी, खहरे खोला र ग्रामिण सडक निर्माण गर्दा बायोईञ्जिनियरिङ प्रबिधि अपनाउने ।<br><br>-हाइड्यामहरु निर्माण गर्ने ।<br><br>-बृक्षारोपण गर्ने ।<br><br>-सामुदायिक वनको खाली क्षेत्र, सार्वजनिक जग्गा, वन छेउका प्रति जग्गाहरुमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | वृक्षारोपण गर्ने<br>- पारिवारिक निजी वन विकासको लागि बृक्षारोपण गर्ने ।<br>-वन पैदावरमा आधारित उद्यम स्थापना गरी रोजगारी सृजना गर्ने<br>-शिपविकास तालिप प्रदान गरी उद्यमशिलता विकास गर्ने<br>-नदी किनारका जग्गा संरक्षण गरी नदी उकास जग्गाको व्यवस्थापन गर्ने । |
| **फोहोरमैला, वातावरण तथा स्वच्छता** | | | | | |
